पुराण-चिन्तन

अनुसन्धानात्मक कृति

भाग - २




नवराज घिमिरे

पुराण-चिन्तन

अनुसन्धानात्मक कृति

भाग-२



•

नवराज घिमिरे

पुराण-चिन्तन

प्रकाशिका : मञ्जुश्री बराल

कम्प्यूटर : सरस्वती घिमिरे

संस्करण : प्रथम

प्रति : ५०० प्रति

प्रकाशन मिति : २०७७ छठ पर्वको पावन अवसरमा

मुद्रण : मेट्रोफाइन प्रेस प्रा.लि. (०१-४२४३९४६)

मूल्य : २०१।-

ISBN : 978-9937-0-8073-6

भूमिका

पुराण

पुराणं सर्वशास्त्राणां प्रथमं ब्रह्मणास्मृतम् ।

अनन्तरञ्च वक्त्रेभ्यो वेदास्तस्य विनिर्गताः ॥ *मत्स्यपु. ५३।३*

पूर्वीय वाङ्मयको फाँटमा पौराणिक वाङ्मय पनि वेदवत् सर्वाधिक प्राचीन वाङ्मय हो ।

पौराणिक वाङ्मयको महिमा अनन्त छ । यो वैदिक सनातन धर्म संस्कृतिको धरातल हो । वैदिकधर्म र दर्शनलाई युगसापेक्षताका आधारमा वैदिक मर्यादाभित्र रहेर सरल एवं सरस शैलीमा वेदको गहनतम तात्त्विक रहस्यलाई इतिहास, गाथा, कथा, मिथकलाई प्रतिक बनाएर धर्म, अर्थ, काम, मोक्ष यी चतुर्विध पुरुषार्थको सम्यक् प्रतिपादन गर्ने शास्त्र नै पुराण हो ।

आख्यानैश्चाप्युपाख्यानैर्गाथाभिः कल्पशुद्धिभिः ।

पुराणसंहितां चक्रे पुराणार्थ विशारदः ॥ *वि.पु. ३।६। १५*

वैदिक वाङ्मय भन्दा भिन्न पौराणिक वाङ्मय होइन । अपितु वेदकै सरलीकृत वाङ्मय नै पौराणिक वाङ्मय हो । वेदको तात्पर्य बोधक शास्त्र पुराण भएकोले पुराणलाई ब्राह्मण ग्रन्थ र उपनिषदादि शास्त्रले वेदकै पङ्क्तिमा परिगणित गरेका छन् । जस्तै-

ऋग्वेदो यजुर्वेदःसामवेदोऽथर्वाङ्गिरसः इतिहासः पुराणम् ...।

छा.उ. ७।१ ।४

स होवाचर्ग्वेदं भगवोऽध्येमि यजुर्वेदं सामवेदमाथर्वणम् चतुर्थमितिहासपुराणं पञ्चमं वेदानां वेदम् । *छा.उ. ७।१।२*

अस्य महतो भूतस्य निःश्वसितमेतत् ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरसः इतिहासपुराणम् । बृ.उ. २।४।१०

यसरी वैदिक शास्त्रीय पृष्ठ भूमिमा आधारित भएर संरचनात्मक वैशिष्ठ्यको समीक्षा गर्दा पुराणलाई वेदकै सरलीकृत व्याख्यानको रूपमा शास्त्रले आत्मशात गरेको पाइन्छ । विषयगत दृष्टिले विचार गर्दा पनि-

इतिहासपुराणानां पञ्चमो वेद उच्यते । भा.महापु. १।४।२०

भनेर स्वयं ज्ञानावतार वेदव्यासले पुराणलाई पाँचौं वेदको स्थानमा प्रतिष्ठित गर्नु भएको छ ।

यस विषयलाई प्रमाणित गर्ने पौराणिक वचन यस प्रकार छ -

विस्ताराय तु वेदानां स्वयं नारायणःप्रभुः ।

व्यासरूपेण कृतवान् पुराणानि महीतले ॥ पुराणार्णव १।२५

नारदीयपुराणमा त झन् सम्पूर्ण वेदको अर्थ पुराणमा प्रतिष्ठित भएको हुनाले वेदको भन्दा पनि पुराणको प्रयोजन अधिक छ भनिएको छ ।

वेदार्थादधिकं मन्ये पुराणार्थं वरानने ! ।

वेदाः प्रतिष्ठिताः सर्वे पुराणे नात्र संशयः ॥ ना.पु. २।२४।२

यसैगरी पौराणिक वाङ्मयको विशेषता व्यक्त गर्दै शिवपुराणमा भनिएको छ -

यो विद्याच्चतुरो वेदान् साङ्गोपनिषदो द्विजः ।

न चेत् पुराणं संविद्यान्नैव सः स्याद् विचक्षणः ॥

शिवपु.वा.पू. १।३९

अर्थात् शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द, ज्योतिष यी वेदका छ अङ्ग सहित चारै वेद, ब्राह्मण, उपनिषदादि सबै शास्त्रको अध्ययन गरेर पनि पुराणको अध्ययन नगरेसम्म व्यक्ति विद्वान् हुन सक्दैन ।

यसैगरी पद्पुराणमा पनि भनिएको छ-

बहुशास्त्रं समभ्यस्य बहुन् वेदान् सविस्तरम् ।

पुंसोऽश्रुत पुराणस्य न सम्यग् याति दर्शनम् ॥ *पद्मपु. ४।१०५।३*

अर्थात् धेरै शास्त्रको अध्ययन गरेर विस्तार पूर्वक वेद कण्ठस्थ गरेता पनि पुराण नपढे सम्म वेदको तात्पर्य बुझ्न सकिदैन । त्यस कारण उपजीव्योपजीवक भाव सम्बन्धले समान उद्देश्यका साथ विद्वज्जगत्मा विद्यमान् वेद र पुराणलाई भिन्न भिन्न मान्नु हुँदैन । वैदिक विषय र पौराणिक विषयको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । यो वैदिक सनातन सन्देश हो ।यो कुरालाई महाभारतमा यसरी स्पष्ट पारिएको छ ।

इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत् ॥ *महाभारत आदिपर्व २।२६७*

इतिहास र पुराणद्वारा वेदको अर्थलाई विस्तार गर्नुपर्छ भनेर वेदव्यासले वेदको उपबृंहण अर्थात् विस्तार रूप नै पुराण हो भनेर वेद र पुराणमा अभेद बोध गर्नु भएको हुनाले हामीहरूले पनि वेद र पुराणमा भेद नगरिकन समभावले आ-आफ्नो योग्यतानुसार श्रुति, स्मृति, इतिहास पुराणादि शास्त्रको नित्य स्वाध्याय गर्नुपर्दछ । यसरी वेद र पुराणको तुलना गर्दै पद्मपुराण अन्तर्गत श्रीमद्भागवतमाहात्म्यमा भनिएको छ :

आमूलाग्रं रसस्तिठन्नास्ते न स्वाद्यते यथा ।

स भूयः संपृथग्भूतः फले विश्वमनोहरः ॥

यथा दुग्धे स्थितं सर्पिर्नस्वादायोपकल्पते ।

पृथग्भूतं हि तद्गव्यं देवानां रसवर्धनम् ॥
इक्षुणामपि मध्यान्तं शर्कराव्याप्य तिष्ठति ।
पृथग्भूता च सा मिष्टा तथा भागवती कथा ॥

श्रीमद्भा. मा. २।६८-७०

शास्त्रमा प्रयुक्त भाषा

समाधि भाषा प्रथमा द्वितीया लौकिकी तथा ।
तृतीया परकीयेति शास्त्रभाषा त्रिधा स्मृता ॥ *भारद्वाज संहिता*

वेद, पुराणादि शास्त्रमा समाधि भाषा, लौकिकी भाषा र परकीय भाषा गरी तीन प्रकारका भाषा प्रयोग भएका छन् ।

(क) समाधि भाषा

वेदादि शास्त्रको अत्यन्त गम्भीर, समाधिगम्य, अवाङ्मनसगोचर अर्थात् वाणी र मनको पनि विषय नभएको त्रिगुणातीत तत्त्वलाई बुझाउन शास्त्रमा प्रयोग गरिएको भाषा नै समाधि भाषा हो । जस्तै नासदीय सूक्त, गणेशाथर्वशीर्ष, देव्यथर्वशीर्ष आदि अथर्वशीर्षहरूमा प्रयोग भएको भाषा समाधि भाषा हो यस्मिन्निदं यतश्चेदं येनेदं य इदं स्वयम् ।

योऽस्मात् परस्माच्च परस्तं प्रपद्ये स्वयम्भुवम् ॥

श्रीमद्भा. महापु. ८।३।३

नम आत्मप्रदीपाय साक्षिणे परमात्मने ।
नमो गिरां विदूराय मनसश्चेतसामपि ॥ *श्रीमद्भा. महा. पु. ८।३।१०*

येन चेतयते विश्वं विश्वं चेतयते न यम् ।
यो जागर्ति शयानेऽस्मिन्नायं तं वेद वेद सः ॥*श्रीमद्भा. महापु. ८।१।९*

यसरी श्रीमद्भागवतमहापुराणादि शास्त्रमा प्रयुक्त भाषा पनि समाधि भाषा नै हो , किन कि यस्ता शब्दावलींको अर्थ समाधिस्थ मौन व्याख्यानबाट मात्र अनुभव हुन्छ ।

(ख) परकीया भाषा

वेदादि सकल शास्त्रको परम एवं चरम रहस्य उद्घाटन गर्नका लागि नाटकीय शैली र रूपकालङ्कारको माध्यमले प्रस्तुत गरिएको भाषा नै परकीया भाषा हो ।

एकायनोऽसौ द्विफलस्त्रिमूलश्चतूरसःपञ्चविधः षडात्मा ।

सप्तत्वगष्टविटपो नवाक्षो दशाच्छदी द्विखगो ह्यादिवृक्षः ॥

श्रीमद्भा. महापु. १०।२।२७

चत्वारि श्रृङ्गा त्रयो अस्य पादाः द्वेशीर्षे सप्त हस्ता सो अस्य ।

त्रिधा बद्धो वृषभो रोरवीति महो देवो मर्त्यां आविवेश ॥

ऋग्वेद ४।५८

वृषं मृणालधवलं मेहन्तमिव बिभ्यतम् ।

वेपमानं पदैकेन सीदन्तं शूद्रताडितम् ॥

गां च धर्मदुघां दीनां भृशं शूद्रपदाहताम् ।

विवत्सां साश्रुवदनां क्षामां यवसमिच्छतीम् ॥

बृषस्य नष्टां स्त्रीन्पादांस्तपः शौचं दयामिति ।

प्रतिसंदध आश्वास्य महीं च समवर्धयत् ॥

श्रीमद्भा. महापु. १।१७।२,३,४२

यो भाषा परकीय भाषा हो, किन कि यहाँ अर्कै रुख, गोरु र गाईलाई रूपक बनाएर ब्रह्म, धर्म र पृथ्वीको स्वभाव र स्वरूपको वर्णन गरिएको छ । त्यस कारण यो परकीया भाषा हो ।

(ग) लौकिकी भाषा

सामान्य लोकले बुझ्ने गरी वर्णन गरिएका लौकिक भाव अथवा व्यवहार अनुसारका गाथा, कथा, मिथक द्वारा तत्त्व निरूपण गरिने भाषा लौकिक भाषा हो । यसको उदाहरणको लागि पुरञ्जनोपाख्यान, भवाटवीको वर्णन, आत्मदेव ब्राह्मणोपाख्यान आदि ।

द्वा सुपर्णा सयुजा सखाय समानं वृक्षं परिषस्व जाते ।
तयोरन्यः पिप्पलं स्वाद्वत्यनश्नन्नन्य अभिचाकरीति ॥

ऋग्वेद १।१६

ते ह प्राणाः प्रंजापतिं पितरमेत्योचुर्भगवन् ! को नः श्रेष्ठ इति ? तान् होवाच, यस्मिन् व उत्क्रान्ते शरीरं पापिष्ठतरमिव दृश्यते स वः श्रेष्ठ इति । छा.उ.५।१। ७

यो पुरञ्जनोपाख्यान, भवाटवीको वर्णन, आत्मदेवोपाख्यानका साथै यहाँ रुखमा बसेका चराहरूको दृष्टान्त र आफू अन्यायमा परेपछि बालकहरूले आफ्ना माता-पिता कहाँ गएर निवेदन गर्नु जस्ता लौकिक दृष्टान्तद्वारा ईश्वरका शरणमा नगएसम्म जीवात्माको कल्याण सम्भव छैन भनेर संझाएको हुनाले यो लौकिकी भाषा हो । यस्ता प्रशस्त उदाहरणहरू श्रुति, स्मृति आदि शास्त्रमा विद्यमान छन् । त्यस कारण नारदमुनिले वेदव्यासलाई उपदेश दिदा पनि "समाधिनानुस्मर तद्विचेष्टितम्" भनेर उपलक्षण विधया भाषात्रको सङ्केत गर्नुभएको छ । यति मात्र होइन यास्काचार्यले पनि निरुक्त ७।१।२ मा उपर्युक्त तीन प्रकारका भाषाको स्पष्ट उल्लेख गरिएको - तास्त्रिविधाऋचः परोक्षकृताः, प्रत्यक्षकृताः आध्यात्मिक्यश्च = अर्थात् वेदका ऋचाहरू -(मन्त्र वा श्लोक) तीन प्रकारका छन् । परोक्षकृता

= परकीया, प्रत्यक्षकृता = लौकिकी, आध्यात्मिक्य = समाधिरूपा । यस प्रकार शास्त्रावलोकन गर्दा वेदानुकूल पुराणादि शास्त्रमा पनि पूर्वोक्त तीन प्रकारका भाषाको अन्वेषण अवश्यमेव गर्नु पर्दछ । अर्थात् वेद, पुराणादि शास्त्रको मर्मबोध गर्नकालागि भाषा त्रयात्मिका दृष्टिकोण हुनुपर्दछ ।

ग्रन्थचिन्तन

संहिता, ब्राह्मण ग्रन्थ र उपनिषद्मा स्पष्ट रूपले व्यक्त नभएका अनेकौं महत्त्वपूर्ण तात्त्विक तथा दार्शनिक विषयहरू पुराणमा विद्यमान छन् । परन्तु तद्विषयक भाषिक ज्ञानको अभावले गर्दा ती सबै विषयहरू ओझेलमा परेका छन् भन्ने यथार्थ बोध गरेर पुराण-इतिहासाचार्य, पौराणिक एवं कवित्व कलाको क्षितिजमा पनि उदीयमान् विद्वान् नेपाल संस्कृत विश्वविद्यालयका सह-प्राध्यापक नवराज घिमिरेज्यूद्वारा लिखित पुराण-चिन्तन भाग २ नामक यस कृतिमा जम्मा दुई खण्ड छन् । जस मध्ये प्रथम खण्डमा श्रीमद्भागवतमहापुराण अन्तर्गत दशमस्कन्धका कथावस्तुसँग सम्बन्धित पात्रहरूको पूर्वजन्मको परिचय (ब्रह्मवैवर्तपुराण, गर्गसंहितादि सम्बन्धित पुराणहरूलाई आधार ग्रन्थ मानेर) दिनुभएको छ । दोस्रो खण्डमा "विशेष पौराणिक अन्वेषण" नामक शीर्षकमा आधारित भएर घिमिरेज्यूले कृपाचार्य, द्रोणाचार्य, नारदादि महापुरुषहरूको जन्मवृत्तान्तका साथै रासलीलाको प्रसङ्गमा राधारानी सहित श्रीकृष्ण अन्तर्धान हुनुभएको रहस्य, कालियनागकी श्रीमतीको नाम, वाणासुरकी छोरी उषाले कहिले स्वप्न देखिन् ?, दक्षप्रजापति, अगस्त्य, वसिष्ठ र मार्कण्डेयमुनिको जन्म, चतुर्दश मनुको परिचय, कागले किन एउटामात्र आँखाले देख्छ ?, दुवोको उत्पत्ति, गङ्गा,

लक्ष्मी, सरस्वती नदीका रूपमा किन धरातल झरे ? गङ्गाको उत्पत्ति र नामकरण, सीता र तुलसी, छायाँ सीता द्रौपदी, पाँच पाण्डव र द्रौपदीको यथार्थ, पतिव्रता शैव्या, स्वहा, स्वधा र दक्षिणाको संक्षिप्त परिचय, विधिविधान पूर्वक नगरिएका यज्ञयज्ञादिको फल कसले पाउँछन् ?, राधा र कृष्णको विछोड किन ?, पार्वती माताको श्रीकृष्णोपासना, गणेशको प्रादुर्भाव, गणेशको शिर किन काटियो ?, गणेशलाई तुलसी किन चढ्दैन ?, राधाका मातापिता को थिए ?, इन्द्रलाई गौतमऋषिको श्राप किन पर्‍यो ?, कृष्णशब्दको अर्थ, गौरी नामकरणको रहस्य, पुराणमा पशुपति र भगवान् विष्णु र उहाँका मूल अवतारहरू जस्ता समाजोपयोगी चिन्तनीय विषयहरू सरल सुबोध शैलीमा यस मध्यमकाय कृतिमा घिमिरेज्यूले राम्ररी उपस्थापन गरेर शीर्षकस्थ चिन्तन शब्द सार्थ गर्नुभएको छ ।

उपसंहार

यो ग्रन्थ लेख्ने सन्दर्भमा सह-प्राध्यापक घिमिरेज्यूले अध्ययन गरेका ग्रन्थहरूको नामावली पढ्दा थाहा हुन्छ कि व्यवहारोपयोगी मननीय एवं पठनीय पौराणिक विषय वस्तुलाई यथासम्भव यो ग्रन्थमा समेट्ने प्रयास गर्नुभएको छ ।

अतः पौराणिक वाङ्मय विषयक ज्ञान गर्न चाहने जिज्ञासु, कथावाचक, पाठक, अध्यापक र अध्ययन कार्यमा संलग्न छात्र-छात्राहरूका लागि पनि यो ग्रन्थ अति नै उपयोगी हुनेछ । आफ्नो स्वतःस्फूर्त प्रतिभाद्वारा अभिप्रेरित भएर यो ग्रन्थ लेखेर लेखकले वैदिक सनातन धर्मावलम्बी महानुभावहरूलाई अविस्मरणीय गुन लगाउनु भएको छ ।

अन्त्यमा यस्ता अरू पनि महनीय कार्य गरी बौद्धिक जगत्मा प्राज्ञिक सौन्दर्यको अभिवृद्धि गर्दै जाने जोस, जाँगर र उत्साहको उत्तरोत्तर बृद्धि होस् भन्ने शुभकामना व्यक्त गर्दछु । अस्तुपरिपूर्णम् ।

प्रा. भवानीप्रसाद खतिवडा
पूर्व वेद-वेदान्त विभागाध्यक्ष,
वाल्मीकि विद्यापीठ
२०७७ छठ पर्वको शुभ-अवसरमा

लेखकका कलमबाट

सत्यसनातन धर्मको मूल आधार भनेको वेद हो । वेदमा रहेको यथार्थ ज्ञान पुराण र इतिहासको अध्ययन बिना पूर्ण हुँदैन ।

इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत् ॥ *महाभारत आदिप. १।२६७*

पुराणमा वर्णित सुमधुर कथाका माध्यमले वेदको क्लिष्ट प्रसङ्गलाई सहज रूपमा बुझ्न सकिन्छ । इतिहास र पुराणलाई पञ्चम वेद मानिन्छ ।

इतिहासपुराणं पञ्चमो वेदानां वेदम् ॥ *छान्दग्योपनिषद् ७।१२*

पुराण भन्नु वेदको विस्तृत व्याख्या हो । वेदमा रहेको सूत्ररूप उल्लेखलाई पुराणले विस्तारमा सरलीकरण गर्दै जनसमक्ष पुर्‍याउँछ । आख्यान, उपाख्यान, गाथा, कल्पशुद्धि आदि द्वारा पुराणको रचना गरिएको मानिन्छ ।

आख्यानैश्चाप्युपाख्यानै गाथाभिः कल्पशुद्धिभिः ।
पुराण संहितां चक्रे पुराणार्थविशारदः ॥ *विष्णुपु. ३।६।१५*

पुराणका रचनाकारलाई स्वयं नारायणको अवतार मानिन्छ ।

पृथिवीतलमा अन्याय, अत्याचार, अनेकौं उपद्रव यत्रतत्र देखेपछि व्यास रूपमा अवतरित भई पुराणहरूको रचना गरेर ऋषि-महर्षिका माध्यमले सदाचार सद्धर्मको उपदेश जन जनमा पुर्‍याउनु भएको हो ।

स एव सर्वदेवानां पुराणानां प्रदर्शकः ।
पराशर्यो महायोगी कृष्णद्वैपायनो हरिः ॥ *कूर्मपु. पू. ५०।१०*

अल्पायुषोऽल्पबुद्धींश्च विप्रान् ज्ञात्वा कलावथ ।
पुराणसंहितां पुण्यां कुरुतेऽसौ युगे युगे ॥ *देवीभागवत ३।२०*

प्राय: अष्टादशमहापुराणमा पुराण लक्षण निर्देशन पूर्वक सर्ग, प्रतिसर्ग, वंश, वंशानुचरित, मन्वन्तर वर्णन, अवतारतत्वको समीक्षा, भक्तिरहस्यमीमांसा, इहलौकिक, पारलौकिक, सुखसाधनको विवेचना, प्राणिमात्रको कल्याणको कामना, विवधि अभ्युदयमार्गको प्रदर्शन, आदर्श मानव चरित्रको निर्माण, सर्वधर्मरहस्यको कीर्तन, वर्णाश्रम धर्मको प्रतिपादन, विभिन्न उपासनाद्वारा परमात्मा प्राप्तिको उपाय, तीर्थस्थल, नद, नदी, पर्वत, सागर, द्वीप, धर्म, अर्थ, काम, मोक्ष प्राप्तिको वर्णन, नरक, भुवनकोश, स्त्रीधर्म, राजधर्म, नीतिशास्त्र, मानवजातिको कर्तव्याकर्तव्यको विवेचना, देवी देवताका अनन्तस्तुतिहरू, भक्ति, ज्ञान, वैराग्य र मुक्तिका उपाय आदिको विस्तृतरूपमा वर्णन गरिएको छ ।

विश्वमा पुराण समान सर्वाङ्गपूर्ण कुनै ग्रन्थ छैन । पुराणहरू समस्त विद्याका अक्षयकोष हुन् ।

मानवले जब सम्म पुराणको अनुशीलन गर्दैन, तब सम्म उत्तम ज्ञान प्राप्त गर्न सक्दैन ।

बहुशास्त्रं समभ्यस्य बहून् वेदान् सविस्तरम् ।

पुंसोऽश्रुतपुराणस्य न सम्यग्याति दर्शनम् ॥ पद्मपु. ४।१०५।१३

मानव जीवनको प्रधानलक्ष्य भगवत्प्राप्ति हो । त्यस्को साधन पुराण नै हो ।

सबै पुराणले आफू सर्वश्रेष्ठ रहेको घोषणा गर्दछन् । स्वभाविक हो । आफू लाई नराम्रो कसले मान्छ र ? पुराणमा वर्णित विषयलाई लिएर मतैक्यका अभावमा हरेक अनुसन्धाता, पाठकमा भ्रान्ति हुनु स्वभाविक हो । कल्प कल्पका भेदले पुराण वर्णित विषय यथार्थ हुन् । संस्कृत साहित्यका अमूल्य ग्रन्थहरू वेद, उपनिषद्, शिक्षा, कल्प,

छन्द, व्याकरण, निरुक्त ज्योतिष, महापुराण, उपपुराण, औपपुराण, रामायण, महाभारत आदि सबै हाम्रा अनमोल निधि हुन् ।

तथापि हाम्रो समाजमा श्रीमद्भागवतमहापुराणप्रति अपार श्रद्धा र विश्वास रहेको छ । प्रेतत्त्व निवारणार्थ श्रीमद्भागवतको श्रवण अपरिहार्य मानिन्छ । यथार्थमा श्रीमद्भागवतमहापुराण श्रीकृष्णको प्रत्यक्ष वाङ्मयमूर्ति नै हो । जस्को सेवन, श्रवण, पठन, दर्शनले समस्त पापहरू विनाश हुन्छन् ।

तेनेयं वाङ्मयी मूर्तिः प्रत्यक्षां वर्तते हरेः।

सेवनाच्छ्रवणात्पाठाद्दर्शनात्पापनाशिनी ॥ *पद्मपु. भा. मा. ३/६२*

विशेषगरी कलियुगमा शब्दब्रह्मका रूपमा स्थापित यस पुराणलाई भगवद्स्वरूप मानिन्छ ।

मेनिरे भगवद्रूपं शास्त्रं भागवतं कलौ ।

पठनाच्छ्रवणात्सद्यो वैकुण्ठफलदायकम् ॥ *पद्मपु. भा. मा. १/२०*

यस पुराणको दशमस्कन्धमा भगवान् श्रीकृष्णका अनन्तलीलाहरू समावेश छन् । भक्तिरसको खजाना मानिने यो दिव्य पुराणको दशमस्कन्ध पूर्वार्धमा प्रभुका करकमलबाट कयौं मायावी दानवले मुक्ति हुने अवसर पाए । के कति कारणले उनीहरू त्यो अवस्थामा पुगे भन्ने बुझ्न सप्रमाण पूर्वजन्मको प्रसङ्ग कोट्याउने प्रयास छ । अन्य धेरै जनमानसका जिज्ञासाहरू पुराण, रामायण, महाभारतका माध्यमले समेट्ने जमर्को गरेको छु । जिज्ञासुका अनन्त जिज्ञासा छन् । त्यस मध्ये स्वल्पज्ञानका कारण सबैतिर दृष्टि पुऱ्याउन नसकेकोमा क्षमा चाहन्छु ।

हरेक ग्रन्थमा राम्रा नराम्रा पक्षको उल्लेख हुन्छ, राम्रा ग्रहण गर्ने र नराम्राबाट सतर्क रहने हो ।

सत्य, त्रेता, द्वापरयुगमा प्रायः श्रापद्वारा दण्डित गर्ने परम्परा देखिन्छ। यसबाट के बुझिन्छ भने, कसैको खिल्ली उडाउनु, अपमान गर्नु, कसैलाई दुर्वाच्य बोल्नु, अपराध हो । मान्यजनको अनादरले कहिल्यै भलो हुँदैन । बलात्कार, अपहरण जस्ता जघन्य अपराधको परिणाम अकल्पनीय हुन्छ। सामर्थ्यवान्, शक्तिशाली, तपस्वी, ऋषि, मुनि, देवता, दानव, मानव जो सुकै होस् नारीको अस्तित्त्वसँग खेलबाड गरे पतन हुन्छ। यो शिक्षा पुराणमा यथेष्ट मात्रामा वर्णित जालन्धरको अत्याचारबाट जगत्को रक्षार्थ वृन्दाको सतित्त्व नाश गर्दा पनि स्वयं नारायणले ढुंगा हुनु पऱ्यो । अहल्याको सतित्त्वमा खेलवाड गर्ने देवराज इन्द्रले आफ्नै शरीरमा अनन्तकालसम्म हजारौं योनिको कष्ट सहनु पऱ्यो । देवगुरु बृहस्पतिले ममता नामक नारीसग कुकर्म गर्दा फलस्वरूप आफ्नी पत्नी ताराको अपहरण भयो । वेदवतीसँग गरेको अनैतिक कार्यले र माता सीताको अपहरणले राक्षसराज रावणको समूल वंश विनाश भयो । सुग्रीव पत्नी रोमासँग अनैतिक सम्बन्धले वालिको विनाश भयो । जालन्धरले पार्वतीमाथि कुदृष्टि राख्दा इहलीला समाप्त भयो । यस्ता कयौं उदाहरणहरू प्रस्तुत गर्दै मानव समाजलाई सतर्क गराउँदै कुकर्मबाट जोगाउने प्रयास पुराणले अहर्निश गरेको पाइन्छ ।

दानवमाथि देवताले विजय प्राप्त गर्नु नै असत्यमाथि सत्यको विजय हो । असत्यका प्रतिक दानव हुन्, भने सत्यका प्रतिक देवता । असल कर्मले देवत्वमा पुऱ्याउँछ भने, खराब कर्मले दानव बनाउँछ ।

धर्म, नैतिकता, सदाचार, परोपकार, अतिथिसत्कार, मातृपितृगुरुभक्ति आदि सच्चरित्रवान् मानव निर्माणमा दिनानुदिन

देखिएको खडेरीले यो मानव समाजलाई कहाँ पुऱ्याउने हो ? आफूलाई र समाजलाई चरित्रवान् बनाउन पनि पुराणहरूको अध्ययन, मनन, चिन्तन अपरिहार्य देखिन्छ। पुराणहरूको रचना धेरै अगाडि भएको हुनाले केही विषयमा हामीलाई समय सापेक्ष्य नभएको हो कि भन्ने लाग्न सक्छ ? त्रिकालदर्शी ऋषिमुनिद्वारा रचित हरेक ग्रन्थको महिमा र गरिमा हाम्रो सामान्य अध्ययनले बुझ्न नसकेको हुन सक्छ ? अन्यथा लिनु हुँदैन । जान्नु पर्ने, बुझ्नु पर्ने, चिन्तन र मनन गर्नु पर्ने असंख्य विषयहरू पुराणमा छताछुल्ल छन् । सागरमा गए पनि आफूले लगेको पात्रभरि मात्र पानी ल्याउँन सकिन्छ। हाम्रो क्षमता अनुसार मात्र हामीले ग्रहणगर्न सक्ने यथार्थ नकार्न मिल्दैन ।

यो पुराण चिन्तन भाग दुई नामक पुस्तकबाट सनातन धर्मावलम्बीहरूलाई केही हद सम्म विभिन्न विषयको जानकारी हुनेछ भन्ने आशा राखेको छु ।

विषम परिस्थिति र समयाभावमा पनि मेरो प्रार्थना अङ्गिकार गर्दै यस पुस्तकलाई आद्योपान्त अवलोकनगरी भूमिका लेख्ने जस्तो गहन कार्यका साथ सुझाव र आशीर्वचन प्रदान गर्नु हुने समादरणीय गुरुवर प्रा. भवानीप्रसाद खतिवडा (पूर्ववेद-वेदान्त विभागाध्यक्ष, वाल्मीकि विद्यापीठ) ज्यूमा हार्दिक आभार व्यक्त गर्दछु । मेरा पथप्रदर्शक आदरणीय गुरुद्वय प्रा.तोयराज नेपाल, प्रा.डा.देवमणि भट्टराईज्यूमा विशेष धन्यवाद दिन चाहन्छु । अभिभावकीय भूमिकामा रही हरेक क्षण मलाई हौसला प्रदानगर्नु हुने समादरणीय अग्रज वैदिक पं.श्री बोधराज घिमिरे तथा ज्योतिष पं.गोवर्द्धन

निरौलाज्यूमा कृतज्ञता प्रकट गर्दछु । कम्प्यूटर सम्बन्धि विभिन्न पक्षमा भाइ भोजराज, मुकुन्द, बहिनी सरस्वती, छोराछोरी सन्देश, सम्झना, प्रकाशिका मञ्जुश्री बरालको योगदान स्मरणीय छ ।

अन्त्यमा,

सर्वेषां मङ्गलं भूयात्सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत् ॥

गरुडपु.प्रे.३५। ५१

। शुभम् ।

विषयक्रम

क्र.सं.	विवरण	पृष्ठ सं.

खण्ड -क

भागवत दशमस्कन्ध विशेष

१.	पूतना	१
२.	शकटासुर	३
३.	तृणावर्त	४
४.	यमलार्जुन	६
५.	वत्सासुर	७
६.	वकासुर	८
७.	अघासुर	१०
८.	धेनुकासुर	११
९.	कालियनाग	१३
१०.	प्रलम्बासुर	१५
११.	यज्ञपत्नीहरू	१७
१२.	गिरिराज गोवर्द्धन	१८
१३.	शंखचूड	२०
१४.	अरिष्टासुर	२१
१५.	केशी	२२
१६.	व्योमासुर	२३
१७.	रजक -(धोवी)	२४

१८. सूचिकार (दमाई) २४
१९. सुदामा माली २५
२०. कुब्जा २६
२१. कुवलयापीड हाती २८
२२. चाणूर, मुष्टिक आदि पाँच मल्ल २९
२३. कंस ३०
२४. कंक, न्यग्रोध आदि कंसका आठ भाइ ३१
२५. पञ्चजन (पाञ्चजन्य शंख) ३२
२६. कालयवन ३३
२७. उग्रसेन ३४
२८. जरासन्ध ३३
२९. श्रीकृष्णका बाल सखाहरु ३६

खण्ड -ख

विशेष पौराणिक अन्वेषण

३०. कृपाचार्य र कृपीको जन्म ३७
३१. द्रोणाचार्य ३७
३२. नारदको पूर्वजन्म ३८
३३. रासलीलाका प्रसंगमा श्रीकृष्ण अन्तर्धान हुँदा राधा सहित अन्तर्धान हुनुभएको प्रमाण ४१
३४. कालियनागकी श्रीमतीको नाम ४१
३५. वाणसुरकी छोरी उषाले कहिले स्वप्न देखिन् ? ४१
३६. दक्षप्रजापति ४२

३७. अगस्त्य र वसिष्ठको उत्पत्ति ४३
३८. मार्कण्डेय ऋषिको जन्म ४४
३९. चतुर्दश (१४) मन्वन्तर(मनु).... ४५
४०. १. स्वायम्भुव ४६
४१. २. स्वारोचिष ४७
४२. ३. औत्तम ४७
४३. ४. तामस ४७
४४. ५. रैवत ४८
४५. ६. चाक्षुष ४९
४६. ७. वैवस्वत ५०
४७. ८.सावर्णि मनु ५२
४८. ९. दक्षसावर्णि मनु ५२
४९. १०. ब्रह्मसावर्णि ५२
५०. ११. धर्मसावर्णि ५३
५१. १२. रुद्रसावर्णि ५३
५२. १३. रौच्य मनु ५३
५३. १४ भौत्य मनु ५३
५४. प्रथम पटक हिरण्यकशिपुको तपस्या भङ्ग किन ? ५४
५५. वामन प्रसङ्गमा शुक्राचार्यलाई दण्ड ५६
५६. कागले किन एउटा मात्र आँखाले देख्छ ? ५८
५७. दूवोको उत्पत्ति ५९
५८. लक्ष्मी, सरस्वती, गङ्गा नदीरूपमा किन धरातलमा झरे ? ५९

५९. समस्त पापीहरूको पाप धोएर कलुषित भएकी
गङ्गाको पाप कसरी नाशिन्छ ? ६२
६०. गङ्गाको उत्पत्ति र नामाकरण ६३
६१. सीता र तुलसी ६७
६२. छायाँ सीता र द्रौपदी ६९
६३. पाँच पाण्डव र द्रौपदीको यथार्थ ७१
६४. पतिव्रता शैव्या ७३
६५. चन्द्रमाका षोडशकला ७५
६६. विष्णु शालिग्राम र तुलसीले वृक्ष हुनुको कारण ७६
६७. स्वाहा, स्वधा र दक्षिणाको संक्षिप्त परिचय ७८
६८. स्वधादेवी ८०
६९. दक्षिणादेवी ८१
७०. विधि विधान पूर्वक नगरिएका यज्ञ यज्ञादिको फल कसले
पाउँछ त ? ८४
७१. राधा र कृष्णको विछोड किन ? ८५
७२. पार्वतीको श्रीकृष्णोपासना, गणेशको प्रादुर्भाव.... ९०
७३. गणेशको शिर किन काटियो ? ९७
७४. गणेश एकदन्त किन ? ९८
७५. गणपतिलाई तुलसी किन चढ्दैन ? ९९
७६. श्रीकृष्णका पत्नीहरू क-कसका अंश हुन् ? १०१
७७. पार्वतीले किन जाम्बवती अर्थात् भालुकी छोरी हुनुपर्‍यो ? १०२
७८. श्रीकृष्णका सट्टामा गोकुलबाट ल्याइएकी बालिका... १०३

७९. वसुदेव देवकी र रोहिणी क-कसका रूप हुन् ? १०५
८०. राधाका माता पिता को थिए ? १०६
८१. इन्द्रलाई गौतम ऋषिको श्राप १०७
८२. कृष्णशब्दको अर्थ १०९
८३. चतुर्मुखी ब्रह्मालाई भएको अभिमानका प्रसंगमा हजार
मुख भएका ब्रह्माको दर्शन ११०
८४. माता कुन्तीलाई मन्त्रोपदेश र कर्णको जन्म १११
८५. नारीका मनमा किन गोप्य कुरा रहँदैन ? ११२
८६. पाण्डुलाई भोगविलास गरे मर्छौ भनी श्राप दिने को थिए? ११३
८७. अक्षौहिणी सेना भन्नाले कति कति संख्या बुझिन्छ ? ११४
८८. महाभारतमा कौरवपक्षबाट क-कसले कति-कति दिन
युद्धको नेतृत्व गरे ? ११५
८९. सुतिरहेका पाण्डवसेना र पाण्डवपुत्रलाई युद्ध चलेको कतिदिनका
दिन कसले मारेका थिए ? ११५
९०. समन्तपञ्चकक्षेत्रको उत्पत्ति कसरी ? ११६
९१. कपालमोचनतीर्थको उत्पत्ति कसरी ? ११७
९२. सूतजीलाई बलरामले कहिले मार्नु भयो ? ११७
९३. समुद्रमन्थनबाट लक्ष्मीको उत्पत्ति कहिले भयो ? ११८
९४. भगवान् भोलेनाथको शिशुरूप कहिलेको ? ११८
९५. भगवान् कपिलका क्रोधबाट साठी हजार मध्ये
कति वटा सगरपुत्र बाँचे ? १२०
९६. राक्षसराज रावणले किन माता सीताको हरण गर्‍यो ? १२१

९७. श्रीरामले आफ्नो बारेमा जनता के भन्छन् भनी बुझ्न कसलाई पठाउनु भएको थियो ? १२२
९८. वामन अवतार भगवान्को विवाह भएको छ कि छैन ? १२२
९९. गौरी नामकरणको रहस्य १२३
१००. पुराणमा पशुपति १३१
१०१. भगवान् विष्णु र उनका मूल अवतारहरू १४५
सन्दर्भ ग्रन्थसूची १५५

खण्ड - १

भागवत दशमस्कन्ध विशेष

पूतना

राजा बलिले गुरु शुक्राचार्यका संरक्षकत्वमा रही आफ्नो यश विस्तारका लागि सय यज्ञ गर्ने संकल्प गरेका थिए; जस अनुसार उनान्सय यज्ञ पूर्ण भइसकेको थियो । उनी गुरु कृपा र यज्ञको प्रसादले अत्यन्त शक्तिशाली अतुल पराक्रमी र स्वर्ग-मर्त्य-पाताल विजयीका रूपमा परिचित हुन थालेका थिए। देवता भने कुनै न कुनै उपायले प्राण जोगाउन विवश थिए। यही बिचमा देवमाता अदितिले आफ्ना स्वामीका सहयोगले पयोव्रत नामक व्रतको अनुष्ठान गरिन्। अनुष्ठान फलिभूत भयो। स्वयं नारायणले दर्शन दिई समय आएपछि पुत्र रूपमा आई देवताको दुःख निवारण गर्ने वचन दिनु भयो। माता अदिति गर्भवती भईन् । भाद्र शुक्लपक्षको द्वादशी तिथिका दिन नारायणले वामनका रूपमा प्रकट भई धरातलको शोभा बढाउनुभयो । अहिले पनि त्यो दिनलाई वामनद्वादशी भनिन्छ । समय भएपछि वामनको व्रतबन्ध संस्कार गरियो। व्रतबन्ध कर्म सकिना साथ आफू बलि महाराजको यज्ञमा जान चाहेको अभव्यिक्ति प्रकट गरी देवगुरु बृहस्पतिको सहयोगमा वामन बाटो लागे । उता बलिले सयौं यज्ञ प्रारम्भ गरिसकेका थिए । शुक्राचार्यको प्रमुख आचार्यत्वमा भैरहेका यज्ञमा करोडौं सूर्यसमान तेजिला विप्रवटुलाई टुप्लुक्क आई पुगेको देखेर त्यहाँ उपस्थित सबै छक्क परी मुखामुख गरे । राजा बलि तत्काल उठी स्वागतार्थ प्रस्तुत भए । उनकी धर्मपत्नी विन्ध्यावली करुवा लिएर अघि बढिन् । बलिकी छोरी रत्नमाला अट्टालिकामा

बसी कति राम्रो बालक रहेछ, यस्तै मेरो पुत्र भए काखमा राखी स्तन पान गराउने थिएँ भन्दै कल्पनामा डुबिरहेकी थिईन् ।

बलियज्ञे वामनस्य दृष्ट्वा रूपं मनोहरम् ।
बलिकन्या रत्नमाला पुत्रस्नेहं चकार तम् ॥
मनसा मानसं चक्रे पुत्रस्य सदृशो मम ।
भवेद् यदि स्तनं दत्वा करोमि तञ्च वक्षसि ॥

ब्र.वै.पु.कृ.खण्ड १०।४१।४२

भगवान् वामनले आतिथ्य स्वीकार गरी राजा बलिसँग तीन पाउ भूमि दानका रूपमा मागे । दुई पाउमा समस्त विश्वब्रह्माण्ड नापी तेस्रो पाउका लागि ठाउँ मागे । राजा बलिले पनि आफ्नो शिरमा तेस्रो पाउ राखी वाचा पुरा गर्न अनुरोध गरे । यो घटना देखेकी बलिपुत्री रत्नमालाले कस्तो कपटी बालक रहेछ यसलाई त विष दिएर पो मार्नु पर्ने रहेछ भनी सोच्न थाली । वामनले उनको भाव बुझी तिम्रो ईच्छा पूर्ण होस् भनी वरदान दिनुभयो ।

हरिस्तन्मानसं ज्ञात्वा पपौ जन्मान्तरे स्तनम् ।
ददौ मातृगतिं तस्यै कामपूरः कृपानिधिः ॥
दत्वा विषस्तनं कृष्णं पूतना राक्षसी मुने ॥

ब्र.वै.पु.कृ.खण्ड १०।४४

यिनै रत्नमाला पूतना भई जन्म लिन पुगीन् र भगवान् श्रीकृष्णका हातबाट मुक्त भईन् । गर्गसंहितामा पनि यही प्रसंग उद्धृत छ ।

बलेः परमभक्तस्य सुतायै वामनो हरिः ।
मनोरथस्तु ते भूयान्मनस्यपि वरं ददौ ॥
साभवद्द्वापरान्तेवैपूतनानामविश्रुता ।
श्रीकृष्णस्पर्शसम्भूतापरंप्राप्तमनोरथा ॥ *गर्गसं.गो.१३। ३२।३३*

आनन्दरामायण अनुसार कैकेयीकी दासी मन्थरा नै पूतना भई जन्मेकी हुन् ।

आदिपुराण अनुसार कालभीरु नामक ऋषिकी कन्या चारुमती, जो कक्षीवान् महर्षिकी पत्नी थिईन् । पति कक्षिवान् परदेश गएका समयमा परपुरुषसँग अनैतिक सम्बन्ध राखेकी हुनाले यो कुरा थाह पाएका महर्षिले क्रुद्ध भइ राक्षसी हुने श्राप दिए । पत्नीको अनुनय-विनय पश्चात् द्वापर युगमा भगवान् श्रीकृष्णका हातबाट मुक्ति हुने वरदान पनि दिए । सोही चारुमती पूतना भई जन्मेकी हुन् । यिनै विभिन्न कारणले श्राप मुक्त गर्न श्रीकृष्णले विषयुक्त स्तन पान गरी प्राणसहित खिची मुक्ति प्रदान गर्नु भएको हो ।

शकटासुर

कश्यप पत्नी दितिका दुई प्रतापी पुत्र हिरण्यकशिपु र हिरण्याक्ष मध्ये हिरण्याक्षको पुत्र उत्कच अत्यन्त भयानक थियो । शक्तिशाली भएता पनि शक्तिको सदुपयोग गर्न सकेन । एकदिन महर्षि लोमश मुनिका आश्रममा प्रवेश गरी त्यहाँ रहेका वृक्षहरू चूर्ण गर्न थाल्यो । विशालकायको त्यो दैत्यले गरेको उपद्रव देखी उद्दण्डताको पाठ सिकाउन मुनिले श्राप दिदै भने-"तेरो शरीर पतन होस् ।" आफ्नो गल्तीमा क्षमा माग्दै शरण परी अनुनय-विनय गर्न थाल्यो । दयाले पग्लिएका मुनिले भने, "चाक्षुष मन्वन्तरसम्म तेरो शरीर वायुमय

हुनेछ र वैवस्वत मन्वन्तरमा भगवान् श्रीहरिका चरणस्पर्शले तेरो मुक्ति हुनेछ।"

वातदेहस्तु ते भूयाद् व्यतीते चाक्षुषान्तरे।

वैवस्वतान्तरे मुक्तिर्भविता च पदा हरेः॥ *गर्गसं.गो.ख.१४।२३*

यही हिरण्याक्षपुत्र उत्कच शकट (वयलगाडा) मा प्रवेश गरेको थियो। भगवान् श्रीकृष्णका चरणारविन्दको स्पर्शले मुक्त भयो।

तृणावर्त

पाण्ड्य देशका प्रभावशाली राजा सहस्राक्ष एक समय गन्धमादन पर्वतको पुष्पभद्रा नदीका तटमा अनेकौं स्त्रीहरूका साथमा काम-वासनायुक्त विहार गरिरहेका थिए।

पाण्ड्यदेशोद्भवो राजा सहस्राक्षः प्रतापवान्।

स्त्रीसहस्रं समादाय कामबाणप्रपीडितः॥ *ब्र.वै.पु.कृ.खण्ड ११।१६*

दैवसंयोग महाक्रोधी दुर्वासा मुनि त्यस पर्वतको त्यही स्थानमा पुग्नु भएछ। ऋषि, महर्षि, मुनि, ज्ञानी, ब्रह्मज्ञानी र मान्यजनको आगमन हुँदा गर्नु पर्ने आतिथ्यबाट राजा चुके। यतिसम्म कि दुर्वासा जस्ता तपस्वी मुनिलाई नमस्कार सम्म पनि गरेनन्। दुर्वासालाई आफ्नो अपमान महसुस भयो। उनको पारो तात्यो र कमण्डलुको जल हातमा लिई श्राप दिए।

दृष्ट्वा चुकोप नृपतिं शशाप स्फुरिताधरः।

असुरो भव पापिष्ठ योगाद् भ्रष्टो भुवं व्रज॥

भारते लक्ष्यवर्षञ्च स्यातव्यं ते नराधम।

ततो हरिपदस्पर्शाद् गोलोकं यास्यसि ध्रुवम्॥

ब्र.वै.पु.कृ.खण्ड.११।२३-२४

अर्थात्, हे पापिष्ठ नराधम ! योगभ्रष्ट भइ भारत वर्षमा लाख वर्षसम्म असुर भई रहेस् । राजा जब पश्चाताप गरी शरण परे । दया लागेका मुनिले हरिको पाउ स्पर्शले तिम्रो मुक्ति होला भनी सान्त्वना दिए । दुर्वासा मुनिको श्रापले यही सहस्राक्ष राजा नै तृणावर्त अर्थात् भुमरीका रूपमा सबैलाई कष्ट दिन्थ्यो । श्रीकृष्णलाई पनि उडाएर आकाशमा पुर्‍यायो, तर प्रभुका चरणस्पर्शले उसको मुक्ति भयो । यस प्रसंगलाई गर्गसंहितामा पनि उल्लेख गरिएको छ ।

पांडुदेशोद्भवोराजासहस्राक्षः प्रतापवान् ।

हरिभक्तोधर्मनिष्ठोयज्ञकृद्दानतत्परः ॥

रेवातटेमहादिव्येलतावेत्रसमाकुले ।

नारीणांचसहस्राणिरमयन्विचचारह ॥

दुर्वाससंमुनिंसाक्षादागतंनननामह ।

तदामुनिर्ददौशापंराक्षसोभवदुर्मते ॥

पुनस्तदंघ्र्योः पतितंनृपंप्रादाद्वरंमुनिः ।

श्रीकृष्णविग्रहस्पर्शान्मुक्तिस्ते भवितानृप ॥

सोपिदुर्वाससःशापात्तृणावर्तोभवद्भुवि

श्रीकृष्णविग्रहस्पर्शात्परंमोक्षमवापह ॥ *गर्गसं. गो. १४।६०-६४*

अर्थात् पाड्य देशका राजा सहस्राक्ष परम् प्रतापी हरिभक्त थिए । एकदिन हजारौं नारीहरूका साथमा रेवा नदीका तटमा रमाइलो गरिरहेका अवस्थामा अकस्मात् दुर्वासा मुनि आइपुगे । रमणीय वातावरणमा रहेका राजाले मुनिलाई मतलव गरेनन् । क्रोधित मुनिले राजालाई राक्षस हुने श्राप दिए । राजा शरण परे । मुनिले दया गर्दै श्रीकृष्णको विग्रह स्पर्शले मुक्ति हुनेछ भनी वरदान पनि दिए । यिनै

राजा तृणावर्त भई जन्मिए । भगवान् श्रीकृष्णको विग्रह स्पर्शले मुक्त पनि भए ।

यमलार्जुन

यी दुवै यक्षपति कुवेरका पुत्र थिए । नलकूबर र मणिग्रीव नाम गरेका दाजु-भाइ एकदिन नन्दन वनको मन्दाकिनी तटमा अप्सराहरूका साथमा वारुणी मदिरा पान गरी नाचै-भुतुकै यत्रतत्र विचरण गर्न थालेछन् । अकस्मात् देवल नाम गरेका परम् तपस्वी ऋषि त्यही बाटो कतै जाने क्रममा नलकूबर र मणिग्रीवसंग जम्काभेट भयो । मदिरा, यौवन, धन-सम्पतिले उन्मत्त यिनीहरू लाज-शर्म त्यागी नग्न अवस्थामा नै वृक्षवत् उभिइ रहे। अप्सराहरूले भने लज्जावशात् वस्त्र धारण गरे । यस्तो अमर्यादित व्यवहारबाट क्रोधित ऋषिले दण्डदिनु उचित सम्झी श्रापदिदै भने- "वृक्षसमान उभिएर निर्लज्जताको पराकाष्ठा प्रदर्शन गरेका हुनाले सय वर्षसम्म वृक्ष भै रहेस् ।"

युवांवृक्षसमौदृष्टौनिर्लज्जौद्रव्यदर्पितौ ।

तस्माद्वृक्षौतुभूयास्तांवर्षाणांशतकंभुवि ॥ *गर्गसं. गो. १९।३०*

श्राप पाएपछि उनीहरूमा चेतना आयो । गरेको भुलमा क्षमा मागे । पश्चाताप पनि दण्ड हो भन्ने सम्झी ऋषिले सान्त्वना दिए ।

द्वापरान्तेभारतेचमाथुरेव्रजमण्डले ।

कलिंदनंदिनीतीरेमहावनसमीपतः ॥

परिपूर्णतमंसाक्षात्कृष्णंदामोदरंहरिम् ।

गोलोकनाथंतंदृष्ट्वापूर्वरूपौभविष्यथः ॥ *गर्गसं. गो. १९।३१-३२*

अर्थात् द्वापरको अन्त्यमा व्रजमण्डलभित्र यमुनाका तीरमा जब श्रीकृष्णको दर्शन प्राप्त होला, तव तिमीहरू आफ्नो वास्तविक स्वरूप प्राप्त गरौंला।

प्रसङ्ग उस्तै रहे पनि श्रीमद्भागवतमहापुराणमा भने श्राप दिने मुनिको नाम नारद उल्लेख छ।

पुरा नारदशापेन वृक्षतां प्रापितौ मदात्।

नलकूबरमणिग्रीवाविति ख्यातौ श्रियान्वितौ॥

श्रीमद्भा.म.पु.१०।९।२३

ब्रह्मबैवर्तपुराणको कृष्णजन्मखण्ड अध्याय चौधको ३५ श्लोकमा श्राप दिने देवल ऋषि हुन् भन्ने पाइन्छ। यसरी हेर्दा गर्गसंहिता र ब्रह्मवैबर्तपुराणमा श्राप दिने ऋषिको नाममा एकरूपता देखिन्छ।

वत्सासुर

मुर नामक दैत्यको एउटा शक्तिशाली प्रमील नामक पुत्र थियो। प्रमील एक दिन ब्राह्मणको रूप धारण गरी वसिष्ठ ऋषिको आश्रममा गयो। त्यहाँ उसले होमधेनु नन्दिनीलाई देख्यो। धेरै पटक गाईको याचना गऱ्यो। नपाए पछि हरण गर्ने सोच राख्यो। उसको दुष्ट भाव बुझ्रे पनि वसिष्ठ मौन रहे, तर नन्दिनीलाई असह्य भयो र श्राप दिँदै भनिन् -

मुनीनांगांसमाहर्तुंभूत्वाविप्रसमागतः।

दैत्योसिमुरजस्तस्माद्गोवत्सोभवदुर्मते॥ *गर्गसं.वृ.४।२७*

अर्थात् मुर दैत्यको पुत्र प्रमील! ब्राह्मणको रूप लिई गोहरणको सोच राखिस्, तसर्थ वाच्छो भई जन्मेस्। श्राप पाएपछि पछुतो गर्दै शरण पऱ्यो। दया लागेकी नन्दिनी गौले भनिन् -

द्वापरान्तेमहादैत्यवृन्दारण्येयदातव ।

गोवत्सेषुगतस्यापितदामुक्तिर्भविष्यति ॥ *गर्गसं. वृ. ४।२९*

अर्थात् द्वापरका अन्त्यमा वृन्दावन भूमिमा वाच्छो भएर श्रीकृष्णलाई हानी पुऱ्याउन गोवत्स समूहमा गएका अबस्थामा श्रीकृष्णका हातबाट मुक्ति हुनेछ । यही प्रमील वत्सासुर भई आएको थियो, प्रभुका हातबाट मुक्त भयो ।

बकासुर

बकासुर पूर्वजन्ममा हयग्रीव नामक दैत्यको उत्कल नामक पुत्र थियो । उत्कल अत्यन्त शक्तिसम्पन्न थियो । उसले संग्राममा समस्त देवतालाई पराजित गरी इन्द्रको छत्र समेत छिनी स्वयं शासन गर्न थालेको थियो । एकदिन बुद्धिभ्रष्ट भएको छँदो सिन्धुसंगममा अवस्थित जाजलि मुनिका आश्रममा पुगेर समीपमा रहेको जलाशयबाट वल्छी प्रयोग गरी माछा मारेर खाइरहेको थियो । मुनिले धेरै पटक सम्झाए, जब ऊ मानेन, क्रोधित जाजलिले श्राप दिए, "हे नीच! बकुल्लो समान माछा खान्छस् तसर्थ बकुल्लो भइजा ।"

तस्मै शापं ददौ सिद्धो जाजलिर्मुनिसत्तमः ।

बकवत्वं झषानत्सि त्वं बको भव दुर्मते ॥ *गर्गसं. वृ. ख. ५।३४*

ऋषिका श्रापले तत्काल बकुल्लो भयो । अभिमान शून्य भयो र श्रापबाट दुःखित भई शरण पऱ्यो । ऋषिले पनि दया गर्दै भगवान् श्रीकृष्णका हातबाट मुक्ति होस् भनी सान्त्वना दिनुभयो ।

वैवस्वतान्तरेप्राप्तेह्यष्टाविंशतिमेयुगे ।

द्वापरान्तेभारतेपिमाथुरेव्रजमण्डले ॥

परिपूर्णतमःसाक्षाच्छ्रीकृष्णोभगवान्स्वयम् ।

वृन्दावनेगवांवत्सांश्चारयन्विचरिष्यति ॥

तदातन्मयतांकृष्णेयास्यसित्वंन संशयः।

हिरण्याक्षादयोदैत्यावैरेणापिपरंगताः ॥ गर्गसं.वृ.ख.५।४१-४३

यसरी हिरण्याक्ष पुत्र उत्कल नै जाजलि मुनिका श्रापले बकासुर भएको थियो र प्रभुका हातबाट मुक्त पनि भयो ।

ब्रह्मवैबर्तपुराण अनुसार भने केही भिन्न कथा पाइन्छ । गन्धवाह नामक गन्धर्वका चार पुत्र थिए - वसुदेव, सुहोत्र, सुदर्शन र सुपार्श्व । यिनमा वसुदेव दुर्वासा ऋषिका शिष्य थिए जो अविवाहित रही ब्रह्मतेजले शरीर त्यागी मुक्त भए । सुहोत्र, सुदर्शन, र सुपार्श्व यी तीन भाइ भगवान् नारायणका परं भक्त थिए । नारायणलाई कमलपुष्प अर्पण गरेर मात्र जलपान गर्दथे । एकदिन कमलपुष्प खोज्दै चित्र सरोवर पुगेछन्, जहाँका शिवगणले यिनीहरूलाई शिवसमीप हाजिर गराए । सबै कुरा बुझे पछि शिवले भन्नुभयो- "तिमीहरू नारायणका परम् भक्त रहेछौ । तिमीहरूको कल्याणै हुन्छ, तर मैले पार्वतीलाई खुसी पार्नका लागि वचन दिएको छु कि यो चित्र सरोवरमा जो नसोधी प्रवेश गर्ला, त्यो असुर योनि प्राप्त गर्ला, तसर्थ म अन्यथा गर्न सक्दिन ।" केही समयका लागि मात्र भए पनि असुर हुनेछौ, तर मेरो कृपाले श्रीकृष्ण र बलरामका हातबाट मुक्त हुने अवसर प्राप्त हुनेछ भनी सम्झाउनुभयो । यसरी सुहोत्र बकासुर, सुदर्शन प्रलम्बासुर र सुपार्श्वक केशी नामक दैत्य भई जन्म ग्रहण गरेर श्रीकृष्ण र बलरामका हातबाट मुक्त भएका हुन् ।

आजग्मुर्दानवीं योनिमिति ते दानवेश्वराः ।

वसुदेवः पुरा मुक्तःसुहोत्रश्च बकासुरः ॥

सुदर्शनः प्रलम्बोऽयं स्वयं केशी सुपार्श्वकः ।

हरस्य वरदानेन दृष्ट्वा रूपमनुत्तमम् ॥ ब्र.वै.पु.कृ.१६।७१-७२

अघासुर

शङ्खासुर दैत्यको एउटा अघ नामको छोरो थियो । महाबली अघ अत्यन्त सुन्दर, युवावस्थाको साक्षात् कामदेव समान देखिन्थ्यो ।

शंखासुरसुतोराजन्नघोनाममहाबलः ।

युवाऽतिसुन्दरःसाक्षात्कामदेवइवापरः ॥ *गर्गसं.वृ.६।१०*

एकदिन मलयाचल पर्वतमा जादै गरेका अष्टावक्र मुनिलाई देखी सुन्दरताको अभिमानले चूर्ण अघले अट्टहास गर्दै भन्यो- "यो कस्तो कुरूप रहेछ ।" यो शब्द बारम्बार सुनेपछि असह्य भयो, कन्सिरी तात्यो र अष्टावक्र मुनिले त्यो दुष्टलाई श्राप दिदैं भन्नुभयो - "हे दुर्मते ! तँ सर्प भैजा, किन कि भूमण्डलमा सर्पको जाति नै कुरूप र कुटिल गतिले हिड्दछन् ।"

तं शशाप महादुष्टं त्वं सर्पो भव दुर्मते ।

कुरूपावक्रगाजातिः सर्पाणांभूमिमण्डले ॥ *गर्गसं.वृ.६।१२*

अष्टावक्रको यो अमोघ श्रापका कारण त्रसित भई ऊ शरण पर्‍यो । दयालु मुनिले सान्त्वना दिदै भने-

कोटिकन्दर्पलावण्यःश्रीकृष्णस्तुतवोदरे ।

यदागच्छेत्सर्परूपात्तदामुक्तिर्भविष्यति ॥ *गर्गसं.वृ.६।१४*

अर्थात् जब करोडौं कामदेव तुल्य श्रीकृष्णले तेरा पेटमा प्रवेश गर्लान्, तब यो सर्प रूपबाट तेरो मुक्ति होला । यही शङ्खासुरको

पुत्र अघासुर नै अजिङ्गर रूपमा आएको थियो । श्रीकृष्णका हातबाट परम्पद प्राप्त गर्ने सौभाग्य पायो ।

धेनुकासुर

विरोचनकुमार बलिको एउटा बलवान् पुत्र थियो, जसलाई साहसिक भनिन्थ्यो । ऊ सुन्दर पनि थियो । एकदिन अनेकौं नारीहरूका साथमा गन्धमादन पर्वत पुगी श्रृङ्गारिक लीलामा मस्त थियो । नाना प्रकारका वाद्यवाजा नुपूरको झन्कार आदिले पर्वतमा ध्यानमा मस्त रहेका दुर्वासाको ध्यान भङ्ग भयो । तपका कारण अत्यन्त दुर्बल जटी-जूट भस्मीभूत भएका ऋषिका पाउमा खराउ थिए भने हातमा सहाराका लागि लौरो । क्रोधका प्रतिमूर्ति नै मानिने ऋषिदेखि प्रायः सबै डराउँदछन् । आफ्नो ध्यान भङ्ग भएकोमा अत्यन्त क्रोधित हुँदै हातमा कमण्डलुको जल लिएर भोग-विलासमा लठ्ठ साहसिकलाई श्राप दिंदै भने-

उत्तिष्ठ गर्दभाकार गर्दभो भव दुर्मते ।
वर्षाणांतुचतुर्लक्षेव्यतीतेभारते पुनः ॥
माथुरेमण्डलेदिव्येपुण्येतालवनेवने ।
बलदेवस्य हस्तेन मुक्तिस्ते भविताऽसुर ॥ गर्गसं.वृ.१२।३८-३९

अर्थात् हे दुष्ट ! तँ गधा समान भोगासक्त छस्, गधा नै भैजा । श्रापले विह्वल उसको अनुनय सुनेपछि आजबाट चार लाख वर्ष व्यतीत भएपछि भारत वर्षको मथुरा जिल्ला अन्तर्गत पवित्र तालवनमा बलरामका हातबाट तेरो मुक्ति हुनेछ भनी ऋषिले आश्वास्त पार्नु भयो । यसरी दुर्वासाका श्रापका कारण बलिपुत्र

साहसिक गर्दभाकार भई यस तालको अधिपति बनेर बसेको थियो, श्रीकृष्णका प्रेरणामा बलरामले त्यसलाई मुक्ति प्रदान गर्नुभयो ।

राजा बलिको पुत्र हुनाले श्रीकृष्णले नमार्नु भएको हो, किन कि प्रह्लादलाई वरदान दिने क्रममा तिम्रो वंशको कुनै पनि दैत्य म नमारौंला भनी वचन दिनुभएको थियो ।

तस्माद्बलस्यहस्तेनश्रीकृष्णस्तंजघानह ।

प्रह्लादायवरोदत्तोनवध्योमेतवान्वयः ॥ *गर्गसं.वृ.१२।४०*

यो कथा ब्रह्मवैवर्तपुराणमा पनि छ तर साहसिकले तिलोत्तमा अप्सरालाई बाटामा भेटेर दुवै प्रेम बन्धनमा बाधिएर गन्धमादन पर्वतमा गई लामो समयसम्म भोग-विलास गरेका र समीपमा ध्यानस्थ दुर्वासा ऋषिको ध्यान भङ्ग हुने गरी हल्लखल्ल हुँदा रिसाएका ऋषिले दुवैलाई श्राप दिएको प्रसङ्ग छ ।

मानलज्जाविहीना च खरजातिर्विशेषतः ।

तस्मात्त्वं दानवश्रेष्ठ खरयोनिं व्रजाधुना ॥

तिलोत्तमे त्वमुत्तिष्ठ लज्जाहीनाच पुंश्चली ।

एतादृशीस्पृहा दैत्ये व्रज योनिञ्च दानवीम् ॥ब्र.वै.पु.कृ.२३।३४-३५

दुर्वासा ऋषिका श्रापले दुवैको होस-हवास उड्यो । क्षमा माग्दै शरण परे । उनीहरूको अनुनय-विनयले जब केही क्रोध शान्त भयो, ऋषिले सान्त्वना दिदै भने-

वृन्दारण्यं तालवनं व्रज शीघ्रं व्रजान्तिकम्

प्राणांस्त्यक्त्वा हरेश्चक्रान् मुक्तिं प्राप्स्यसि निश्चितम् ॥

तिलोत्तमे भारते त्वं बाणपुत्री भविष्यसि ।

श्रीकृष्णपौत्राश्लेषेण पुनः पूताभविष्यसि ॥ *ब्र.वै.पु.कृ. २३।१४८-१४९*

अर्थात् तँ वृन्दावनस्थित तालवनमा जा, समय आएपछि त्यहीं हरिबाट मुक्त हुनेछस् र हे तिलोत्तमे ! तलाई दानवकुल मन परेछ, तसर्थ द्वापरमा बाणासुरकी छोरी भई जन्मेस् । जब श्रीकृष्णको नातिसँग सम्बन्ध होला तब मुक्त हुनेछेस् । ऋषिका श्रापानुसार साहसिक गर्दभ र तिलोत्तमा बाणपुत्री उषा भई कृष्णलीलामा समावेश भएर मुक्त भएका हुन् । यसरी गर्गसंहिता र ब्रह्मवैबर्तपुराणमा सामान्य भिन्नता पाइन्छ ।

हरिवंशपुराणमा भने खर नामक प्रतापी दैत्य नै धेनुकासुर नामले उत्पन्न भएको प्रसङ्ग पाइन्छ ।

खर इत्युच्यते दैत्यो धेनुकः सोऽसुरोत्तमः ।

घोरं तालवनं दैत्यश्चरत्युद्वासयन् प्रजाः ॥ हरिवं.पु.५४।७५

कालियनाग

स्वायम्भुव मन्वन्तरमा वेदशिरा नामक भृगुवंशी मुनि थिए । उनी विन्ध्यपर्वतमा तपस्या गर्दथे । तपस्यारत मुनिका समीपमा अश्वशिरा नामक मुनि पनि तपस्या गर्न भनी पुगे । आफूले तपस्या गरिरहेका ठाउँमा अर्का ऋषिलाई तपमा बस्न आटेको देखेपछि वेदशिरालाई साह्रै झोक उठ्यो र उनले आफ्नो रिस पोखे- "हे ब्रह्मन् ! मेरा आश्रममा तप गर्ने जमर्को नगर्नोस्, राम्रो हुँदैन । के अन्यत्र कहीं तपयोग्य भूमि देख्नु भएन ?"

ममाश्रमेतपोविप्रमाकुर्यास्सुखदंनहि ।

अन्यत्रतेतपोयोग्याभूमिर्नास्तितपोधन ॥ *गर्गसं.वृ.१४।५*

वेदशिराका अभिमानी वचन सुनेपछि अश्वशिरा पनि जङ्गिए- "यो भूमि महाविष्णुको हो, न तिम्रो न मेरो । यहाँ कयौं ऋषि-महर्षिले अनुष्ठान गरे होलान् ? तिमी व्यर्थ सर्प समान फुङ्कार गर्दा रहेछौ, अतः सर्प भैजाऊ । तिमीलाई सदा गरुडको भय रहोस् ।"

श्वसन् सर्प इव त्वं भो वृथा क्रोधं करोषि हि ।

सदा सर्पो भव त्वं हि भूयात्ते गरुडाद्भयम् ॥ *गर्गसं.वृ.१४।८*

सामान्य कुरामा कठोर दण्ड पाएका वेदशिरालाई पनि असह्य भयो र अश्वशिरालाई श्राप दिँदै भने- "तिम्रो भाव बडा दूषित रहेछ, सामान्य कुरामा यति ठूलो दण्ड ! काग जस्तै आफ्नो काम बनाउन चतुर रहेछौ, तसर्थ तिमी काग भै जाऊ ।

त्वं महादुरभिप्रायोलघुद्रोहेमहोद्यमः ।

कार्यार्थी काक इव कौ त्वं काको भव दुर्मते ॥ *गर्गसं.वृ.१४।९*

यसरी श्रापाश्राप गरी आफ्नो अमूल्य जीवन वर्वाद भएको देखेर दुबै अत्यन्त पीडाको अनुभूति गर्न थाले । वेदशिरा र अश्वशिराको दयनीय अवस्था बुझी भगवान् नारायण प्रकट भई सम्झाउन थाल्नुभयो । हे ऋषि वेदशिरा ! चिन्ता नलिनु तपाईं सर्प भए पनि मेरो दर्शन होला । मेरा चरण चिह्न शिरमा अंकित भएपछि गरुडको भय रहने छैन । अरु त कर्मको फल हो भोग्नै पर्छ । त्यसैगरी अश्वशिरा तर्फ हेर्दै भगवान्ले भन्नुभयो - "कागका रूपमा रहे पनि तिमी महाज्ञानी हुनेछौ । त्रिकालदर्शी र योगीहरूले पूजित भई रहने छौ ।"

यसरी घटित घटनाले वेदशिरा कश्यपपत्नी कद्रूका पुत्र रूपमा कालियनाग भए भने अश्वशिरा काकभुशुण्डी भइ रामचरित्रका

रचयिता भए । काकभुशुण्डीले गरुडलाई श्रीराम चरित्र सुनाएका थिए । अहिले पनि काकभुशुण्डी रामायण प्रसिद्ध छ । श्रीकृष्णको चरण चिह्न शिरमा अंकित भएपछि कालियनागलाई गरुडको त्रास हट्यो । नागहरूका बासस्थानका लागि ब्रह्माले पृथिवीमा रमणकद्वीप प्रदान गर्नु भएको थियो । कालियनाग त्यहीँ सपरिवार बस्तथ्यो । गरुडसँग भएको झगडाले बाँच्नका निम्ति यमुनाको दहमा आई बसेको थियो किन कि यस यमुना नदीमा गरुडले प्रवेश गरे सौभरि ऋषिका श्रापले उसको मृत्यु निश्चित थियो । प्रसङ्गमा, गरुडले एक दिन सौभरि ऋषिको आश्रम समीपमा रहेको यमुना नदीका माछा मारेर खाएको देखि क्रोधित ऋषिले श्राप दिएका थिए - "आज उप्रान्त यदि यस दहमा आइस् भने तेरो मृत्यु हुनेछ ।"

अद्यप्रभृति पक्षीन्द्र यद्यागच्छति मे ह्रदम् ।

मदीयशापात्तूर्णञ्च भस्मसाद्भविता ध्रुवम् ॥ *ब्र.वै.पु.कृ.१९/३१*

मीनानद्यतनादत्रयद्यत्सित्वंबलाद्विराट् ।

तदैवप्राणनाशस्ते भूयान्मे शापतस्त्वरम् ॥ *गर्गसं.वृ.१५/३०*

यो कुरा कालियले सुनेको रहेछ, तसर्थ बाँच्न त्यहाँ शरण लिएको हो । आखिरमा भगवान् कृपाले कालियनाग सपरिवार रमणक द्वीपमा नै फर्कियो ।

प्रलम्बासुर

यक्षराज कुबेरले आफ्नो सुन्दर चैत्ररथ बगैंचामा भगवान् भोलेनाथको पूजनार्थ विविध पुष्पहरू लगाएका थिए । नानायरिका फूलहरूको विभिन्न तरिकाले संरक्षण गर्न खोज्दा पनि कुबेर असफल भए । कसले चोर्थ्यो चोर्थ्यो । अन्ततः बलवान् यक्षराज कुबेरले

क्रोधित भई जानकारी बिना बगैँचाबाट जोसुकैले फूल टिपे पनि पृथिवीमा असुर भएर जन्मने घोषणा गरे ।

ये गृह्णन्त्यस्य पुष्पाणि स्वेचान्येसुरमानवाः ।

भवितारोऽसुराः सर्वे मच्छापात्सहसाभुवि ॥ *गर्गसं.मा.ख. २०।१८*

यो कठोर श्राप पर्ने डरले त्यहाँ कोही पनि फूल टिप्न जाँदैनथे । एकदिन हूहू नामक गन्धर्वको विजय नामक पुत्र तीर्थभूमि विचरण गर्दै भगवान् विष्णुको गुणानुवादमा तल्लीन हुँदै चैत्ररथ बगैँचामा पुगेछ । उसलाई श्रापको ज्ञान थिएन । बगैँचामा रहेका सुन्दर पुष्पहरू टिप्दै अगाडि बढ्दा गन्धर्वरूप हटिसकेको र आफू असुरका रूपमा हिडिरहेको पायो । तत्काल महात्मा कुबेरका शरणमा गई अनुनय-विनय गरी आफू अन्जान रहेको सुनाएपछि कुबेरले सान्त्वना दिदै भने - "तिमी विष्णुभक्त रहेछौ, चिन्ता नगर । द्वापरको अन्त्यमा यमुनाका तटमा रहेको भाण्डीर वनमा बलरामका हातबाट तिम्रो मुक्ति होला ।"

द्वापरान्ते च ते मुक्तिर्बलदेवस्य हस्ततः।

भविष्यति न सन्देहो भाण्डीरे यमुना तटे ॥ *गर्गसं.मा.ख. २०।२३*

यही हूहू गन्धर्वको छोरो विजय कुबेरका श्रापको फल भोग्न प्रलम्बासुर भई जन्मिएको थियो, पछि कुबेरले दिएकै वरदानका कारण बलरामका हातबाट मुक्त पनि भयो ।

हूहूसुतः स गन्धर्वः प्रलम्बोऽभून्महासुरः ।

कुबेरस्य वराद्राजन् परं मोक्षं जगामह ॥ *गर्गसं.मा.ख. २०।२४*

हरिवंशपुराण अनुसार लम्ब नामक विख्यात दैत्य नै प्रलम्बासुर हो ।

लम्बो नामेति विख्यातो योऽसौ दैत्येषु दर्पितः।

प्रलम्बो नाम दैत्योऽसौ वटं भाण्डीरमाश्रितः॥ *हरिवं.पु.५४।७४*

यज्ञपत्नीहरू

थिनीहरू पूर्वजन्ममा सप्तर्षिका पत्नी थिए। एक दिन सप्तर्षिले संयुक्त रूपमा यज्ञको आयोजना गरे। पत्नीहरूका साथमा गरिएको यज्ञ मात्र सफल हुन्छ। यज्ञ सफल भयो। यज्ञमा आवाहित अग्निदेव सप्तर्षिका पत्नीहरूको सौन्दर्यमा लठ्ठ भई हेर्न थाले। अग्निको कुदृष्टिमा नजर मिलाइरहेका आफ्ना पत्नीहरू देखेर ऋषिहरूलाई रिस उठ्नु स्वभाविक थियो। तथापि यथार्थ नबुझी केही भनिहाल्नु उपयुक्त हुँदैन भनी अरु सबै त चुपै थिए, अङ्गिरा ऋषिले क्रोधलाई जित्न सकेनन् र अग्निसहित नारीहरूलाई पनि श्राप दिँदै भने- "अग्निदेव तिम्रो भावना दूषित रहेछ, तिमीले सर्वभक्षी हुनु परोस्। हे दुष्टा नारी हो! तिमीहरूका मनमा पाप रहेछ, मानुषी योनिमा सामान्य ब्राह्मणका घरमा जन्म लिई ब्राह्मणपत्नी हुनु परोस्।"

वह्नेश्च मानसं ज्ञात्वा भगवानङ्गिरा मुनिः

शशाप तं चेत्युवाच सर्वभक्षो बभूव ह॥

क्रुद्धो मुनिः परस्पृष्टाः कामिनीश्च शशाप ह।

यात यूयं पापयुक्ता मानुषीं योनिमेव च॥ *ब्र.वै.पु.कृ.१८।८३।८५*

श्रापबाट भयभीत नारीहरूले धेरै अनुनय-विनय गरी रोएको देखी सान्त्वना दिँदै अङ्गिराले भने - "भारतवर्षमा ब्राह्मण कुलमा जन्म भई ब्राह्मणकुलमा नै विवाह हुनेछ। अहिले मानुषी योनिमा जाओ, श्रीकृष्णको दर्शन प्राप्त भई मुक्त हुनेछौ।"

यात यूयञ्च पृथिवीं मानुषीं योनिमीप्सिताम् ।

कृष्णदर्शनमात्रेण गोलोकं यास्यथ ध्रुवम् ॥ *ब्र.वै.पु.कृ.१८।१२०*

यिनै सप्तर्षिपत्नीहरू व्रजमा ब्राह्मणपत्नीका रूपमा थिए । भगवान् श्रीकृष्णलाई अन्न-जल प्रदान गरी मानुषी योनिबाट मुक्त भए ।

ता आगत्य महीं शापाद् बभूवुर्विप्रयोषितः ।

दत्वान्नं हरये भक्त्या प्रजग्मुर्हरिमन्दिरम् ॥ *ब्र.वै.पु.कृ.१८।१२३-२४*

ऋषिहरूको श्राप पनि आज वरदान तुल्य भयो, किन कि परमात्मा प्रभुको दर्शन उनीहरूले पाए ।

गिरिराज-गोवर्धन

एकदिन परमात्मा प्रभु श्रीकृष्णले गोलोक धाममा राधासँग भन्नुभयो, "तिमी सधैं मसँग वियोग हुने हो कि भनी डराइ रहन्छ्यौ, तसर्थ हिंड, भूतलमा लीलार्थ जाऊ ।" राधा भन्छिन्, "हे प्रभो ! वृन्दावन, यमुना र गोवर्धन नभएका ठाउँमा मन रमाउँदैन तसर्थ जान्न ।" राधालाई आनन्द प्रदान गर्नाका लागि प्रभुले वृन्दावन, यमुना र गोवर्धनलाई भूतल झर्ने आज्ञा प्रदान गर्नुभयो । यसै क्रममा चौरासी कोसको विस्तृत भूमि वृन्दावन-यमुना अवतरित भैसकेपछि गिरिराज गोवर्धन पनि भारत वर्षको पश्चिम दिशामा शाल्मली द्वीपभित्र द्रोणाचल पर्वतको सुपुत्रका रूपमा पृथिवीमा प्रकट भए । धरा-धाममा गिरिराजका रूपमा यिनको ख्याति बढ्दै गयो । एक समय मुनि श्रेष्ठ पुलस्त्यजी तीर्थ भ्रमण गर्दै द्रोणाचलका पुत्र गोवर्धन भएका ठाउँमा पुग्नु भयो । गोवर्धनको सुन्दरतामा मुग्ध मुनिले

द्रोणाचलसँग तिम्रो पुत्र गोवर्धन मलाई देऊ भनी मागे । मुनिको क्रोधबाट बँच्न उनले आफ्नो अत्यन्त प्रिय पुत्र मुनिलाई दिई पठाए । यसैबिच गोवर्धनले मुनिसँग एउटा सर्त राखे । मेरो शरीर आठ योजन लामो, दुई योजन अग्लो र पाँच योजन चौडा छ । म हिड्दिन, तपाईं मलाई सहजसँग लानुहुन्छ भने जान्छु, तर कहीं राख्नुभयो भने उठ्दिन, त्यहीं बस्छु । तेजस्वी र तपका धनी मुनिले शर्त स्वीकार्दै हत्केलामा गिरिराजलाई राखी काशीतर्फ लिएर हिडे ।

उपविश्य करे मे त्वं गच्छ पुत्र यथासुखम् ।

वाहयामि करे त्वां वै यावत्काशीसमागमः ॥ *गर्ग सं.वृ. २।३०*

मुनि गिरिराजलाई काशी लगी विश्वनाथका समीपमा स्थापित गर्न चाहन्थे । जाँदा जाँदै बीचमा वृन्दावन भूमि पुगेपछि गिरिराजलाई श्रीकृष्णको वचन याद आयो । भविष्यमा प्रभुबाट हुने अद्भुत लीला सम्झिए । अब उनलाई वृन्दावन छोडी कहीं जान मन भएन । उनी अत्यधिक भारी भए । त्यो भार अगस्त्यले सहन नसकी भूइमा थचक्कै राखे । केही क्षण पश्चात् उठाउन खोज्दा गिरिराजले सर्त सम्झाए । निराश अगस्त्य प्रतिदिन तिल मात्र घटेस् भनी श्राप दिदै काशीतर्फ लागे ।

नित्यं संक्षीयते नन्द तिलमात्रं दिने दिने ॥ *गर्ग सं.वृ. २।४८*

यसरी गिरिराज गोवर्धन भूतलको वृन्दावनमा स्थापित भए । यिनको दर्शन मात्रले पनि मानवका हरेक इच्छा-आकांक्षा पूर्ण हुन्छन् ।

गन्धमादनयात्रायां यत्फलं लभते नरः ।

तस्मात् कोटिगुणं पुण्यं गिरिराजस्य दर्शने ॥ *गर्ग .स.गि.ख.१०।१५*

शंखचूड

यो शंखचूड गोलोकवासी भगवान् श्रीकृष्णको सखा श्रीदामा थियो । एकसमय गोलोकवासी श्रीकृष्ण लीलार्थ पत्नी विरजाका समीप जानुभएको थियो । द्वारमा द्वारपालका रूपमा श्रीदामा नियुक्त थिए । अकस्मात् राधारानी श्रीकृष्णलाई खोज्दै त्यहीं आएर महलभित्र जाने प्रयास गर्नु भयो । द्वारमा रहेका श्रीदामाले राधालाई भित्र जान दिएनन् । राधाले निकै प्रयास गरिन् तर श्रीदामाले रोक्नै पर्ने थियो, रोके । राधाको पारो तात्यो, उनले श्रीदामालाई श्राप दिइहालिन् - "हे मूर्ख गोप ! गोलोकबाट गई व्रजमा असुर भएर बसेस् । मैले श्राप दिएँ, हेरौं, कसले तेरो रक्षा गर्दो रहेछ ?"

गोपव्रजासुरीं योनिं गोलोकाच्चबहिर्भव ।

मयाद्यशप्तोमूढस्त्वं कस्त्वां रक्षितुमीश्वरः ॥ ब्र.वै.पु.कृ.३।९९

आफूले श्रीकृष्णको आज्ञा पालन गरेकामा श्राप पाउँदा श्रीदामाले पनि क्रोध रोक्न सकेनन् र राधालाई श्राप दिदै भने-"सामान्य मानवको जस्तो तिम्रो रिस रहेछ, व्रजमा सामान्य मानव भई रहनु परोस् र सय वर्षसम्म श्रीकृष्णसँग विछोड होस् ।"

मनुष्य इव कोपस्ते तस्मात् त्वं मानुषी भव ।

भविष्यसि न सन्देहो मया शप्ता त्वमम्बिके ॥

गोकुले प्राप्य तं कृष्णं विहृत्य वस कानने ।

भविता ते वर्षशतं विच्छेदो हरिणा सह ॥ ब्र.वै.पु.३।१०२।१०५

"यसरी श्रापाश्राप गरेर पश्चाताप गरिरहेका अवस्थामा श्रीकृष्ण आई दुवैलाई सम्झाउनु भयो । हे राधे ! कर्म अनुसारको फल भोग्नै पर्छ, चिन्ता नगर । तिमी मानुषी भएर व्रजमा गए पनि

बाल्यावस्थासम्म मसँग सम्पर्कमा रहने छ्यौ । त्यस उप्रान्त सयवर्ष पछि समन्तपञ्चक क्षेत्रमा ग्रहणस्नानार्थ जाँदा भेट हुनेछ । तिमी आफै प्रकृति हौ धैर्य धारण गर ।"

"हे श्रीदामा ! पृथिवीमा शंखचूड असुरका रूपमा तिम्रो उत्पत्ति हुनेछ, अत्यन्त शक्तिशाली तिमी एक जन्ममा भगवान् भोलेनाथका हातबाट मुक्त हुने छौ । तिम्री पत्नी तुलसी पतिव्रता हुने छिन्, भने अर्को जन्ममा अलकापुरीमा कुबेरको अनुचर भई बुद्धिभ्रष्ट हुँदा म कृष्णका रूपमा रहँदा मेरा हातबाट मुक्त हुनेछौ र फेरि गोलोक प्राप्त हुनेछ । सोही अनुसार एक जन्ममा शिवका हातबाट र अर्को जन्ममा श्रीकृष्णका हातबाट मुक्त भयो । यो प्रसङ्ग गर्गसंहिता वृन्दावनखण्ड २७ अध्याय र ब्रह्मवैवर्तपुराण कृष्णजन्मखण्ड तेस्रो अध्यायमा अवलोकन गरी विस्तृत बुझ्न सकिन्छ ।

शिवपुराण अनुसार पनि कृष्ण पार्षद सुदामा नामक गोप शंखचूड भएको देखिन्छ ।

सुदामा नाम गोपो यः कृष्णस्य पार्षदाग्रणी ।

शंखचूडोऽभवदद्य राधा शप्तश्च यन्मुने ॥ *शिवपु. रु. यु. २८।३२*

अरिष्टासुर

वरतन्तु नाम गरेको वृहस्पतिको शिष्य थियो । एक दिन गुरुकुलमा पढ्ने अवसरमा गुरु सम्मुख दुबै खुट्टा पसारेर बस्यो । गुरुले सामान्य रूपमा सम्झाउनु भयो तर अटेर गरी पाउ पसारी रह्यो । क्रोधित वृहस्पतिले श्राप दिए - "हे दुष्ट ! गोरु समान के खुट्टा पसारेर बस्छस्, गोरु नै भएस् ।" गुरुको अपमान कसैले गर्नु हुँदैन, गुरुको अपमानको फल उसले पायो । वंग देशमा वृषाकृति असुर भई जन्मियो ।

गुरुहेलनकृत् तस्मात्वं वृषो भव दुर्मते ।

तेन शापाद् वृषोऽभूवं वंगदेशेषु माधव ॥ *गर्गसं.मा.ख.२४।२५*

यसरी गुरु वृहस्पतिंको अपमान गर्नाले वरतन्तु नै वृषभासुर अर्थात् अरिष्टासुर भई वंग देशमा बस्तथ्यो । कंसको वचनानुसार कृष्ण मार्न आएको ऊ कृष्णकै हातबाट मुक्त भयो ।

हरिवंशपुराण अनुसार बलिपुत्र अरिष्ट नै अरिष्टासुर अर्थात् वृषभासुर हो ।

अरिष्टो बलिपुत्रश्च ककुद्मी वृषरूपधृक् ।

गवामरित्वमापन्नः कामरूपी महासुरः ॥ *हरि.वं.पु.ह.५४।७२*

केशी

यो कुमुद नामक इन्द्रको अनुचर थियो । देवराज इन्द्रलाई छाता ओढाउने काम गर्दथ्यो । वृत्रासुर दानवको अन्त्य गर्नाले इन्द्रलाई ब्रह्महत्या लाग्यो । ब्रह्महत्याको निराकरणार्थ इन्द्रले अश्वमेध यज्ञको आयोजना गरे । यज्ञीय अश्व सारै सुन्दर थियो । यो कुमुद त्यो घोडा देखेर घोडामा चढ्ने आफ्नो इच्छालाई रोक्न सकेन । घोडा चोरेर भाग्ने दुःस्साहस गऱ्यो । इन्द्रका आदेशले मरुद्‌गणले यसलाई बाँधेर ल्याए । क्रोधित इन्द्रले श्राप दिए, "तैले घोडा चोरिस्, तसर्थ दुई मन्वन्तरसम्म अश्वाकृति असुर भएस् ।" यही कुमुद इन्द्रका श्रापले केशी नामक अश्वाकृति असुर भई बस्तथ्यो । श्रीकृष्णका हातबाट मुक्त भयो । मुक्त भएपछि श्रीकृष्णले को हौ भनी प्रश्न गर्दा, केशीले उत्तर दिए -

शशाप मां बलारातिस्त्वं रक्षो भव दुर्मते ।

हयाकृतिस्ते संभूयाद् भूमौ मन्वन्तरद्वयम् ॥ *गर्गसं.म.२।२१।२२*

अर्थात् इन्द्रका श्रापका कारण म दुई मन्वन्तरसम्म हयाकृति असुर भएँ। आज हजुरका हातबाट मुक्त हुने सौभाग्य मिल्यो।

हरिवंशपुराण अनुसार अतुल पराक्रमी हयग्रीव नामक दैत्य जो विष्णुका हातबाट मरेको थियो, विष्णुसँग बदला लिन केशी नामले कंसका सहयोगीका रूपमा बस्तथ्यो।

योऽप्यसौ हयविक्रान्तो हयग्रीव इति स्मृतः।

केशी नाम हयो जातः स तस्यैव जघन्यजः॥ *हरिवं.पु.ह.५४।७०*

व्योमासुर

काशीमा भीमरथ नामक एक विष्णुभक्त दानी राजा बस्तथे। लामो समय राज्य गरे पश्चात् आफ्ना पुत्रलाई राज्यभार जिम्मा लगाएर उनी तप गर्न मलयाचल पर्वतमा गए। मलयाचल पर्वतमा उनले धेरै समय कठोर तप गरे। संयोगले एकदिन शिष्यमण्डली सहित अगस्त्य ऋषि त्यहाँ आइपुग्नु भयो। तपस्यारत राजाले ऋषिको आगमन थाहा पाएर पनि ऋषिको आतिथ्य सत्कारमा ध्यान दिएनन्। आफ्नो अपमान सम्झिएका मुनिले श्राप दिइहाले।

"हे दुष्ट! तँ दैत्य भएस्।" राजा शरण परे। केही प्रसन्न भएका मुनिले भगवान् श्रीकृष्णको हातबाट मुक्ति मिल्ने वरदान दिए।

शापं ददौ पुलस्त्योऽपि दैत्यो भव महाखल।

सोऽयं भीमरथो राजा मयदैत्यसुतोऽभवत्॥

श्रीकृष्णभुजवेगेन मुक्तिं प्राप विदेहराट्॥ *गर्गसं.मा.ख.२४।१०।१३*

पुलस्त्यका श्रापले भीमरथ राजा नै मय असुरको छोरो व्योम नामक असुर भएर जन्मिएकोथियो। श्रीकृष्णका हातबाट मुक्त भयो।

रजक (धोबी)

यो अयोध्या निवासी धोबी थियो । एकदिन श्रीरामद्वारा प्रेषित गुप्तचर राज्यका कुना कुनामा जनता के भन्छन् भनी चासो दिइरहेका थिए । अकस्मात् एउटा धोबी आफ्नी श्रीमतीलाई भन्दै रहेछ, "म स्त्रीलोभी राम हूँ र ! अर्काका घरमा बसेकी सीतालाई सहर्ष स्वीकार्ने ?"

नाहं बिभर्मि त्वां दुष्टामुशतीं परवेश्मगाम् ।

स्त्रीलोभीबिभृयात्सीतां रामोनाहं भजे पुनः ॥ *गर्गसं.म.१०।५*

यो धोबीका वचन गुप्तचरबाट सुनेपछि लोकापवादबाट बँच्न श्रीरामले निर्दोष सीताको परित्याग गर्नु परेको थियो । त्यो समयमा सो दुष्टलाई दण्ड दिनु उचित थिएन । त्यही त्रेता युगको धोबी द्वापरमा पनि धोबी नै भई आएको थियो । वस्त्र माग्दा जब दुर्वचन बोल्यो, भगवान् श्रीकृष्णका हातबाट परंधाम गयो ।

मथुरायां द्वापरान्ते रजकः स बभूव ह ।

कुवाक्यदोषशान्त्यर्थं तं जघान हरिः स्वयम् ॥ *गर्गसं.म.१०।६।७*

सूचिकार (दमाई)

पूर्वजन्ममा मिथिला नगरीमा अत्यन्त कुशल भगवद्भक्त दमाई थियो । राजा सीरध्वजका आज्ञाले यो दमाईले राम र लक्ष्मणका लागि राम्रा राम्रा वस्त्र तयार गरेको थियो । भगवान्का सौन्दर्यमा मुग्ध भई कल्पना गर्‍यो, कहिले संयोग मिल्ला राम-लक्ष्मणलाई आफ्नै हातले वस्त्र लगाईदिने ? सर्वज्ञ श्रीरामबाट के छिपेको थियो र ? वरदान दिनुभयो, "द्वापरमा तिम्रो इच्छा पूर्ण हुनेछ ।" यही दमाई द्वापरमा श्रीकृष्ण र बलरामलाई वस्त्र पहिर्‍याई अन्त्यमा परंधाम गयो ।

श्रीरामस्य वरात्सोऽयं मथुरायां बभूव ह ।

तयोर्वेषं कारयित्वा तत्सारुप्यं जगाम ह ॥ *गर्गसं.म.१० ।१६*

सुदामा माली

यो सुदामा माली चैत्ररथ वनमा हेममाली नामक माली थियो । श्रीकृष्ण प्राप्तिका लागि प्रतिदिन तीन सय कमलपुष्प भगवान् शिवलाई अर्पण गर्दथ्यो । उसको भक्तिले शिवलाई प्रकट हुन कर लाग्यो । वरदानमा श्रीकृष्णको दर्शन र श्रीकृष्णलाई माला लगाइदिन पाउँ भनी माग्यो । शिवले द्वापरमा तिम्रो इच्छा पूर्ण हुनेछ, तथास्तु भन्दै भक्त हेममालीको प्रशंसा गर्नुभयो ।

द्वापरान्ते भारते च मथुरायां महामते ।

मनोरथस्ते सफलो भविष्यति न संशयः ॥ *गर्गसं.म.१० २४*

यही हेममाली द्वापरमा सुदामा नामक माली भई जन्मिएको थियो ।

महेश्वरवरेणासौ हेममाली महामनाः ।

मालाकारो द्वापरान्ते सुदामा संबभूव ह ॥ गर्गसं.म.१०।२५.

हरिवंशपुराण अनुसार मालीको नाम गुणक थियो ।

गुणको नाम तत्रासीन्माल्यवृत्तिः प्रियंवदः ।

प्रभूतमाल्यापणवाँल्लक्ष्मीवान् ऽप्रियदर्शनः ॥ *हरि.पु.वि.पर्व२७।१९*

यस मालीले बलराम र श्रीकृष्ण प्रभुलाई माला लगाई दिएर जन्म सफल बनायो ।

कुब्जा

कुब्जा पूर्वजन्ममा शूर्पणखा नामक राक्षसी थिई । त्रेता युगमा रावणकी वहिनी शूर्पणखाले पञ्चवटीमा राम-सीता-लक्ष्मण रहेका अवसरमा श्रीरामको सौन्दर्यमा मोहित हुँदै पत्नी रूपमा स्वीकार गर्न अनुरोध गरी । श्रीरामले आफू श्रीमती सहित रहेको बरु लक्ष्मणतर्फ जान अनुरोध गरेपछि, लक्ष्मणसँग पनि सोही प्रस्ताव राखी । लक्ष्मणले आफूबाट त्यस्तो काम नहुने बताएपछि माता सीतालाई मार्न दौडी । लक्ष्मणले नाक-कान काटी त्यहाँबाट खेदे । दाजु रावणलाई रामका कारण आफ्नो यो अवस्था भयो भन्दै विद्वेष फैलाएर, दुःखी भएकी ऊ शिवको ध्यानमा तल्लीन भई । कठोर ध्यानले शिवलाई प्रकट गरायो । वरदानका रूपमा श्रीराम पति पाऊँ भनी मागी । शिवले यो जन्ममा सम्भव छैन, द्वापरमा तेरो इच्छापूर्ण हुनेछ भनी वर दिनुभयो ।

अद्यैव सफलो नस्याद्वरस्ते श्रृणु राक्षसि ।
द्वापरान्ते माथुरे च भविष्यति न संशयः ॥ *गर्गसं.म.१२।९*

यही शूर्पणखा कुब्जा भएर आएकी थिई । श्रीकृष्णले उसको इच्छा पूर्ण गरिदिनु भयो ।

सैव शूर्पणखा नाम राक्षसी कामरूपिणी ।
अभूच्छ्रीमथुरायान्तु कुब्जानाम महामते ॥
महादेव वरेणापि श्रीकृष्णस्य प्रियाभवत् ॥ *गर्गसं.म.१२।१०-११*

यो प्रसङ्ग ब्रह्मवैवर्तपुराणमा केही भिन्न छ । दुःखित शूर्पणखाले पुष्कर क्षेत्रमा ब्रह्माको ध्यान गर्दा खुसी भएका ब्रह्माले वरदान दिँदै

भन्नुभयो - "यो जन्ममा हैन, अर्को जन्ममा प्रकृतिदेखि पर रहेका प्रभु श्रीमान् रूपमा प्राप्त गर्नेछ्यौ ।"

ब्रह्मविष्णुशिवादीनामीश्वरं प्रकृतेः परम् ।

जन्मान्तरे च भर्तारं प्राप्स्यसि त्वं वरानने ॥ *ब्र.वै.पु.कृ.६२।५२*

यो वरदान दिएर ब्रह्मा आफ्नो धाम जानु भयो । ब्रह्माका वचनले हर्षित शूर्पणखाले अग्निमा त्यो देह त्यागी अर्को जन्ममा कुब्जा भई जन्मिएकी हो ।

इत्येवमुक्त्वा ब्रह्मा च जगाम स्वालयं मुदा ।

देहं तत्याज सा वह्नौ सा च कुब्जा बभूव ह ॥ *ब्र.वै.पु.कृ.६२।५३*

आनन्दरामायणका अनुसार भने दुन्दुभी नामकी गन्धर्वी नै त्रेतायुगमा मन्थरा र द्वापरमा कुब्जा भएकी हो ।

गन्धर्वी दुंदुभी नाम्नी भूम्याः कार्यार्थ सिद्धये ।

मन्थराऽग्रे भवत्वद्धा राज्यविघ्नार्थसिद्धये ॥

पश्चात् पुनर्द्वापरान्ते कुब्जात्वं कंसमन्दिरे ॥ *आनन्दरा.सार.२।२-३*

आनन्द रामायणकै विलास खण्डका अनुसारभने पिंगला नामकी दासी कुब्जा भएको उल्लेख पाइन्छ ।

भविष्यसि त्रिवक्रा त्वं मथुरां हि कुत्सिता ।

वेश्यया प्रार्थिता प्राह कृष्णस्त्वामुद्धरिष्यति ॥

आनन्द रा., विलासखण्ड, ९।९७

माता सीता रजोवती भएका अवस्थामा मौका छोपी श्रीरामसँग सहवासको चाहना गरी महलमा पुगेकी पिंगला नामकी दासीलाई माता सीताले यथार्थ कुरो बुझी श्राप दिँदै भन्नुभएको प्रसङ्ग हो यो ।

कंसका महलमा ऊ दासी थिई । जे होस् प्रभुले कुब्जाको उद्धार गर्नुभयो । उसको इच्छा मुताविक सौन्दर्य प्रदान गरी केही दिन उसका घरमा बिताई उसलाई पत्नीको दर्जा प्रदान गर्नुभयो ।

कुवलयापीड हाती

बलिको मन्दगति नामक पुत्र नै कुवलयापीड नामक हातीका रूपमा आएको थियो । बलिपुत्र मन्दगतिको शरीर विशाल थियो । एक समय रंग यात्रामा कयौं मानिस एकत्रित भएका थिए । यो पनि सबैलाई धक्का दिदै बडा वेगले जादै थियो । वरपर नहेरी स्वच्छन्द रूपले हिडेको यसले वृद्ध रहेका त्रित नामक मुनिलाई धक्का दिएर लडाई दियो । जसोतसो उठेर ऋषिले हातमा जल लिई श्राप दिदै भने- "हे दुष्ट ! यो पवित्र यात्रामा पनि मत्त हाती समान मान्छेलाई लडाउँदै हिड्छस्, यो अपराधले तँ हाती नै भएस् ।" यही बलिपुत्र मन्दगति विन्ध्य पर्वतमा कुवलयापीड नामक हातीका रूपमा जन्मन पुगेको थियो ।

गजवत्त्वं मदोन्मत्तो भूजनान् परिमर्दयन् ।
विचरस्यत्र यात्रायां त्वं गजो भव दुर्मते ॥
सोऽयं मन्दगतिर्दैत्यो गजोऽभूद्विन्ध्यपर्वते ।
नाम्ना कुवलयापीडो नागायुतसमो बले ॥ *गर्गसं.म.११।१६।२४*

जब मन्दगति ऋषिका शरणमा परी रोयो, दयाले भरिएका ऋषिले श्रीकृष्णका करकमलबाट मुक्त होलास् भनी सान्त्वना दिए ।

मा शोकं कुरु दैत्येन्द्र मथुरायां हरेः पुरि ।
श्रीकृष्णहस्तात्तेमुक्तिर्भविष्यति न संशयः ॥ *गर्गसं.म.११।२३*

त्रित मुनिका श्रापका कारण बलिपुत्र मन्दगति कुवलयापीड हाती भई श्रीकृष्णका हातबाट मुक्त भयो । यो विन्ध्य पर्वतमा बस्तथ्यो । एक दिन जरासन्धले यसलाई देखी धेरै संघर्ष गरेर वशमा पारी घर लग्यो । केही समय पश्चात् यो हाती बाँधेको ठाउँबाट भागेछ । कसैले यसलाई नियन्त्रणमा लिन सकेनन् । संयोगले कंसले यो खबर सुनी हातीसँग लडाई गरेर वशमा पारी जरासन्धलाई जिम्मा लायो । कंसको पराक्रम देखी प्रसन्न जरासन्धले आफ्ना दुई ओटी अस्ति र प्राप्ति नामका छोरी कंसलाई दिएर साथमा दाइजोका रूपमा कुवलयापीड हाती पनि दिएका थिए ।

चाणूर, मुष्टिक आदि पाँच मल्ल

अमरावतीमा उतथ्य मुनिका पाँच भाइ छोरा थिए । आफ्ना पुत्र कामदेव समान रूपवान् भएकामा मुनिलाई गर्व थियो । उनीहरूको पठन-पाठनको व्यवस्था मुनिले गरेका थिए । छोरा पढ्न जान्छन् भनी मुनि मख्ख थिए । छोराहरू पढ्न भन्दा पनि राजा बलिसँग कुश्ती खेल सिक्न जाँदा रहेछन् । यो कुरा थाहा पाएर मुनिलाई ठूलो चोट पर्‍यो । आखिर क्रोधले सीमा नाघ्यो । छोराहरूलाई श्राप दिदै भने -"हे मूर्ख हो ! ब्राह्मण कुलमा जन्म लिएर, यो क्षत्रिय कर्ममा लागेछौ, कुश्ती खेलमा तिमीहरूको मन रमायो, तसर्थ भारत बर्षमा मल्ल भएर जन्म होस् । पिताका श्रापले यिनीहरू चाणूर, मुष्टिक, कूट, शल, र तोशल नामले भारत वर्षमा जन्मिए । प्रसिद्ध मल्लका रूपमा यिनीहरूलाई प्रसन्न तुल्याएर कंसले आफ्ना वशमा राखेको थियो । भगवान् श्रीकृष्ण र बलरामका हातबाट यिनीहरू मुक्त भए ।

तस्मात् भवन्तो भूयासुर्मल्ला वै भारताजिरे ।

चाणूरो मुष्टिकः कूटः शलस्तोशल एव च ॥ *गर्गसं. म. १२।१।११*

हरिवंशपुराण अनुसार वाराह र किशोर नामक महाबली दानव नै चाणूर र मुष्टिक नामले उत्पन्न भई कंसका अखाडामा प्रमुख मल्लका रूपमा थिए ।

वाराहश्च किशोरश्च दानवौ यौ महाबलौ

मल्लौ रङ्गतौ तौ तु जातौ चाणूरमुष्टिकौ ॥ *हरिवं.पु.ह.प.५ ४।७६*

कंस

समुन्द्र मन्थनका समयमा विष्णुका हातबाट मारिएको कालनेमि नामक असुर द्वापरमा उग्रसेन राजाको पुत्रका रूपमा कंस नाम लिई जन्मिएको हो । विष्णुका हातबाट मरेका कारण ऊ जन्मदै विष्णुद्वेषी भई जन्मिएको थियो ।

कालनेमिरितिख्यातो दानवानां महाबलः।

स कंस इति विख्यात उग्रसेन सुतो बली ॥ *हाभा.आ.प.६७।६७*

कंस अत्यन्त शक्तिशाली थियो । बालख कालमानै धेरै बलवान्हरूलाई युद्धमा पराजित गरेर प्रसिद्ध भएको थियो । बिस्तारै बिस्तारै पूतना, वत्सासुर, बकासुर, अघासुर, धेनुकासुर, अरिष्टासुर, व्योमासुर, केशी आदि अनेकौं शक्तिसम्पन्न असुर राजाहरूलाई पराजित गरी वशमा राख्न कंस सफल भएको थियो । इन्द्रादि देवताहरूलाई समेत पराजित गरी साधु सन्त ब्राह्मण र सर्वसाधारणलाई समेत दुःख दिन थालेपछि यस्ता अनेकौं दुष्टहरूको भारले आक्रान्त भूमिको प्रार्थनामा श्रीकृष्णावतार भएको हो । कंसले एकदिन महेन्द्र पर्वतलाई उखलेछ । त्यहीं तपस्या गर्ने परशुरामले उसलाई हकारे । जब शरण पऱ्यो, एउटा दिव्य धनुष दिँदै भने- “यो उठाएर ताँदो चढा ।” कंसले सहजै त्यो काम गऱ्यो । खुसी भएका

परशुरामले यो दिव्यधनु सुरक्षित राख्नु, जसले यो धनु तोड्ला त्यसको हातबाट मात्र तेरो मृत्यु होला, तर ईश्वर बाहेक अरुले यो धनु तोड्न भने सक्ने छैनन् भनी सान्त्वना पनि दिए ।

यत्कोदण्डं वैष्णवत्वं तद् येन भग्नी भविष्यति ।

परिपूर्णतमो देवः स वै त्वां घातयिष्यति ॥ *गर्गसं. गो. ख. ६।४३*

कर्मको फल भोग्नै पर्छ, उसले गरेको कुकर्मका कारण श्रीकृष्णका हातबाट मुक्त भयो ।

कंक, न्यग्रोध आदि कंसका आठ भाइ

पूर्वसमयमा कुबेरको राजधानी अलकापुरीमा देवयक्ष नाम गरेका एक प्रसिद्ध यक्ष बस्दथे । उनी ज्ञानी, धर्मात्मा, शिवभक्त तथा महातेजस्वी थिए । देवयक्षका आठ भाइ छोराहरू थिए । उनीहरूको नाम यसप्रकार थियो- देवकूट, महागिरि, गण्ड, दण्ड, प्रचण्ड, खण्ड, अखण्ड र पृथु । एक दिन शिवपूजार्थ अरुणोदय समयमा एक सहस्र पुण्डरीक-पुष्प लिन देवयक्षका आज्ञाले यिनीहरू मानसरोवरमा गए । अत्यन्त मनोहर सुगन्धित फूल टिपेर फर्कंदै गर्दा बाटामा आफूले टिपेर ल्याएका फूलको सुगन्धमा लोभिएर सुघ्ने धृष्टता गरेछन्, जब कि ईश्वरलाई चढाउने फूल कहिल्यै सुघ्नु हुँदैन । त्यही फूल पितालाई दिए । अन्जान देवयक्षले ती पुष्प भगवान् भोलेनाथलाई समर्पण गरे । यही दोषका कारण देवयक्षका पुत्रहरू तीन जन्मसम्म असुर भएर जन्मिएका हुन् । यिनीहरू नै कंसका भाइका रूपमा मथुरामा जन्मिए । आखिर बलराम र कृष्णका हातबाट मुक्त भए ।

उच्छिष्टीकृतदोषेण शिवपूजा तिरस्कृताः ।

आसुरीं योनिमापन्ना मूढास्ते जन्मभिस्त्रिभिः ॥ *गर्गसं. म. १२।१७*

पञ्चजन (पाञ्चजन्य शंख)

भगवान् विष्णुका हातको शोभा र समस्त ज्ञानको भण्डार पाञ्चजन्य शंख सदा प्रभुका हातमा शोभित रहन्थ्यो । एकदिन उसका मनमा अभिमान प्रकट भयो, कि म त साच्चै ठूलो रहेछु ।

जुनसुकै ठूलो अवसरमा पनि प्रभुले मलाई मुखमा टाँसेर बजाउनु हुन्छ । प्रभुको अधरामृत पान गर्ने मभन्दा भाग्यमानी को होला ? मेरो कान्ति पनि राजहंस समान श्वेत छ, म दक्षिणावर्त छु । युद्धको शुरु होस्, या विजयोत्सव अथवा यज्ञ-यज्ञादि हरेक समयमा मेरो प्रयोग हुन्छ । यस प्रकारको अभिमान जब लक्ष्मीसँग व्यक्त गऱ्यो, यसलाई दण्ड दिने समय भए छ भन्ने सम्झी लक्ष्मीले दैत्य हुने श्राप दिनु भयो । लक्ष्मीको श्रापले भयभीत माताका चरणमा पऱ्यो । श्रीकृष्णका हातबाट द्वापरमा मुक्त भएस् भनी सान्त्वना दिनुभयो ।

शशाप लक्ष्मीस्तं क्रोधात् त्वं दैत्यो भव दुर्मते ।

सोऽयं पञ्चजनो नाम दैत्योभूत्सरितां पतौ ॥ *गर्गसं.म.१२।२६*

यही शंखासुर दैत्य पञ्चजन नामक दैत्य भई समुद्रमा बस्तथ्यो । हरिवंशपुराण अनुसार प्रभास क्षेत्रमा तिमि नामक माछाका रूपमा यो दैत्य बस्तथ्यो । स्नानार्थ पुगेका सान्दिपनि गुरुका पुत्रलाई यसले निलेको थियो । गुरुपुत्र अन्वेषणका क्रममा श्रीकृष्णका हातबाट मुक्त भइ प्रभुका हातको शोभा बन्यो ।

स तु पञ्चजनं हत्वा शङ्खं लेभे जनार्दनः ।

यस्तु देवमनुष्येषु पाञ्चजन्य इति श्रुतः ॥ *हरिवंश. वि. प.३३।१७*

प्रभुले हातमा ग्रहण गरेपछि यो शंखलाई पाञ्चजन्य भन्न थालियो ।

यज्ञ-यज्ञादिमा शंख बजाउनाले शंखको ध्वनि पुगेको ठाउँसम्म भूतप्रेतादि लाग्दैनन् भन्ने शास्त्रीय मान्यता रहिआएको छ । शास्त्रमा शंख र घण्टको महिमा प्रशस्त पाइन्छ ।

कालयवन

विष्णुपुराण पञ्चम अंश तेईस अध्यायका अनुसार कुनै समय यादवका सभामा महर्षि गार्ग्य जसलाई शैशिरायण भनिन्थ्यो, उनी विराजमान थिए । उनको सालो पनि त्यस सभामा थियो । प्रसंगवश सन्तानको कुरा चल्यो । गार्ग्यको सालाले खिसि उडाउँदै गार्ग्यलाई नपुंसक शब्दको प्रयोग गऱ्यो । यो वचनमा सबै यदुवंशी हाँसे । अत्यन्त लज्जा बोध भएका गार्ग्य तपस्यार्थ वन गए । बाह्र बर्षको कठोर तपबाट भगवान् भोलेनाथसँग वरदान माग्ने क्रममा यदुवंशीबाट नमर्ने र समस्त यदुवंशीलाई भयभीत गर्न सक्ने पुत्र प्राप्त होस् भनी मागे । सोही समय एक यवन राजाले ऋषिलाई प्रसन्न तुल्यायो । यवनराजको इच्छानुसार ऋषिले योगद्वारा विकराल यवनको रूप धारण गरी यवनराजकी पत्नीसँग सहवास गरे । उनको अमोघ वीर्यबाट कालयवन नामक यवनराजको जन्म भयो । यो कालयवन अत्यन्त शक्तिशाली थियो । शिववरदानले यदुवंशीबाट यसको मृत्यु नहुने थियो । नारदलाई आफूसँग लड्न सक्षम वीर सोधेर ऊ भगवान् श्रीकृष्णसँग युद्ध गर्ने इच्छाले आएको थियो श्रीकृष्णले मुचुकुन्द राजालाई प्रयोग गरी यसको अन्त्य गरिदिनु भयो ।

हरिवंशपुराण विष्णुपर्व अनुसार गोपाली नामक अप्सरा सामान्य नारीका अवस्थामा रहेको मौकामा गर्गगोत्री शैशिरायण ऋषिले भोगविलास गर्दा कालयवनको जन्म भएको हो ।

गोपाली त्वप्सरास्तत्र गोपस्त्रीवेषधारिणी

धारयामास गार्ग्यस्य गर्भं दुर्धरमच्युतम् ॥

मानुष्यां गार्ग्यभार्यायां नियोगाच्छूलपाणिनः ॥

स कालयवनो नाम जज्ञे शूरो महाबलः ॥ *हरिवंशपु.वि.५७१४-१५*

उग्रसेन

स्वर्भानु नामक राक्षस नै कंसको पिता अर्थात् उग्रसेनका रूपमा आएका थिए ।

स्वर्भानुरिति विख्यातः श्रीमान् यस्तु महासुरः ।

उग्रसेन इति ख्यातः उग्रकर्मा नराधिपः ॥ *महा.आ.६७ अ.१३*

श्रीकृष्णका हातबाट कंसको अन्त्य भएपछि पनि उग्रसेन राजा भई श्रीकृष्णको परामर्शमा राज्यशासन गरे ।

जरासन्ध

महाभारतका अनुसार विप्रचित्ति नामक असुर नै द्वापरमा जरासन्धका रूपमा आएको थियो । विष्णुद्वेषि विप्रचित्ति विष्णुसँग बदला लिन जरासन्ध भई जन्मिएको हो ।

विप्रचित्तिरिति ख्यातो य आसीद् दानवर्षभः ।

जरासन्धः इति ख्यातः स आसीन्मनुजर्षभः ॥ *महा. आ.६७४*

बृहद्रथ नामक राजाले काशीराजकी जम्ल्याहा छोरीसँग विवाह गरेका थिए । गृहस्थाश्रममा लामो समय व्यतीत गरे पनि सन्तान

नहुनाले सपत्नीक उनी वनमा तपस्यार्थ गए । वनमा बृहद्रथले गौतमगोत्रीय महात्मा कक्षीवान्‌का पुत्र चण्डकौशिक मुनिसँग आफ्नो दुःख निवेदन गरे । दयावश मुनिले एउटा आम्रफल राजालाई दिए । राजाले दुवै रानीलाई त्यही एउटा फल दिए । दुई टुक्रा पारी दुवैले आधा-आधा खाए । ईश्वरको कृपा भयो । दुवै गर्भवती भए, तर आधा-आधा अङ्गका रूपमा जन्मिएको त्यो शिशुदेखी डराएर दुवै रानीले फ्याक्न लगाए ।

जन्मदा दुई फ्याक रहेको यसलाई त्रसित बृहद्रथ (जरासन्धका पिता) ले वनमा फ्याकिदिए । दैवसंयोग एउटी जरा नामक राक्षसीले वनमा घुम्दै गर्दा दुवै फ्याक भेटी दयावश जोडी दिई । अत्यन्त शक्ति सम्पन्न भई त्यो बालक उभियो । जराले अत्यन्त दयालु हुँदै त्यो बालकको लालन-पालन गर्दै बालकलाई मातापिताका बारेमा पनि जानकारी गराई । यही बालक जरासन्ध नामले चिनियो । जरा नामक राक्षसीले जोडिदिएका कारण नाम जरासन्ध रहन गएको थियो । चण्डकौशिक मुनिको आज्ञाले शिव आराधना गरी यदुवंशीबाट नमर्ने वरदान पाएर ऊ राजधानी फर्कियो । यो अद्भुत घटनाले सबै हर्षित भए । माता पिता तपस्यार्थ गएपछि जरासन्ध मगध देशको राजा भयो । शक्तिसम्पन्न रहनाले यसको उद्दण्डता बढ्दै गयो । यसका अस्ति र प्राप्ति नामक छोरीहरूको विवाह कंससंग भएको थियो । श्रीकृष्णका हातबाट आफ्नो ज्वाईको मृत्यु भएपछि उसले श्रीकृष्णलाई मुख्य शत्रु सम्झियो । पाण्डवले गरिएको राजसूय यज्ञका क्रममा भीमसेनका हातबाट जरासन्धको अन्त्य गराई यसको उद्दण्डताबाट भूमिको रक्षा श्रीकृष्णले गर्नुभएको थियो ।

श्रीकृष्णका बाल सखाहरू-

श्रीदामा च सुदामा च वसुदामा तथैवच ।
सुबलश्च सुपार्श्वश्च शुभाङ्गः सुन्दरस्तथा ॥
चन्द्रभानु वीरभानुः सूर्यभानुस्तथैव च ।
वसुभानु रत्नभानु गोपाला द्वादश स्मृताः ॥ *ब्र.वै.पु.कृ.२७५।१५९*

श्रीकृष्ण र बलराम सहित १४ जना थिए ।

गीता प्रेसबाट प्रकाशित राधामाधव अङ्कमा वर्णित प्रसङ्ग अनुसार भने श्रीकृष्णका साथीहरूलाई ४ भागमा विभाजन गरेको पाइन्छ ।

१. सुहृद वर्गका साथी, २. सखा वर्गका साथी, ३. प्रियसखा वर्गका साथी, ४. प्रियनर्मवर्गका साथी ।

सुहृद वर्गका- सुभद्र, भद्रवर्द्धन, मण्डली भद्र, कुलवीर, महाभीम, दिव्यशक्ति, गोभट, सुरप्रभ, रणस्थिर, विजयाक्ष यी सबै उमेरमा जेठा थिए ।

सखा वर्गका- विशाल, वृषभ, ओजस्वी, जम्बि, देवप्रस्थ, वरुथप, मन्दार, कुशुमापिड, मणिबन्ध यी समान आयुका थिए । चन्दन, कुन्द, कलिन्द, कुलिक भने श्रीकृष्णभन्दा साना थिए ।

प्रियसखा वर्गका- श्रीदाम, दाम, सुदामा, वसुदाम, किंकिणी, भद्रसेन, अंशुमान, स्तोककृष्ण, पुण्डरिकाक्ष विटङ्गाक्ष, विलासी, कलविंक, प्रियकर ।

प्रियनर्म सखा- सुबल, अर्जुन, गन्धर्व, वसन्त, उज्ज्वल, कोकिल, सनन्दन, विदग्ध । विदूषकसखा- मधुमङ्गल, पुष्पाङ्ग, हासाङ्ग, हंस ।



खण्ड - २

विशेष पौराणिक अन्वेषण

कृपाचार्य र कृपीको जन्म

महाभारत आदिपर्वका अनुसार गौतम ऋषिका पुत्र शरद्वान्को तपस्या भङ्ग गर्न जानपदी नामक देवकन्यालाई इन्द्रले पठाए। उनको चञ्चलताबाट प्रभावित शरद्वान्को वीर्यपात भई दुई भागमा बाडियो, जसबाट एक पुत्र एक पुत्रीको जन्म भयो। पुत्र कृप हुन्, जसलाई शन्तनुले संरक्षण दिए, र कृपाचार्यका नामले प्रसिद्ध भए। पुत्री कृपीको विवाह द्रोणाचार्यसँग भयो।

द्रोणाचार्य

भरद्वाज मुनि गङ्गाका तटमा अनुष्ठान गर्थे। एक दिन घृताची अप्सरा गङ्गामा स्नान गर्न आइपुगीन्। अप्सराको यौवन र सौन्दर्यतामा ऋषिले आफूलाई समाल्न सकेनन्। उनको वीर्य स्खलित भयो। ऋषिले त्यो अमोघ वीर्य यज्ञकलशमा राखिदिए। यज्ञपूर्ण भएपछि त्यो कलशबाट अत्यन्त तेजस्वी बालकको रुपमा द्रोणको प्रादुर्भाव भयो। यिनी आफ्नो मेहनते गुरुकुलका आचार्य समेत भए। यिनको विवाह कृपाचार्यकी बहिनी कृपीसँग भयो। धनुर्विद्याका पारखी यिनको मित्रता पृषत् नामक राजाका छोरा द्रुपदसँग भयो। द्रुपद राजाले गरेको यज्ञको अग्निकुण्डबाट धृष्टद्युम्न र द्रौपदीको प्रादुर्भाव भयो। विशेष कारणले द्रोणाचार्य र द्रुपदको शत्रुता भयो। द्रोणाचार्यका छोराको जन्मका समयमा घोडाको जस्तो आवाज आएको हुनाले नाम अश्वत्यामा राखिएको थियो। द्रोणाचार्यका

तेजस्वी पुत्र अश्वत्थामा साक्षात् देवादिदेव महादेवका अंशावतार मानिन्छन् । महाभारत सम्भवपर्व एवं शिवपुराणमा यो प्रसङ्ग पाइन्छ ।

नारदको पूर्वजन्म

नारदलाई ब्रह्माको श्राप परेको हुनाले उपबर्हण नामक गन्धर्व भई जन्मिए । उपबर्हण गन्धर्व नै दासीपुत्र भई जन्मिएका हुन् । यो कथाको सारांश ब्रह्मवैवर्तपुराणमा यसरी उल्लेख गरिएको छ । एकदिन ब्रह्माजीले आफ्नो पुत्र नारदलाई वैवाहिक जीवनमा बाँधिन सल्लाह दिनुभयो । ज्ञानमार्गमा लागि सकेका नारदले त्यो प्रस्ताव ठाडै अस्वीकार गरे । गृहस्थाश्रमको विरोध गर्दै र अन्यलाई पनि भिक्षुमार्गप्रति आकर्षित गराउँदै हिडेको आफ्नो पुत्र नारदलाई धेरै पटक सम्झाउँदा नमाने पछि ब्रह्माजीले श्राप दिदै भन्नुभयो -

प्राज्ञो मधुरवाक् शान्तः सुशीलः सुन्दरः सुधीः ।
भविष्यसि न सन्देहो नामतश्चोपबर्हणः ॥
ताभिर्दिव्यं लक्ष्ययुगं विहृत्य निर्जने वने
पुनर्मदीय शापेन दासीपुत्रश्च तत्परः ।
वत्स वैष्णव संसर्गात् वैष्णवोच्छिष्टभोजनात् ॥
पुनः कृष्णप्रसादेन भविष्यसिममात्मजः ॥ ब्र.वै.ब.पु.सृ.८।४५-४८

अर्थात् विद्वान्, मृदुभाषी, शान्त, सुशील, सुन्दर भई उपबर्हण नामक गन्धर्वका रूपमा लामो समयसम्म रही फेरि दासीपुत्र भई महात्माहरूको संगतले, उच्छिष्ट भोजनले र प्रभुकृपाले मेरो पुत्र हुनेछौ, भनी ब्रह्माले श्राप दिएका कारण नारद पहिलो जन्ममा उपबर्हण गन्धर्व र दोस्रो जन्ममा दासीपुत्र भए ।

कान्यकुब्ज देशमा द्रुमिल नामक शूद्र थियो । द्रुमिलकी पत्नीको नाम कलावती थियो । द्रुमिलबाट सन्तान नहुने भएपछि कलावतीले ब्रह्मपुत्र नारदजीको उपासना गरिन् । प्रसन्न भएका मुनिसँग सन्तानका लागि अनुरोध गरिन्, तर मुनिले धर्माधर्म विचार गरी गर्भाधान गरेनन् । नारद केही अगाडि पुग्दा उनको जम्काभेट मेनका अप्सरासँग भयो । मेनकाको सुन्दरताले मुनिको मन विचलित भयो । कामोत्तेजनाका कारण मुनि स्खलित भए । संयोगले एउटा पातमा उनको वीर्य परेछ । मुनि त्यहाँबाट आश्चर्य मान्दै हिडे । यो समस्त घटनाकी प्रत्यक्षदर्शी कलावतीले त्यो पातमा रहेको वीर्यपान गरिन् । अमोघ वीर्यका कारण उनी गर्भवती भईन् । कलावतीले घटित घटना आफ्ना श्रीमानलाई भनिन् । आफ्नो असक्षमताका कारण द्रुमिलले पत्नीको कार्यलाई स्वीकारे । प्रसन्न मुद्रामा पत्नीसँग विदा भई गङ्गाका तटमा ईश्वरको ध्यान गर्दा गर्दै मुक्त भए । गर्भवती कलावती दासीले आफ्नो र गर्भको पालनार्थ ऋषिहरूको सेवा गर्न थालिन् । ब्राह्मणहरूको सान्निध्यतामा बालकलाई जन्मदिईन् । नामकरण संस्कार गरिदिएका ऋषिहरूले बालकको नाम नारद राखिदिए ।

वीर्येण नारदस्यैव बभूव बालको मुने ।
मुनीन्द्रस्यवरेणैव तेनायं नारदाभिधः ॥ *ब्र. वै .पु. सृ. २१।९*

अनावृष्ट्यावशेषे च काले बालो बभूव ह ।
नारं ददौ जन्मकाले तेनायं नारदाभिधः ॥ *ब्र. वै पु. सृ. २१।८*

सर्पले डसेर आमाको मृत्यु भएपछि नारद ईश्वरको भक्तिमा लागी मुक्त भई ब्रह्मपुत्र नारदका रूपमा जन्मन पुगे । यो कथा ब्रह्मवैबर्तपुराण सृष्टिखण्डको हो । श्रीमद्भागवतमहापुराण प्रथम

स्कन्ध छैठौं अध्यायमा वर्णित नारदको पूर्व जन्मकथा यही हो । भागवतमा नारदले आफ्नो पूर्वजन्म को कथा व्यासजीलाई सुनाउने प्रसंगमा यो कथा छ, तर त्यहाँ बालकको माता पिताको नाम उल्लेख छैन र यो कथा विस्तार पूर्वक वर्णित छैन । दासीपुत्र हुनु अघि उनी उपबर्हण नामक गन्धर्व थिए । उपबर्हणको विवाह चित्ररथकी छोरी मालावतीसँग भएको थियो । यो जन्ममा पनि उनले ब्रह्माबाटै फेरि श्रापित हुनु पर्‍यो । एक समय देवसभामा गायकको भूमिकामा रहेका उनको अप्सराहरूमा ध्यान जाँदा गायनमा विघ्न भएको देखी ब्रह्माले श्राप दिनुभयो ।

ज्ञात्वा विश्वसृजस्तन्मे हेलनं शेपुरोजसा ।

याहि त्वं शूद्रतामाशु नष्टश्रीः कृतहेलनः ॥ श्रीमद्भा.म.पु.७१५।७२

गर्गसंहिता अनुसार पनि ब्रह्माले गन्धर्व हुने र गन्धर्व भए पछि फेरि नाचगान भङ्ग हुँदा दासीपुत्र हुने श्राप दिएको देखिन्छ ।

क्रुद्धः शशाप तं ब्रह्मा प्राह प्रस्फुरिताधरः ।

सदागानपरः कल्पं गन्धर्वो भव दुर्मते ॥

एवं तच्छापतो राधे गन्धर्व उपबर्हणः ।

बभूव गन्धर्वपतिः कल्पमात्रं सुरालये ॥

एकदा ब्रह्मणो लोके स्त्रीभिः परिवृतोगतः ।

सुन्दरीषुमनः कृत्वा जगौ तालःविवर्जितम् ॥

पुनर्ब्रह्मा तं शशाप त्वं शूद्रो भव दुर्मते ।

अथासौ ब्रह्मशापेन दासीपुत्रो बभूव ह ॥ गर्गसं.म. २०।१५-१८

यसरी उपबर्हण गन्धर्व र दासीपुत्रका रूपमा दुई जन्म व्यतीत गरेपछि मात्र फेरि ब्रह्मपुत्र नारदका रूपमा उनको जन्म भयो ।

रासलीलाका प्रसंगमा श्रीकृष्ण अन्तर्धान हुँदा राधा सहित अन्तर्धान हुनुभएको प्रमाण

माधवो राधया सार्द्धमन्तर्धानं चकार ह ।

अतीवनिर्जने स्थाने मुदा स्वेच्छामयो विभुः ॥ *ब्र.वै.ब.पु.कृ. २९।१२*

तत्र गोप्योति मानिन्यो बभूवुर्मैथिलेश्वर ।

तास्त्यत्वा राधया सार्धं तत्रैवान्तर्दधेहरिः ॥ *गर्गसं,बृ. २२।१०*

कालियनागकी श्रीमतीको नाम

मरणाभिमुखं कान्तं दृष्ट्वा सा सुरसा सती ।

नागिनीभिः सह प्रेम्णा रुरोद पुरतो हरेः ॥ *ब्र.वै.ब.पु.कृ.१९।१५*

वाणसुरकी छोरी उषाले कहिले स्वप्न देखिन् ?

एकदिन मायावी उषाले पार्वतीको रूप लिई सखीसँग जिस्किरहेका अवस्थामा पार्वती माताले देख्नु भएछ । कुमारी अवस्थामा नै वैशाख महिनाको प्रदोष काल रात्रीमा स्वप्नमा कुनै परपुरुषले सतीत्व नष्ट गरोस् भनी श्राप दिनुभयो । आफ्नो भूलमा क्षमा मागेकी उषालाई सम्झाउँदै जुन पुरुषले स्वप्नामा सतीत्व नष्ट गर्छ, उसैसँग विवाह होस् भनी वरदान पनि दिनुभयो ।

वैशाखे मासि हर्म्यस्थां द्वादश्यां त्वां दिनक्षये ।

रमयिष्यति यः स्वप्ने स ते भर्ता भविष्यति ॥

हरि.पु.वि.पर्व ११७।११९

दक्षप्रजापति

पुराणहरूमा दुई दक्षको नाम पाइन्छ । एक ब्रह्माका पुत्र जस्को विवाह स्वयम्भुव मनुकी छोरी प्रसूतिसँग भएको थियो ।

दक्षाय ब्रह्मपुत्राय प्रसूतिं भगवान्मनुः।

प्रायच्छद्यत्कृतः सर्गस्त्रिलोक्यां विततो महान् ॥ *श्रीमद्भा. ४।११*

यिनले प्रसूति नामक आफ्नी पत्नीबाट २४ कन्या उत्पन्न गरे ।

नरसिंहपुराणको पाँचौं अध्यायमा तिनीहरूको नाम यसरी उल्लेख छ -

श्रद्धा, लक्ष्मी, धृति, तुष्टि, पुष्टि, मेधा, क्रिया, बुद्धि, लज्जा, वपु, शान्ति, सिद्धि, कीर्ति, सम्भूति, अनसूया, स्मृति, प्रीति, क्षमा, संनति, सत्या, ऊर्जा, ख्याति, स्वाहा, र स्वधा ।

अर्का दक्षप्रजापति भने दस-प्रचेता र वार्क्षीबाट उत्पन्न मानिन्छन् ।

तेभ्यस्तस्यां समभवद्दक्षः प्राचेतसः किल ।

यस्य प्रजाविसर्गेण लोका आपूरितास्त्रयः ॥ *श्रीमद्भा. म. पु. ६।१७*

यिनको विवाह पन्चजन प्रजापति (वीरणप्रजापति) की असिक्नी नामक पुत्रीका सायमा भयो, जसबाट हर्यश्वादि पुत्र भए । तर नारदका संगतले आफ्ना पुत्रहरू योगी भए भन्ने सुनी नारदलाई गोदोहन समयभन्दा बढी कही नबसेस् भनी श्राप दिए । पछि सन्तानका रूपमा साठी ओटी पुत्री उत्पन्न गरी विवाह योग्य भएपछि दश जना धर्मलाई, तेह्र जना कश्यपलाई, सत्ताईस जना चन्द्रमालाई, दुई जना भूतलाई, दुई जना अङ्गिरालाई, दुई जना कृशाश्वलाई, र चार जना तार्क्ष्यलाई प्रदान गरे ।

दश धर्माय कायन्दोर्द्विषट् त्रिणव दत्तवान् ।

भूताङ्गिरः कृशाश्वेभ्यो द्वे द्वे ताक्ष्र्याय चापराः ॥ *श्रीमद्भा.म.पु.६/२*

यी दुवै दक्षप्रजापतिको प्रसंग कल्पभेदले उपयुक्त मानिन्छ ।

अगस्त्य र वसिष्ठको उत्पत्ति

कुनै दिन आभूषणले सुशोभित वरुण र मित्र नामक अदितिपुत्रहरू कुरुक्षेत्रमा घुम्न गए । त्यहाँको सौन्दर्यमा हराईरहेका अवस्थामा उनीहरूले अचानक अत्यन्त सुन्दरी उर्वशीलाई देखे । उर्वशीका सौन्दर्यतामा मोहित भएका वरुण र मित्र दुवैलाई कामदेवले वशीभूत बनायो । आफूलाई नियन्त्रित गर्न नसकेका दुबैको वीर्य एक साथ तीन ठाउँ (कमल, जल र घडा) मा खस्यो । यो घटना पौण्डरीक नामक सरोवर समीपको हो । कुरुक्षेत्रको यो पुण्यभूमिमा जता-ततै कलशहरू सजाई राखिएका थिए । कलशहरूमा कमलपुष्प राखिएको थियो । उर्वशीका सुन्दरतामा मोहित मित्र र वरुण अनियन्त्रित भई घुम्ने क्रममा उनीहरूको वीर्य कलशमा खस्यो । कमलबाट-वसिष्ठ, कलशबाट-अगस्त्य, र जलबाट- मत्स्यको उत्पत्ति भएको हो ।

मिथिलाका राजा निमिबाट श्राप पाएका वसिष्ठ यही मौकामा मित्रावरुण र उर्वशीलाई निमित्त बनाएर जन्मिएका हुन् । यथार्थमा वसिष्ठ ब्रह्माका प्राणबाट उत्पन्न हुन् ।

त्रिधा समभवद्रेतः कमलेऽथस्थले जले ।

अरविन्दे वसिष्ठस्तु जातः स मुनिसत्तमः ॥

स्थले त्वगस्त्यः सम्भूतो जले मत्स्यो महाद्युतिः ॥ *नरसिंहपु.६/३५*

स तत्र जातो मतिमान् वसिष्ठः

कुम्भे त्वगस्त्यः सलिलेऽथ मत्स्यः ।

स्थानत्रये तत्पतितं समानं

मित्रस्य यस्माद् वरुणस्य रेतः ॥ *नरसिंहपु. ६।३६*

वसिष्ठ र अगस्त्यको उत्पत्तिका बारेमा शिवपुराणमा पनि पाइन्छ ।

पूर्वन्तु मित्रावरुणौ घोरे तपसि संस्थितौ

मोहितौ तावपि मुनी शिवमाया विमोहितौ ॥

उर्वशीं तरुणीं दृष्ट्वा कामुकौ सम्बभूवतुः

मित्रः कुम्भे जहौ रेतो वरुणोऽपि तथा जले ॥

ततः कुम्भात्समुत्पन्नो वसिष्ठो मित्रसम्भवः

अगस्त्यो वरुणाज्जातो वडवाग्निसमद्युतिः ॥

शिवपु. उमासं. ४।२३-२५

यो घटना शिवमायामा मोहित मित्रावरुण उर्वशीमा कामासक्त हुँदा घटेको हो । यो अगस्त्य र वसिष्ठको रोचक जन्म प्रसंग प्रायः पुराणहरूमा र महाभारतमा पनि वर्णित छ ।

मार्कण्डेय ऋषिको जन्म

भृगुऋषिकी पत्नी ख्यातिका गर्भबाट मृकण्डु ऋषिको जन्म भयो । मृकण्डुकी पत्नी सुमित्राबाट मार्कण्डेयको जन्म भयो ।

भृगोः ख्यात्यां समुत्पन्नो मृकण्डुर्नाम वै सुतः ।

सुमित्रा नाम वै पत्नी मृकण्डोस्तु महात्मनः ॥

धर्मज्ञा धर्मनिरता पतिशुश्रूषणे रताः ।

तस्यां तस्य सुतो जातो मार्कण्डेयो महामतिः ॥*नरसिंहपु.७।१०-११*

मार्कण्डेय मुनिका पुत्र वेदशिरा मुनि हुन् । *नरसिंहपु.१०।२*

चतुर्दश (१४) मन्वन्तर र मनुहरूको नाम (नरसिंहपुराण-अनुसार)

१. स्वायम्भुव - प्रथम तावत् स्वायम्भुवम् ॥

२. स्वारोचिष - स्वारोचिषो नाम द्वितीयो मनुः ॥

३. उत्तम - तृतीय उत्तम नाम मनुः ॥

४. तामस -चतुर्थस्तामसो नाम मनुः ॥

५. रैवत.- पञ्चमो नाम रैवतो मनुः ॥

६. चाक्षुष -षष्ठश्चाक्षुषो नाम मनुः ॥

७. वैवस्वत - सप्तमो वैवस्वतो मनुः ॥ (संज्ञाबाट उत्पन्न सूर्यपुत्र)

८. सावर्णि - सावर्णोऽष्टमो भविता मनुः॥ (छायाँबाट उत्पन्न सूर्यपुत्र)

९. दक्षसावर्णि--नवमो दक्षसावर्णि मनुः भविता ॥

१०. ब्रह्मसावर्णि - दशमे ब्रह्मसावर्णिर्मनु भविता ॥

११. धर्मसावर्णि - एकादशो मन्वन्तरे धर्मसावर्णिको मनुः ॥

१२. रुद्रसावर्णि - रुद्रसावर्णिर्भविता द्वादशो मनुः ॥

१३. रुचि (रौच्य) - त्रयोदशो रुचिर्नाम मनुः भविता ॥

१४. भौम (भौत्य) - भौमश्चतुर्दशो मनुर्भविता ॥

प्राय: सबै पुराणहरूमा चतुर्दश मन्वन्तरको वर्णन गर्ने क्रममा मनुहरूको नाम उल्लेख छ। नाममा केही भिन्नता भए पनि संख्यामा भिन्नता छैन।

यिनै नाम मार्कण्डेयपुराणमा पनि पाइन्छन्। चतुर्दश मनुहरूका सम्बन्धमा मार्कण्डेयपुराण अनुसार सामान्य जानकारी यहाँ प्रस्तुत गरिन्छ।

१. स्वायम्भुव

यिनको उत्पत्ति ब्रह्माबाट भएको हो। यिनी पहिला मानव हुन्, अर्थात् मानवीय सृष्टिमा यिनको सृष्टि पहिलो मानिन्छ। यिनकी पत्नी शतरुपा हुन्। तीनवटी छोरीहरू थिए :- आकूति, देवहूति र प्रसूति। दुईभाइ छोरा हुन्; प्रियव्रत र उत्तानपाद। यिनी धार्मिक संविधान (कानूनका) ज्ञाता थिए। यिनले रचना गरेको मनुस्मृति नामक ग्रन्थको अहिले पनि न्यायालयहरूमा उच्च स्थान रहेको पाइन्छ। आकूति नामक छोरीको विवाह रुचि नामक प्रजापतिसँग पुत्रिका धर्मानुसार भएको पाइन्छ। पुत्रिका धर्म भन्नाले छोरीको पहिलो सन्तान माइतीको हुने परम्परा हो। उनीहरुको पुत्र यज्ञेश्वर भगवान् हुनुहुन्छ। देवहूतिको विवाह कर्दम प्रजापतिसँग भएको थियो, जसका पुत्र सांख्यशास्त्रका प्रवर्तक भगवान् कपिल हुनुहुन्थ्यो। प्रसूतिको विवाह दक्षप्रजापतिसँग भएको थियो। यिनका सन्ततिले सारा संसार ढाकेको मानिन्छ। छोरामा प्रियव्रतले सात द्विप, सात समुद्र आदिको रचना गरेका थिए। उत्तानपादका पुत्र भक्तराज ध्रुव र उत्तम हुन्। स्वायम्भुव मनु मानव वंशका प्रवर्तक मानिन्छन्।

२. स्वारोचिष

अरुणास्पद नामक नगरमा अश्विनी नामक एक ब्राह्मण बस्तथे। उनी भ्रमणार्थ निस्किएका समयमा अन्य विद्वान्‌बाट शक्ति प्राप्त गरी हिमालयमा विचरण गर्दै थिए। अचानक वरुथिनी नामक अप्सरा ब्राह्मणमा मोहित भईन्। ब्राह्मण त्यहाँबाट भागे। सोही समयमा कलि नामक एक गन्धर्व त्यस वरुथिनीमा आसक्त भयो। यो गन्धर्वले ब्राह्मणको स्वरूप लिई त्यस अप्सरासँग रमण गर्‍यो। एउटा बालकको जन्म भयो। त्यो बालक स्वयं प्रकाशित थियो। त्यसैले स्वरोचिष् भनिन्थ्यो। थिनी वयस्क भएपछि विवाह भयो। मनोरमा, विभावरी र कलावती यी तीन ओटी उनका पत्नी थिए। एक दिन शिकार खेल्न गएका स्वरोचिष्‌को बुद्धि मोहित भई मृगीसँग रमण गर्दा भए। प्रीतिमती नामक अप्सरा श्रापवश मृगी भएकी थिइन्। संयोगले अत्यन्त तेजिलो बालकको उत्पत्ति भयो, जसलाई द्युतिमान् अर्थात् स्वारोचिष् भनिन्छ। यी द्वितीय मनु हुन्। यिनका चैत्र, किम्पुरुष आदि सात पुत्र थिए।

३. औत्तम

राजा उत्तानपादकी सुरुची नामक पत्नीबाट उत्तम नामक पुत्र भए। उत्तमकी वहुला नामक पत्नीबाट औत्तम नामक पुत्र भए, जसलाई तृतीय मनु मानिन्छ। वहुला बभ्रु राजाकी छोरी थिइन्। औत्तमका अज, परशुचि र दिव्य नामक तीन पुत्र भए।

४. तामस

कुनै समय स्वराट् नामक राजा थिए। राजाका सय ओटी पत्नी भएर पनि उनी एक्लै थिए। शत्रुहरूको आक्रमणबाट सबैको अल्पायुमै मृत्यु भइसकेको थियो। राजाले भागेर आफ्नो प्राण

जोगाएका थिए । दुःखी राजा तप गर्न थाले । त्यही समयमा निरन्तर घनघोर वर्षा भयो । सबैतिर जलमग्न भयो । राजा पानीमा बग्न थाले । संयोगले बगिरहेकी एउटी मृगीको पुच्छर समाउन पाए । निकै बेर पछि मृगी र राजा दुवै किनारा लागे । दैवको लीला यी मृगी राजाकै सय पत्नी मध्येकी उत्पलावती नामक पत्नी रहिछिन् । यिनी दृढधन्वा राजाकी छोरी थिइन् । बाल्यावस्थामा यिनले मृग-मृगीले समागम गरिरहेका अवस्थामा मृगीलाई मारेका कारण मृगबाट श्राप पाएकी थिइन् । श्राप पाएर मृगी भएकी उत्पलावतीको सम्पर्कबाट एउटा बालक जन्मियो । तामसी योनि अर्थात् मृगीबाट जन्मिएका कारण बालक तामस नामले प्रसिद्ध भयो । समय व्यतीत हुँदै गएपछि उनी अत्यन्त शक्तिशाली भए । आफ्ना पिताका शत्रुहरूलाई पराजित गरी राज्य फर्काए । यिनै तामस मन्वन्तर भए अर्थात् चतुर्थ मनु मानिन्छन् । तामसलाई जन्म दिएपछि मृगयोनिबाट राजाकी पत्नी अर्थात् उत्पलावतीको मुक्ति भएको थियो । तामस मनुका नर, क्षान्ति, शान्त, दान्त, जानु, जङ्घ आदि पुत्रहरू थिए । उनी शक्तिशाली मनुका रूपमा प्रतिष्ठित छन् ।

५. रैवत

प्रियव्रतवंशी विक्रमशील नामक राजा र कालिन्दीका गर्भबाट उत्पन्न दुर्गम नामका राजा शिकार खेल्न जाँदा प्रमुच नामक ऋषिका आश्रममा रहेकी रेवती नामक कन्यासँग भेट भयो । प्रमुच नामक ऋषिले रेवती नक्षत्रलाई (जो ऋतवाक् मुनिले श्राप दिई धरातलमा झारेका थिए) आफ्नो तेजोबलले पुनः नक्षत्रकै रूपमा स्थापित गरी दुर्गम राजा र रेवती नामक आफूले पालिएकी कन्याको विवाह रेवती नक्षत्र मै गराए, जसबाट रैवतको जन्म भयो । रेवतीको पुत्र हुनाले

रैवत नाम रहन गयो । यी पञ्चम मनु हुन् । यिनका बलवन्धु, महावीर्य, सुयष्टव्य, सत्यक आदि छोरा भए ।

रेवती नक्षत्रलाई श्राप पर्नुको कारण

ऋतवाक् मुनिको छोरा रेवती नक्षत्रको अन्तिम चरणमा उत्पन्न भएको थियो । अत्यन्त दुष्ट चरित्रको भयो । छोराको दुष्ट गतिविधिबाट आजित भएका ऋषिलाई पक्कै रेवती नक्षत्रमा जन्मिएका कारण यस्तो दुष्ट स्वभावको भयो भन्ने लागी क्रोधवश रेवती नक्षत्रलाई नै पतन हुने श्राप दिएका थिए । प्रमुच मुनिले रेवती नक्षत्रको उद्धार गरे ।

६. चाक्षुष

राजर्षि अनमित्रकी पत्नी भद्राले एक पुत्रलाई जन्म दिइन् । त्यो बालकमा अद्भुत प्रतिभा थियो । पूर्वजन्मको स्मरण रहेकोले अचम्म अचम्मका कुरा गर्दथ्यो । माताले गरेको स्नेहमा यो अट्टहास गरी हाँस्दथ्यो । दिक्क मानेकी भद्राले एक दिन बालकलाई वनमा लगेर छाडिदिइन् । त्यागिएको बालकलाई त्यसै वनमा बस्ने जातहारिणी नामक राक्षसीले त्यो बालकलाई राजा विक्रान्तकी सुत्केरी भएकी पत्नीको शयन कक्षमा राखी त्यहाँ रहेको शिशु खाइ दिई । त्यो राक्षसी यस्तै यस्ता काम गर्दथी । यो कुराको सुइको कसैलाई भएन । एघार दिनका दिन नामकरण संस्कार गर्दै "आनन्द" भनी नामकरण गरियो । नामकरण पश्चात् बालकले राजालाई यथार्थ कुराको जानकारी दियो । विक्रान्त राजा छक्क परे । सानो उमेरमै बालक तपस्यार्थ वनमा गए । आनन्द नामक बालकको तपस्याले ब्रम्हाजीलाई वरदान दिन कर लाग्यो । ब्रम्हाजीको वरदानले यिनै बालक चाक्षुष मनुका रूपमा विख्यात भए । अघिल्लो जन्ममा यिनी

ब्रह्माका चक्षुबाट उत्पन्न भएका थिए । वरदान दिन गएका ब्रह्माले हे चाक्षुष ! भनी सम्बोधन गरेका कारण पनि यिनको नाम चाक्षुष रहन गएको हो । छैठो मनुका रूपमा यिनी प्रसिद्ध भए । यिनको विवाह उग्र नामक राजाकी विदग्धा नामक छोरीसँग भयो । उरु, पुरु, शतद्युम्न आदि यिनका पुत्रहरू थिए ।

७. वैवस्वत

विश्वकर्माकी छोरी संज्ञासँग सूर्यनारायणको विवाह भएको थियो । सूर्यनारायण र संज्ञाबाट उत्पन्न वैवस्वत हुन् । विवस्वान् सूर्यको नाम हो । उनका पुत्र हुनाले वैवस्वत भनिएको हो । यी सातौं मनु हुन् ।

मार्तण्डस्य रवेर्भार्या तनयाविश्वकर्मणः ।
संज्ञानाममहाभाग ! तस्यांभानुरजीजनत् ॥
मनुं प्रख्यातयशसमनेकज्ञानपारगम् ।
विवस्वतः सुतोयस्मात्तस्माद्वैवस्वतस्तुसः ॥ *मार्कण्डेयपु. ७७१-२*

वैवस्वतका पिता सूर्यनारायणको सामान्य चर्चा गरौं ।

एकदिन सूर्यले संज्ञालाई हेर्दा तेज सहन नसकी आँखा बन्द गरिछन् । सोही समय सूर्यले प्रजाजनलाई संयमित राख्ने छोरो को चाहना राखी भोग गरे, जसबाट यमराजको जन्म भयो । त्यही समय सूर्यले संज्ञालाई हेरिरहँदा श्रीमान्को तेज सहन नसकेकी दुःखित संज्ञाले आँखा चञ्चल पारी पुलुक्क हेरिन् । चञ्चल नेत्रले हेर्यौ, चञ्चल तरङ्गले युक्त कन्या हओस् भने जसबाट यमुना नदीको प्रादुर्भाव भयो । यसरी वैवस्वत मनु यमराज र यमुना सूर्य र संज्ञाबाट उत्पन्न भएका सन्तानका रूपमा देखिए । आफ्ना

श्रीमान्को तेजले हैरान भएकी संज्ञाले एकदिन माइत जाने विचार गरी आफ्नो शरीरको छायालाई शक्ति सम्पन्न गराई श्रीमान्को सेवा गरी बसेस्, यो कुरा कसैलाई थाह नहोस् भनी पिताका घर गईन् ।

सापि संज्ञा रवेस्तेजः सेहे दुःखेनभाविनी ।

असहन्ती च सा तेजश्चिन्तयामास वै तदा ॥

ततः पितुगृहे गन्तुं कृतबुद्धिर्यशस्विनी ।

छायामयीमात्मतनुं निर्ममे दयितां रवेः ॥

पृष्टयापि न वाच्यन्तेतथैतद्गमनं मम ।

सैवास्मिनाम संज्ञेतिवाच्यमेतत्सदा वचः ॥*मार्कण्डेयपु. ७७८।११।१२*

आफ्ना दुःख पितालाई निवेदन गरिन् । समय व्यतीत हुँदै गयो । सूर्यले छायाबाट पनि तीन सन्तानलाई जन्म दिए । सावर्णि, र शनिश्चर गरी दुई छोरा र तपती नामक एक कन्या । जब यथार्थ ज्ञान भयो, पत्नीको खोजिमा ससुराली गए । त्यसदिन संज्ञा घोडीका रूपमा विहार गर्न गएकी रहिछिन् । सूर्य पनि घोडाका रूपमा गए । रमाइलो गर्ने क्रममा घोडाको वीर्य घोडीको नाक भागमा झर्‍यो, जसबाट अश्विनीकुमारहरूको जन्म भयो । यिनलाई नासत्य र दस्र भनिन्छ । विश्वकर्माले सूर्यको सोह्रकला मध्ये पन्ध्र कलालाई शान्त पारी तेज छाटेर एक कला मात्र राखी समस्त प्राणिले सहन सक्ने बनाएका थिए ।

ततश्च षोडशं भागं बिभर्ति भगवान्विभुः ।

तत्तेजः पञ्चदशधा शातितं विश्कर्मणा ॥ *मार्कण्डेयपु.।७८।२०*

जे होस्, सूर्य समस्त प्राणिका आत्मा हुन्, आधार हुन्, विश्वब्रह्माण्डका प्रवर्तक पनि हुन् । यिनका वैवस्वत र सावर्णि दुई पुत्रले मनुको पद पाए ।

८. सावर्णि मनु

भगवान् सूर्यनारायणकी पत्नी संज्ञाले तेज सहन नसकी आफ्नो रूपबाट छायाँ प्रकट गरी आफू माइत गइन् । तीनै छायाँबाट सूर्य तेजले जन्मिएका सावर्णि हुन् । हुबहु संज्ञाबाट जन्मिएको आफ्नो ज्येष्ठ पुत्र वैवस्वत मनु जस्तै देखी सूर्यले सावर्णि भनी नामकरण गरिदिनु भएको हो । यिनका सहोदर भाइ शनिश्चर हुन्, जो ग्रहका रूपमा स्थापित छन्, भने सहोदर बहिनी तपती हुन् । तपतीको विवाह संवरण नामक राजासँग भएको थियो । उनीहरुबाट कुरु नामक राजाको जन्म भयो । यिनैले राज्य गरेको भूमिलाई कुरुक्षेत्र भनिन्थ्यो । सावर्णि नै आठौं मनुका रूपमा प्रसिद्ध भए । दुर्गाशप्तसतीको माहात्य सावर्णि मनुकै पालामा प्रकट भएको हो ।

९. दक्षसावर्णि मनु

दक्षपुत्र हुनाले उनलाई दक्षसावर्णि भनिएको हो । यिनलाई नवौं मनु मानिन्छ । दक्षसावर्णिका धृष्टकेतु, बहिकेतु, पञ्चहस्त, निरामय, पृथुश्रव, अर्चिष्मान् भूरिद्युम्न, वृहद्भय आदि पुत्र छन् ।

१०. ब्रह्मसावर्णि

ब्रह्माका पुत्र बुद्धिमान् नै ब्रह्मसावर्णि नामले प्रसिद्ध भए । सुक्षेत्र, उत्तमौजा, भूरिसेन, वीर्यवान्, शतानीक, वृषभ, अनमित्र, जयद्रथ, भूरिद्युम्न, सुपर्वा आदि ब्रह्मसावर्णिका पुत्र हुन् । यी मनु दसौं मनु मानिन्छन् ।

११. धर्मसावर्णि

धर्मका पुत्र नै धर्मसावर्णि नामले विख्यात भए । धर्मका समस्त गुण यिनमा छन् । यिनी एघारौं मनु मानिन्छन् । सर्वत्रग, सुशर्मा देवानीक, पुरुद्वह, हेमधन्वा, दृढायु यी धर्मसावर्णिका पुत्र हुन् ।

१२. रुद्रसावर्णि

रुद्रका पुत्र, जो रुद्र समान थिए, तिनै रुद्रसावर्णि नामले प्रसिद्ध भए । बाह्रौं मनुका रूपमा रुद्रसावर्णिलाई मानिन्छ । देववान्, उपदेव, देवश्रेष्ठ, विदूरथ, मित्रवान्, मित्रन्दि यी रुद्रसावर्णिका पुत्र हुन् ।

१३. रौच्य मनु

प्रजापति रुचिले तपस्याद्वारा पितृबाट वरदान प्राप्त गरी प्रम्लोचा नामक अप्सराकी मालिनी नामक छोरीसँग विवाह गरे । उनीहरुबाट मनु नामक छोराको जन्म भयो । रुचिको पुत्र हुनाले रौच्य नामले प्रसिद्ध भए । उनी पिता समान तेजस्वी थिए । ईश्वरका कृपाले रौच्य नामक मनुका रूपमा ख्याति पाए । यिनी तेह्रौं मनु हुन् । चित्रसेन, विचित्र, नयति, निर्भय, दृढ, सुनेत्र, क्षत्रबुद्धि, सुव्रत आदि यिनका छोराहरू हुन् ।

१४. भौत्य मनु

अङ्गिरा ऋषिका एक शिष्यको नाम भूति थियो । भूति पनि ऋषि तुल्य थिए । उनी एक दिन आफ्नो भाइ सुवर्चाको यज्ञमा जानुपर्ने भयो । उनले आफ्नो शान्ति नामक प्रिय शिष्यलाई आश्रमको सुरक्षामा खटाएका थिए । शान्ति अत्यन्त तेजस्वी थिए । सबैतिर दृष्टि पुऱ्याउँथे । अचानक उनले अखण्ड रूपमा बलिरहने अग्निशालामा आगो निभेको देखे । चिन्तित शान्ति तत्काल

अग्निदेवको आराधनामा जुटे । अत्यन्त भक्तिभाव पूर्वक अग्निदेवको स्तुति गरे । प्रसन्न भएका अग्निदेव प्रकट हुनुभयो । वरदानका रूपमा अग्निकुण्डमा अहर्निश अग्नि प्रज्वलित भइरहने र गुरु भूतिलाई अत्यन्त सज्जन पुत्र प्राप्त होस् भनी मागे । गुरु भूतिले थाह पाएपछि भावुक भई अंकमाल गरेर धेरै आशीष दिए । केही समयपछि भूतिका कुटीमा सुन्दर बालकले जन्म लियो । एघारौं दिनमा नामाकरण संस्कार भयो । बालकको नाम भौत्य राखियो । यिनै बालक पछि प्रसिद्ध भौत्य नामक मनु भए । चौधौं मनुका रूपमा यिनले ख्याति पाए । गुरु, गभीर, ब्रध्न, भरत, अनुग्रह, स्त्रीमानी, प्रतीर, विष्णु, संक्रन्दन, तेजस्वी, सुबल आदि भौत्यका छोरा भए ।

यसरी चौध मनुहरूको चर्चा मार्कण्डेय पुराण अनुसार संक्षिप्त प्रस्तुत गरियो । विभिन्न पुराणहरूमा संख्यामा भेद नभए पनि नाममा भने केही भिन्नता अवश्य पाइन्छ । जे होस् कल्प कल्पको भेदले केही भिन्नता भएको यथार्थलाई हृदयङ्गम गर्नुपर्ने हुन्छ ।

प्रथम पटक हिरण्यकशिपुको तपस्या भङ्ग किन ?

भाइ हिरण्याक्षलाई विष्णुले वराहरूप लिई मारेको खबरले मर्माहत हिरण्यकशिपु विष्णुलाई शत्रु सम्झी बदला लिने मनसायले कैलाश पर्वतमा गई ब्रह्मा प्रसन्नार्थ कठोर तप गर्दो भयो । ॐ ब्रह्मणे नमः भनी जपी रहेको देखेर ब्रह्माले त्यस दुष्टलाई वरदान दिन मन छैन के गरौ भनी नारद र पर्वत मुनिलाई समस्या सुनाउनु भयो । तप गर्ने भए नारायणको गर भनी भगेराका रूपमा गई सम्झाउँछौं भनी तपस्थलको एउटा रुखमा बसी बारम्बार नमो नारायणाय उच्चारण गर्न थाले । यो ध्वनिले मलाई तपमा विघ्न

गऱ्यो भन्ने सम्झी हातमा धनुष लिएर मार्न यताउती नजर घुमायो। हिरण्यकशिपुलाई क्रोधित देखी भगेराका रूपमा रहेका नारद र पर्वत मुनि तत्काल अन्तर्धान भए। दिक्क मानेको दैत्यराज त्यो दिन किन भगेराले नमो नारायणाय भने भन्ने सम्झी-सम्झी घर फर्कियो। श्रीमती कयाधुसँग र आमा दितिसँग बारम्बार सोही कुरा गरिरह्यो। आखिर त्यसै रात गर्भ रहेछ, भगवान्‌को नामोच्चारणको प्रभावले प्रह्लाद जस्ता ज्ञानी त्यस दुष्टका पुत्र रूपमा आए। प्रह्लादलाई भक्तराजका रूपमा आज पनि हामी सम्झन्छौं। भोलिपल्ट प्रातः कालमा नै हिरण्यकशिपुले अब त्यस पर्वतमा जान्न भन्ने सम्झी मन्दराचल पर्वतमा गई हजारौं वर्ष कठोर तप गरी ब्रह्माबाट अप्राप्य वरदान पनि प्राप्त गऱ्यो। उसलाई मार्न स्वयं भगवान् नारायणले नृसिंहावतार लिनु भएको थियो।

इत्युक्त्वाऽऽनम्य पितरं वासुदेवं हृदि स्मरन्।
प्रयातः पर्वतेनैव सार्धं स मुनिपुङ्गवः॥
कलविङ्कौ तु तौ भूत्वा कैलासं पर्वतोत्तमम्।
यत्रास्ते दितिज श्रेष्ठो दित्रैर्मित्रैः परीवृतः॥
कृतस्नानो मुनिस्तत्र वृक्षशाखासमाश्रितः।
श्रृण्वतस्तस्य दैत्यस्य प्राह गम्भीरया गिरा॥
नमो नारायणायेति पुनः पुनरुदारधीः।
त्रिवारं प्रजपित्वा वै नारदो मौनमाश्रितः॥
बाणं धनुषि संधाय यावन्मुञ्चति तौ प्रति।
तावदुड्डीय तौ भूप गतौ नारदपर्वतौ॥

सोऽपि क्रोधपरीताङ्गो हिरण्यकशिपुस्तदा ।
त्यक्त्वा तमाश्रमं भूयो नगरं स्वं महीपते ॥

नरसिंहपु. ४१।१३-१८,१९

वामन प्रसङ्गमा शुक्राचार्यलाई दण्ड

समुद्रमन्थन पश्चात् देवासुर संग्राममा मारिएका बलि राजालाई मृतसञ्जीवनी विद्या प्रयोग गरी शुक्राचार्यले जीवनदान दिए । बलि गुरुका परम भक्त थिए । अहर्निशः गुरुसेवा गरेका बलिलाई शक्तिसम्पन्न बनाउन शुक्राचार्यले पनि ठूलो भूमिका खेले । अन्ततः देवराज इन्द्रलाई स्वर्गबाट लखेट्न बलि सफल भए । देवताहरूको हरिबिजोग भयो । देवमाता अदितिले आफ्ना पुत्रहरूको साम्राज्य फर्काउन हरिको शरण लिईन् । अदितिको आराधनाले प्रसन्न भएका हरिमाता अदितिका गर्भबाट वामनका रूपमा प्रकट भई यज्ञोपवीतादि संस्कार पश्चात् बलिले गरिरहेको सयौं यज्ञमा पुग्नुभयो । दिव्यदेहका वटुकरूपी वामनको स्वागतमा बलिले पनि कुनै कसर बाकी राखेनन् । धेरै बेरको छलफल पछि तीन पाउ जमीन अर्थात् वामनले आफ्नै पाउले नापेर तीन पाउ भूमि पाउने भए । बलिले राज्य नै माग्न अनुरोध गरे पनि ब्राह्मणमा सन्तोषरूपी धन चाहिन्छ भन्ने दर्शाउन वामनरूपी विष्णुले तीन पाउ मात्र माग्नुभयो । यो घटनालाई आफ्ना आँखाले देखिरहेका गुरु शुक्राचार्यले वामनका रूपमा भिक्षा माग्ने साक्षात् नारायण हुन्, तिम्रो वैभव समाप्त पारी देवतालाई स्वर्ग दिलाउन आएका हुन्, दान नदिएमा पनि अपराध लाग्दैन भन्ने तर्क प्रस्तुत गरे ।

स्त्रीषु नर्मविवाहे च वृत्यर्थे प्राणसंकटे ।
गोब्राह्मणार्थे हिंसायां नानृतं स्याज्जुगुप्सितम् ॥

श्रीमद्भा.म.पु. ८।१९।४३

अर्थात् स्त्रीप्रसन्नताका लागि, हासपरिहासमा (ख्याल-ठट्टामा), विवाहमा, कन्या आदिको प्रशंसा गर्दा, आफ्नो जीविकाको रक्षार्थ, प्राणसंकट पर्दा, गाई र ब्राह्मणको हितमा, कसैलाई मृत्युको मुखबाट बचाउँन सकिन्छ भने झूठो बोल्दा पनि पाप लाग्दैन । तसर्थ केही पनि दिन्न भनी यी वामनरूपी विष्णुलाई फर्काई देउ । शुक्राचार्यका यी नीतियुक्त वचन सुनेर पनि क्षमा माग्दै, साक्षात् नारायण नै भिक्षु बनी मेरा द्वारमा आउनु भएको हो भने, म कति सौभाग्यशाली रहेछु भन्ने सम्झी, तीन पाउ भूमि दानार्थ संकल्प पढ्न वामनलाई अनुरोध गरे । पत्नी विन्ध्यावलीले ल्याएको करुवाबाट पानी झार्न खोज्दा एक थोपो पनि पानी झरेन । पक्कै यो फट्याई शुक्राचार्यले गरेका हुन् भन्ने सम्झी वामनले एउटा कुशको टुक्राले करुवाको टुटीमा घोचिदिए । तत्काल त्यसबाट रगतको धारा बग्न थाल्यो । त्राहि मां त्राहि मां भन्दै एक आँखा फुटेका शुक्राचार्य त्यहाँबाट निस्किए । बलिले हँसीखुसी दान दिए । देवतालाई स्वर्ग सुम्पिएर आफ्नो अवतारको प्रयोजन वामनले पुरा गर्नुभयो । बलि पनि अन्त्यमा प्रभुकृपाले सुतल लोकका स्वामी भई दानवीरका रूपमा प्रख्यात भए । यसबाट बुझिन्छ दानादि शुभकर्ममा विघ्न गर्दा मानव अवश्य दण्डको भागी हुँदो रहेछ ।

सजलं हेमकलशं गृहीत्वोत्थाय भक्तितः ।
यावत्स वामनकरे तोयं दातुमुपस्थितः ॥
तावच्छुक्रः कलशगो जलधारां रुरोध ह ।

ततश्च वामन क्रुद्धः पवित्राग्रेण सत्तमः ॥

उदके कलशद्वारि तच्छुक्राक्षिमबेधयत् ।

ततो व्यपगतः शुक्रो विद्धैकाक्षो नरोत्तम ॥ *नरसिंहपु. ४५।३५-३७*

कागले किन एउटा मात्र आँखाले देख्छ ?

त्रेतायुगको कुरा हो, राम-लक्ष्मण-सीता वनमा रहँदा एक दिन सीताका काखमा श्रीराम सुतिरहनु भएको थियो । अचानक इन्द्रपुत्र जयन्तले कागको रूप लिई माता सीताका पाउमा ठुगेर उड्यो । आफ्नी प्राणप्यारीका पाउबाट बग्न थालेको रगत देखेपछि श्रीरामलाई असह्य क्रोध उठ्यो, तत्काल त्यस दुष्ट कागलाई मार्न भनी हातमा धनुष लिएर कागका पछि दौडनु भयो । तीन लोक चौध भुवन घुम्दा पनि कागले आफ्नो रक्षा गर्न सकेन । अन्ततो श्रीरामका शरणमा परी क्षमा माग्यो । श्रीरामले मैले धनुष उठाई सकें, तसर्थ एउटा अङ्ग मात्र भए पनि यो बाणका लागि देऊ भनेपछि दोषी आँखा हुँदा रहेछन् म एउटा आँखा अर्पन्छु भन्यो । श्रीरामले दोषीले दण्ड पाउनु पर्छ भन्ने मान्यतालाई स्वीकारी धनुष प्रयोग गरी एउटा आँखा फुटाई दिनुभयो । त्यस अपराधका कारण समस्त कागहरूले आजसम्म पनि दुवै आँखा भए पनि एउटाले मात्र देख्तछन् भन्ने मान्यता रहिआएको छ ।

अस्त्रं तन्नेत्रमेकं तु भस्मीकृत्य समाययौ ।

ततः प्रभृति काकानां सर्वेषामेकनेत्रता ॥

चक्षुषैकेन पश्यन्ति हेतुना तेन पार्थिव ॥ *नरसिंहपु. ४९।१५-१६*

दूबोको उत्पत्ति

समुद्रमन्थनका क्रममा भगवान् विष्णुले तलबाट कच्छप रूपमा र माथिबाट विराट रूपमा मन्दराचल पर्वतलाई सहयोग गर्नुभएको थियो । दरो गरी समाउनु भएका विष्णुको छातीमा रगडिदा रौंहरू झर्दै पानीमा बग्दै केही पर पुगी किनारा लागे । केही काल पश्चात् तिनै विष्णुका शरीरबाट निस्किएर बगेका रौंहरू नै दूर्वाका रूपमा परिणत भए, अर्थात् दूबो भई उम्रिए । समुन्द्र मन्थनबाट उत्पन्न अमृत संयोगवश त्यही दूबो भएको ठाउँमा राखिए छ । विष्णुको शरीरबाट उत्पन्न र अमृतको स्पर्शले दूबो सदाको लागि अजर-अमर भयो । दूबो देवताहरूबाट पनि पूजनीय र वन्दनीय भयो । भाद्रशुक्ल अष्टमीका दिन समस्त देवताले दूबाको पूजा गरे ।

त्वं दूर्वेऽमृतजन्मासि वन्दिता च सुरासुरैः ।

सौभाग्यं संततिं कृत्वा सर्वकार्यकरी भव ॥ *भविष्यपु. उ. ५६।१२*

लक्ष्मी, सरस्वती, र गङ्गा किन नदीरूपमा धरातलमा झरे ?

भगवान् विष्णुका भार्याहरूमा लक्ष्मी, सरस्वती, र गङ्गालाई बढी सम्झिइन्छ ।

लक्ष्मीः सरस्वती गङ्गातिस्रो भार्या हरेरपि ।

प्रेम्णासमस्तास्तिष्ठन्ति सततं हरिसन्निधौ ॥ *ब्र. वै. व. पु. प्र. ६।१७*

एकदिन भगवान् हरि लक्ष्मी, सरस्वती र गङ्गाका बीचमा विराजमान हुनुहुन्थ्यो । रमाइला-रमाइला प्रसङ्गमा रमाई रहेका अवस्थामा सरस्वतीका आँखा भगवान् विष्णुको अनुहारमा परेछ । विष्णु मुस्कुराई रहनु भएको थियो । उहाँ किन हास्नु भयो भनी सबैतिर नजर डुलाउँदा गङ्गाले एक टक लगाएर विष्णुलाई हेरिरहेकी

देखिन् । विष्णु पनि त्यतै नजर गरी मुस्कुराउनु भएको रहेछ । त्यो देखे पछि सरस्वतीलाई असंह्य भयो । उनका आँखा राता-राता भए । अब यिनीहरूले झगडा गर्ने सुर गरे भन्ने सम्झी विष्णु तत्काल अन्तर्धान हुनुभयो । ख्याल-ख्यालमा गङ्गा र सरस्वतीका बीचमा राम्रै झगडा भयो । लक्ष्मी अगाडि सरेर झगडा छुट्याउने प्रयास गरिन् । सरस्वतीको क्रोधले सीमा नाघि सकेको थियो । उनी लक्ष्मीसित पो जङ्गिन पुगिन् र श्राप दिइन् । नदी र वृक्ष भएस् ।

शशाप वाणी तां पद्मां महाकोपवती सती ।

वृक्षरूपा सरिद्रूपा भविष्यसि न संशयः ॥ ब्र.वै.पु.प्र.६/३२

निर्दोष लक्ष्मीलाई श्राप दिएको देखेर गङ्गाले पनि सरस्वतीलाई श्राप दिईन् । तिमी पनि नदी हुनु परोस् ।

इत्येवमुक्त्वा सा देवी वाण्यै शापं ददाविति ।

सरित् स्वरूपा भवतु सायात्वाञ्च शशाप ह ॥ ब्र.वै पु.प्र.६/६९

गङ्गाबाट श्राप पाएकी सरस्वतीले गङ्गालाई पनि श्राप दिदै भनिन् । तिमी पनि नदी भएर समस्त पापीहरूको पाप प्राप्त गर्नेछ्यौ ।

इत्येवं वचनं श्रुत्वा तां शशाप सरस्वती ।

त्वमेव यास्यसि महीं पापिपापं लभिष्यसि ॥ ब्र.वै.पु प्र.६/४१

श्रापाश्राप गरेर रोइरहेका पत्नीहरूका बीचमा जनार्दन प्रकट हुनुभयो । आफूहरूले विवेक गुमाउँदा भएको घटना प्रति तीनैं ओटी दुःखी थिए । अत्यन्त दुःखी लक्ष्मीलाई देखी नारायणले सान्त्वना दिदै भन्नुभयो । एक (वृक्ष) रूपमा धर्मध्वज राजाका घरमा तुलसी नामक छोरीका रूपमा तिम्रो जन्म हुनेछ । शङ्खचूडका साथमा विवाह भई त्यो शरीर त्यागे पछि तिमी यहीं आउने छ्यौ । अर्को रूपमा

भारतवर्षमा पद्मावती नामक नदी भएर बग्नेछ्यौ । कलिको पाँच हजार वर्ष व्यतीत भएपछि पुनः यहीं दिव्यधाममा आउनेछ्यौ ।

लक्ष्मि त्वं कलयागच्छ धर्मध्वज गृहं शुभे ।
अयोनिसम्भवा भूमौ तस्य कन्या भविष्यसि ॥
तत्रैव दैवदोषेण वृक्षत्वञ्च लभिष्यसि ।
मदंशस्यासुरस्यैव शङ्खचूडस्य कामिनी ॥
भूत्वा पश्चाच्च मत्पत्नी भविष्यसि न संशयः ।
त्रैलोक्य पावनी नाम्ना तुलसीति च भारते ॥
कलया च सरिद् भूत्वा शीघ्रं गच्छ वरानने ।
भारतं भारती शापान्नाम्ना पद्मावती भव ॥ *ब्र.वै.पु.प्र.६।४५-४८*

यसैगरी जगत्प्रभुले गङ्गालाई पनि सम्झाउनु भयो । मेरा अंशबाट उत्पन्न समुद्र तथा शन्तनु राजाकी श्रीमती भई समस्त लोकको कल्याण गरी भागीरथी नामले ख्याति पाएर पाँच हजार वर्ष पश्चात् श्रापबाट मुक्त हुनेछ्यौ ।

गङ्गे यास्यसि पश्चात् त्वमंशेन विश्वपावनी ।
भारतं भारती शापात् पापदाहायदेहिनाम् ॥
भगीरथस्यं तपसा तेन नीता सुदुस्करात् ।
नाम्ना भागीरथी पूता भविष्यसि महीतले ॥
मदंशस्य समुद्रस्य जाया जाये ममाज्ञया ।
मत्कलांशस्य भूपस्य शान्तनोश्च सुरेश्वरि ॥ *ब्र.वै.पु.प्र.६।४९-५१*

यसैगरी सरस्वतीलाई सम्झाउँदै नारायणले भन्नुभयो । गङ्गाले दिएको श्रापका कारण नदी भई भारतवर्षमा जाऊ । आपसी

झगडाको फल हो यो भोग्नै पर्छ । पाँच हजारवर्ष पछि मुक्त हुनेछ्यौ ।

गङ्गाशापेन कलया भारतं गच्छ भारति ।

कलहस्य फलं भुङ्क्ष्व सपत्नीभ्यां सहाच्युते ॥ ब्र.वै.पु.प्र.६।५२

अन्त्यमा नारायणले सबैलाई सम्झाउँदै लोकलाई पनि शिक्षा दिनु भएको छ ।

स्त्रीपुंवच्च गृहे येषां गृहिणां स्त्रीवशः पुमान् ।

निष्फलञ्च जन्म तेषामशुभञ्च पदे पदे ॥

बह्वीनाञ्च सपत्नीनां नैकत्र श्रेयसि स्थितिः ।

एकभार्यः सुखी, नैव बहुभार्य कदाचन ॥ ब्र.वै.पु.प्र.६।५७।६४

अर्थात् स्त्रीजातिले पुरुष समान व्यवहार गर्ने, पुरुषले स्त्रीसमान व्यवहार गर्ने अनि सदासर्वदा नारीका वशमा पुरुष रहने हो भने गृहस्थाश्रममा कष्ट नहोला भन्न सकिदैन । संसारमा धेरै पत्नी हुने भन्दा एकपत्नी हुने नै सुखी हुन्छन् । यही विचार गरी अब म पनि एकपत्नी मात्र राख्दछु । गङ्गा शिवसँग जाऊ । सरस्वती ब्रह्मासँग जाऊ । लक्ष्मी मसँग बस ।

गच्छ गङ्गे शिवस्थानं ब्रह्मस्थानं सरस्वती ।

अत्र तिष्ठतु मद्गेहे सुशीला कमलालया ॥ ब्र.वै.पु.प्र.६।६५

समस्त पापीहरूको पाप धोएर कलुषित भएकी गङ्गाको पाप कसरी नाशिन्छ ?

जनार्दन भन्नुहुन्छ -

सहस्रपापिनां स्नानाद् यत्पापं ते भविष्यति ।

मद्भक्तैकदर्शनेन तदेव हि विनश्यति ॥

पापिनान्तु सहस्राणां शवस्पर्शेन यत्तव ।

मन्मन्त्रोपासकस्नानात् तदघञ्च विलश्यति ॥ ब्र.वै.पु.प्र.१०।७१-७२

अर्थात् हजारौं पापीहरूले स्नान गर्नाले जुन पाप तिमीलाई लाग्छ, हजारौं पापीहरूको शवदाह गर्दा जुन पाप तिमीमा रहला, एउटा मेरो भक्तको दर्शन मात्रले अथवा एउटा मेरो मन्त्र उच्चारण गर्दै स्नान गर्नेको दर्शनले समस्त तिम्रा पापहरू नष्ट हुनेछन् । अर्थात् सबैको उद्धार गर्ने तिम्रो उद्धार एउटा भक्तले सहर्ष तिम्रो जलमा स्नान गर्नाले हुनेछ । यो कलह प्रसंग देवीभागवतको नवमस्कन्धमा पनि विस्तृत रूपमा वर्णित छ ।

गङ्गाको उत्पत्ति र नामकरण

एकदिन गोलोकमा ब्रह्मा र शिवजी पुग्नु भएछ । ख्याल ठट्टामा संगीतका कुरा चले । संगीतज्ञ परात्पर शिव समान अर्को को छ र ? श्रीकृष्णको युगल जोडी (राधा कृष्ण) का अगाडि आफ्नो कला पस्कन पाउँदा भाव विभोर भएर भोलेबाबाले सुमधुर गीत गाउनु भयो । त्यो समय सतीदेवीको वियोगले अत्यन्त मर्माहत भएका शिवको संगीतले सबैलाई द्रवीभूत बनायो । राधा र कृष्णको अश्रुधाराले आफूहरू बसेको आसन भिजेको थाहा पाएपछि ब्रह्माले त्यो जल कमण्डलुमा समेट्नु भयो । यसरी राधा र कृष्णका शरीरबाट गङ्गाको उत्पति भयो । उनी अत्यन्त सुन्दरी युवतीका रूपमा प्रकट भईन् । मन मनै श्रीकृष्णलाई नै स्वामी वरण गरिन् । राधाको आँखा छलेर श्रीकृष्णले पनि यदा कदा गङ्गालाई सान्निध्यता प्रदान गर्नुहुन्थ्यो । एकदिन गङ्गाका साथमा गोलोकवासी श्रीकृष्ण

विहार गरिराख्नु भएको थियो, अचानक श्रीकृष्णको खोजी गर्दै राधा टुप्लुक्क आइपुगीन् । श्रीकृष्णमा राधाको एकछत्र राज्य थियो । उनी आफ्ना प्राण प्यारालाई अरुको अगालोमा कसरी देख्न सक्तिन् । अवस्था भयावह भयो भन्ने बुझी त्रसित गङ्गा तत्काल श्रीकृष्णका चरणमा अलप भईन् । राधाले क्रोधित हुँदै निकैबेर गङ्गाको खोजी गरिन्, तर भेटिनन् ।

गङ्गा रहस्यं विज्ञाय योगेन सिद्ध योगिनी
श्रीकृष्णचरणाम्भोजे विवेश शरणं ययौ ॥
गोलोकञ्चैव वैकुण्ठं ब्रह्मलोकादिकं तथा
ददर्श राधा सर्वत्र नैव गङ्गा ददर्श सा ॥ ब्र.वै.पु.प्र.११।८२-८३

राधाका क्रोधमा श्रीकृष्ण परे । नारीजन्य स्वभावका कारण उनले अलि बढि नै वचन वाण प्रहार गरेको सुनी तत्काल ब्रह्माजीको स्मरण गर्दै राधालाई सम्झाउन अनुरोध गर्नुभयो । ब्रह्माले भगवती राधाको स्तुति गान गर्नुभयो । हे माते ! गङ्गा हजुरकै स्वरूप हुन् । हजुरकै द्रवीभूत शरीरबाट उनको उत्पति भएको हो । हजुरहरूले भगवान् भोलेनाथका मुखारविन्दबाट संगीत श्रवण गर्दा गङ्गा प्रकट भई मेरा कमण्डलुमा प्रवेश गरेकी थिइन् । ब्रह्माका यथार्थ वचनले राधाको क्रोध शान्त भयो । श्रीकृष्णका चरणमा लुकेकी गङ्गा प्रकट भईन् र राधाका शरणमा परिन् । श्रीकृष्णका चरणबाट निस्किएकी गङ्गाको नाम विष्णुपदी रहन गयो । कृष्णनै विष्णु हुन् भने विष्णुनै कृष्ण हुन् ।

गङ्गा त्वदङ्ग सम्भूता प्रभोश्च रासमण्डले
द्रवरूपा च सा जाता मुग्धया शङ्करस्वरात् ॥ ब्र.वै.पु.प्र.११।२०

ब्रह्मणो वचनं श्रुत्वा स्वीचकार च सस्मिता

वहिर्बभूब सा कृष्ण पादाङ्गुष्ठनखाग्रतः ॥ ब्र.वै .पु.प्र.११।२४

तत्रैव सा गता गङ्गा चाज्ञयापरमात्मनः

निर्गता विष्णुपादाब्जात् तेन विष्णुपदी स्मृता ॥ ब्र.वै.पु.प्र.११।५

यो प्रसङ्ग देवीभागवतको नवम स्कन्धको तेह्रौ अध्यायमा पनि जस्ताको तस्तै पाइन्छ ।

भगवान् विष्णुले वामनरूप लिंदा बलिबाट प्राप्त तीन पाउ भूमि नाप्ने क्रममा वामनको चरण ब्रह्मलोक पुग्यो । ब्रह्माले कमण्डलुमा रहेको जल वामनको पाउमा अर्पण गर्नुभयो । विष्णुका चरणबाट प्रवाहित भएकी हुनाले उनको नाम विष्णुपदी रहन गयो ।

गाम् भनेकी पृथिवी, स्वर्गबाट पृथिवीमा झरेकी हुनाले गङ्गा नाम रह्यो । जह्नु ऋषिकी पुत्री मानिएकी हुनाले जाह्नवी, भीष्मपितामहकी जन्मदात्री हुनाले भीष्मसूः, तीन धारामा विभक्त भई स्वर्ग, मर्त्य, र पाताल गएकी हुनाले त्रिपथगामिनी, स्वर्गमा मन्दाकिनी, हजारौं योजन फैलिएकी हुनाले योजना आदि नामले प्रसिद्ध छिन् ।

भगीरथेन चानीता तेन भागीरथी स्मृता ।

गामागता स्रोतसोंऽशाद् गङ्गा तेन प्रकीर्तिताः ॥

जानुद्वारा पुरा दत्ता जह्नुना तोयकोपतः ।

तस्य कन्या स्वरूपा सा जाह्नवी तेन कीर्तिताः ॥

भीष्मः स्वयं वसुर्जातस्तस्यां सा तेन भीष्मसूः ।

धाराभिस्तिसृभिः स्वर्गं पृथिवीमतलं तथा ॥

ममाज्ञया च गच्छन्ती तेन त्रिपथगामिनी ।

प्रधानराधया स्वर्गे सा च मन्दाकिनी स्मृता ॥

योजनायुत विस्तीर्णा प्रस्थे च योजना स्मृता ॥

ब्र. वै. पु. कृ. ३४।२०-२४

सुहोत्रकी पत्नी केशिनीबाट जह्नुको जन्म भएको थियो । उनलाई राजर्षि मानिन्छ । गङ्गा उनलाई पति रूपमा वरण गर्न चाहन्थिन् । एकदिन जह्नु दीक्षित भई अन्नसत्र नामक यज्ञ गरिरहेका थिए । सोही अवसरमा गङ्गाले आफूलाई पत्नी बनाउन अनुरोध गरिन् तर राजर्षि जह्नुले अस्वीकार गरे । क्रोधित गङ्गाले जल रूपमा प्रकट भई समस्त यज्ञ सामाग्री बगाइदिइन् ।

पतिलोभेन यं गङ्गा पतित्वेऽभिससार ह ।

नेच्छतःप्लावयामास तस्य गङ्गां च तत्सदः ॥ *हरिवं. पु. ह. २७५*

राजर्षि जह्नुले पनि गङ्गाको अभिमान नष्ट गर्न सम्पूर्ण गङ्गाजल पान गरे । जब उनी शरण परिन् खुसी भएका जह्नुले प्रवाहित गरिदिए । गङ्गालाई पान गरी फेरि आफ्नो शरीरबाट प्रवाहित गरेको हुनाले र पुत्री स्वीकार गर्नाले गङ्गा जाह्नवी नामले पनि प्रसिद्ध भइन् । पछि जह्नुको विवाह युवनाश्वकी छोरी कावेरीसँग भयो । कावेरी पनि नदी रूपमा रहन्छिन् । उनीहरुबाट सुनहक नामक पुत्र भएका थिए ।

वायुपराण र ब्रह्माण्डपुराणमा पनि गङ्गाको प्रसङ्ग पाइन्छ ।

भगीरथस्तु तां गङ्गामानयामास कर्मभिः ।

तस्मात् भागीरथी गङ्गा कथ्यते ब्रह्मवित्तमैः ॥

वायुपु. उ. २६।१६७ ; ब्रह्माण्डपु. २,६३।१६७

गङ्गालाई पृथिवीमा भगीरथले ल्याएका थिए, त्यसैले उनको नाम भागीरथी पनि रहन गयो ।

गङ्गाको महिमा प्रायः सबै पुराणहरूले विस्तृत रूपमा व्याख्या गरेका छन् । यहाँ उनको विस्तृत चर्चा गर्ने अभिप्राय छैन । देवीभागवत, ब्रह्मवैवर्तपुराण, ब्रह्मवैवतृपुराणको काशीखण्ड, स्कन्दपुराणको काशीकेदारमहात्म्य, शिवपुराण, श्रीमद्भागवत आदि पुराणहरूमा र महाभारत, रामायणमा भगवती गङ्गाको व्यापक महिमा वर्णित छ । थिनको स्पर्शले मात्र पनि मानव जीवन सार्थक हुने व्याख्या पाइन्छ । गङ्गा नाम उच्चारण मात्रले पनि समस्त पाप नष्ट हुन्छन् ।

गङ्गा गङ्गेति यो ब्रूयाद्योजनानां शतैरपि ।

मुच्यते सर्वपापेभ्यो विष्णुलोकं स गच्छति ॥ *पद्मपु. उ. ख. २४०।५१*

यो श्लोक प्रायः सबै पुराणमा वर्णित छ । सय वर्ष अघि ल्याएर घरमा राखिएको गङ्गाजलमा पनि कीरा परेको हुँदैन । यो प्रमाण नै गङ्गाजलको महत्व दर्शाउन पर्याप्त छ ।

सीता र तुलसी

कुशध्वज र धर्मध्वज दाजुभाइ थिए । कुशध्वजकी पत्नी मालावती थिइन् । कुशध्वज र मालावतीबाट जन्मिएकी वेदवती हुन् । धर्मध्वजकी पत्नी माधवीबाट कार्तिकशुक्ल पूर्णिमाका दिन एउटी कन्याको जन्म भयो । अत्यन्त सुन्दर स्वरूपकी ती कन्याको कसैसँग तुलना थिएन, तसर्थ तिनको नाम तुलसी राखियो ।

नरानार्यञ्च तां दृष्ट्वा तुलनां दातुमक्षमा

तेन नाम्ना च तुलसीं तां वदन्ति पुराविदः॥ *ब्र. वै. पु. प्र. १५।१४*

नारायणलाई पति रूपमा प्राप्त गर्न उनले कठोर तप गरिन् तर ब्रह्माजीले यो जन्ममा सम्भव छैन, अर्को जन्ममा नारायण नै पति पाउने छ्यौ भन्नुभयो । यो जन्ममा भने श्रीकृष्णांश श्रीदामा राधाका श्रापले शङ्खचूड नामक राक्षस भई अवतीर्ण छन् । उनैसँग विवाह गर भनी सम्झाउनु भयो ।

यसरी तुलसीको विवाह शङ्खचूडसँग भएको थियो । श्रीकृष्णका पार्षद श्रीदामा नै शङ्खचूडका रूपमा आएका थिए । शङ्खचूडको मृत्यु पश्चात् तुलसीले त्यो शरीर त्यागी मुक्त भएर श्रीकृष्णकी प्यारी भईन् ।

वेदवतीले जन्मना साथ वेदध्वनि गरेकी थिईन् । छोरीले जन्मनसाथ वेदध्वनि गरेको सुनेका राजा कुशध्वजले छोरीको नाम वेदवती राखिदिए । नारायणलाई पति रूपमा प्राप्त गर्न उनले कठोर तप गरिन् । धेरै समय पश्चात् आकाशवाणी भयो -

जन्मान्तरे च ते भर्ता भविष्यति हरिः स्वयम् ।

ब्रह्मादिभिर्दुराराध्यं पतिं लप्स्यसि सुन्दरी ॥ *ब्र.वै व.पु.प्र.१४।९*

अर्को जन्ममा स्वयं हरि नै पति रूपमा प्राप्त हुनु हुनेछ ।

वेदवतीले तपस्या गरिरहेका स्थानमा एकदिन अचानक राक्षसराज रावण पुगेछ । वेदवतीका सौन्दर्यमा मोहित रावणले कामुक दृष्टिले उनलाई स्पर्श गर्ने प्रयास गर्‍यो । वेदवतीले जसै क्रोधपूर्ण दृष्टिले रावणलाई हेरिन्, रावणको हात चल्दै चलेन अर्थात् स्तम्भित भयो । रावणको धृष्टतादेखि तत्काल हातमा जल लिएर उनले श्राप दिइन् ।

सा सती कोप दृष्ट्या च स्तम्भितं तञ्चकार ह ।

शशाप च मदर्थे त्वं विलङ्घसि सबान्धवः ॥ *ब्रह्मवै.पु १४*

मेरा निम्ति बन्धु वान्धव सहित तेरो नाश हुनेछ । यसरी रावणलाई श्राप दिएर वेदवतीले आफ्नो शरीर त्यागिन् । यिनै वेदवती सीरध्वज जनककी पुत्री सीता भएर जन्मन पुगिन् । यिनको विवाह श्रीरामसँग भयो, जो साक्षात् नारायण हुनुहुन्थ्यो । यिनकै निम्ति रावण वन्धु बान्धव सहित मारियो ।

सा च कालान्तरे साध्वी बभूव जनकात्मजा ।

सीतादेवीति विख्याता यदर्थे रावणो हतः ॥ *ब्र.वै.पु.प्र.१४।२१*

छायाँ सीता र द्रौपदी

पिता दशरथका आज्ञाले श्रीराम, सीता र लक्ष्मण चौध वर्षको वनबासमा हुनुहुन्थ्यो । जब दण्डकारण्य वनमा राक्षसहरूले उपद्रव मचाउन थाले, देवताहरूले अग्निदेवलाई श्रीरामको सहायतार्थ पठाए । विप्ररूपमा आएका अग्निले सीताको संरक्षणका लागि छायाँ सीताको कल्पना गर्न अनुरोध गरे । विप्र अग्नि हुन् भन्ने बुझेपछि श्रीरामले सीतालाई सम्झाउनु भयो । छायाँ सीताको रूप प्रकट गरियो । श्रीरामले आफ्नो सहायतार्थ प्रसन्न मुद्रामा प्रकट भएका अग्निदेवलाई रावण नमारुन्जेल सीता राखिदिन अनुरोध गर्नुभयो । सीताले छायाँरूप आफ्नो स्वरूप रामलाई समर्पण गरिन् भने मूलरूप अग्निदेवमा समाहित गरिन् । सीतालाई लिएर अग्निदेव अन्तर्ध्यान भए ।

सृष्ट्वा मायामयी सीतां स रावणवधेप्सया ।

सीतामादाय धर्मिष्ठां पावकोऽन्तरधीयत ॥ *कूर्मपु.३३।१२७*

यसपछिका घटनामा छायाँ सीताको भूमिका रह्यो । रावणले सीता हरण गरेका कारण मारियो । राम रावणको युद्ध पश्चात् विजयोत्सव मनाउन सीता मातालाई पनि अशोक वाटिकाबाट स-सम्मान ल्याउने काम भयो । त्यही समयमा शत्रुका बन्धनमा रहेकी सीताको परीक्षा विना स्वीकार गर्न नसकिने कुरा रामबाट व्यक्त भयो । सबैले दुःख मनाउ गरे, तर आफ्नी प्राण पियारी सीता अग्निदेवसँग फिर्ता लिनु थियो । तसर्थ अग्निपरीक्षाको काम गरियो । यो यथार्थ श्रीराम, माता सीता र अग्निदेव बाहेक कसैलाई थाहा थिएन । लक्ष्मणले पनि यो घटना चाल पाएका थिएनन् ।

वह्नियोगेन सीताया मायासीतां चकार ह ।

तत्तुल्यगुणसर्वाङ्गीं ददौ रामाय नारद ॥

सीतां गृहीत्वा स ययौ गोप्यं वक्तुं निषिध्य च ।

लक्ष्मणो नैव बुबुधे गोप्यमन्स्य का कथा ॥ *देवीभा. ९।१६।३३-३४*

वास्तविक सीता र श्रीरामको पुनर्मिलन अग्निदेवले गराए । सीतारामको मिलन भयो तर छायाँ सीताले श्रीरामका समीप गई आफूले गरेको त्याग-तपस्याको इज्जत राख्न आग्रह गरिन् । श्रीरामले यो समय केही हुन नसक्ने तर द्वापरमा अग्निकुण्डबाट जन्म हुने र पञ्चपाण्डवसँग विवाह हुने वरदान दिनुभयो । सत्ययुगमा कुशध्वजकी छोरी रहेकी वेदवती नै त्रेतायुगमा श्रीरामपत्नी सीता भईन् । सीतानै द्वापरमा द्रौपदी भईन् ।

द्रौपदीलाई नै त्रिहायणी भनिन्छ । छायाँ सीतालाई श्रीरामबाट चित्त नबुझे पछि उनी आशुतोष भगवानको आराधना गर्न थालिन् । छायाँ सीतालाई पति नपाएको पीडा थियो । भोलेबाबा प्रकट भई वरदान माग्न आग्रह गर्दा उनले पाँच पटक सम्म पति शब्द

उच्चारण गरिन् । शिवले पनि तत्कालै ल तिम्रा पाँच शूरवीर पति हुन् भनी वरदान दिनुभयो । यिनै छायाँ सीता द्रौपदी भईन् ।

सा च कालेन तपसा यज्ञकुण्ड समुद्भवा
कामिनी पाण्डवानाञ्च द्रौपदी द्रुपदात्मजा ॥
कृतेयुगे वेदवती कुशध्वजसुता शुभा
त्रेतायां रामपत्नी च सीतेति जनकात्मजा ॥
तच्छाया द्रौपदी देवी द्वापरे द्रुपदात्मजा
त्रिहायणीति सा प्रोक्ता विद्यमाना युगत्रये ॥
पतिं देहि पतिं देहि पतिं देहि त्रिलोचन
पतिं देहि पतिं देहि पञ्चवारञ्चकार सा ॥
शिवस्तत् प्रार्थनां श्रुत्वा सस्मितो रसिकेश्वरः
प्रिये तव प्रियाः पञ्च भवन्तीति वरं ददौ ॥
तेन सा पाण्डवानाञ्च बभूव कामिनी प्रिया ॥

ब्र.वै.पु.प्र.१४।५२-५४,५८,५९

यो कथा ब्रह्मवैवर्तपुराण र देवीभागवतमा सविस्तार वर्णन गरिएको छ, भने अन्यत्र पनि सारांश रूपमा पाइन्छ ।

पाँच पाण्डव र द्रौपदीको यथार्थ (मार्कण्डेयपुराण अनुसार)

पूर्वकालमा त्वष्टा प्रजापतिका पुत्र गुरु विश्वरूपलाई देवराज इन्द्रले मार्नाले इन्द्रको तेज निस्तेज भई धर्मराजमा गई बसेको थियो । केही समय पश्चात् इन्द्रले वृत्रासुरलाई मारे । वृत्रासुर राक्षस भए पनि ब्राह्मण तथा भगवद्भक्त थियो । वृत्रासुरलाई मार्नाले इन्द्रको बल नष्ट भई वायुमा गएर बस्यो । गौतमपत्नी अहिल्याको पतिव्रता

धर्म नष्ट गरेका इन्द्रको रूप नष्ट भई अङ्ग प्रत्यङ्गको कान्ति अश्विनी कुमारमा गई बस्यो । समय चक्र अनुसार पाण्डुकी पत्नी कुन्तीले धर्मराजको आह्वाहन गर्दा धर्मराजले इन्द्रको तेज लगी कुन्तीमा स्थापित गरिदिए जसबाट युधिष्ठिरको जन्म भयो । कुन्तीले वायु देवताको आह्वान गर्दा वायुदेवले इन्द्रको बल लगी कुन्तीमा स्थापित गरिदिए जसबाट भीमसेनको जन्म भयो । इन्द्रको आधा शरीरनै अर्जुनका रूपमा प्रकट भयो । माद्रीले अश्विनीकुमारको आह्वान गर्दा इन्द्रको रूप लावण्य लगी अश्विनीकुमारले माद्रीमा स्थापित गरे, जसबाट नहकुल र सहदेवको जन्म भयो । यसरी इन्द्र नै पञ्चपाण्डवका रूपमा जन्मिए । इन्द्रपत्नी शची नै दिव्यरूपले अग्निकुण्डबाट कृष्णा अर्थात् द्रौपदीका रूपमा प्रकट भईन् । इन्द्र र शची नै भूःभार हरणार्थ पाँच पाण्डव र द्रौपदीका रूपमा अवतीर्ण भएका हुन् ।

सामर्थ्यवान् व्यक्ति र योगेश्वरहरू विभिन्न थरि शरीर धारण गरेर जगत्को कल्याण गर्दछन् । यहाँ कुनै अन्यथा सम्झनु पर्ने आवश्यकता छैन ।

त्वष्ट्रपुत्रे हतेपूर्व ब्रह्मन्निन्द्रस्य तेजसः।
ब्रह्महत्याभिभूतस्य परा हानिरजायत ॥
समयस्थितिमुल्लङ्घ्य यदा शक्रेण घातितः।
वृत्रो हत्याभिभूतस्य तदाबलमशीर्यत ॥
तच्छक्रदेहविभ्रष्टं बलं मारुतमाविशत् ।
सर्वव्यापिनमव्यक्तं बलस्यैवाधिदेवतम् ॥
अहल्याञ्च यदा शक्रो गौतमं रूपमास्थितः।

धर्षयामासदेवेन्द्रस्तदा रूपमहीयत ॥

अङ्गप्रत्यङ्गलावण्यं यदतीव मनोरमम् ।

विहाय दुष्टं देवेन्द्रं नासत्यावगमत्ततः ॥

यदिन्द्रदेहजंतेजस्तन्मुमोचस्वयंवृषः ।

कुन्त्यांजातो महातेजास्ततोराजा युधिष्ठिरः॥

बलं मुमोच पवनस्ततो भीमो व्यजायत ।

शक्रवीर्यार्द्धतश्चैव जज्ञेपार्थोधनञ्जयः ॥

उत्पन्नौ यमजौ माद्र्यां शक्ररूपौ महाद्युती ।

पञ्चधाभगवानित्थमवतीर्णः शतक्रतुः ॥

तस्योत्पन्ना महाभागा पत्नी कृष्णा हुताशनात् ।

शक्रस्यैकस्य सा पत्नी कृष्णा नान्यस्य कस्यचित् ॥

योगीश्वराः शरीराणि कुर्वन्ति बहुलान्यपि ॥

मा.पु.५।१,१०-१३,२१-२५

पतिव्रता शैव्या

प्रतिष्ठानपुरमा कौशिक नामक ब्रह्मण बस्तथे । उनले गरेका कुकर्मका कारण र पूर्वजन्ममा गरिएको पापका कारणले उनी कोडी र रोगी पनि थिए । उनकी पत्नीको नाम शैव्या थियो । कौशिक एउटी वेश्यामा आसक्त थिए । वेश्यामा लागेका यिनले श्रीमती शैव्यासँग सम्बन्ध बिगारिसकेका थिए, तथापि पतिव्रता शैव्या अत्यन्त भक्तिपूर्वक स्वामीको सेवा गर्थिन् । आफ्ना लागि ब्रह्मा-विष्णु-महेश समान पतिदेव नै हुन् भन्ने उनको धारणा थियो । धनसम्पत्ति विहीन भएपछि कौशिकलाई वेश्याले लत्याई सकेकी थिई । शैव्या रोगका

कारण थलिएको अवस्थामा रहेका श्रीमान्‌को सेवाशुश्रूषा गरिरहन्थिन् । ऐकदिन वेश्यासँग भेट्ने तीव्र इच्छा व्यक्त गरेका आफ्ना श्रीमान्‌को वचन हार्न नसकी वेश्यासँग भेट गराईदिन डोकामा राखी बोकेर हिडिन् । मध्यरातको समय थियो । वेश्यासँग श्रीमान्‌को भेट गराई लिएर आउदै थिईन् । बाटामा निर्दोष माण्डव्य ऋषिलाई शूलि चडाईएको रहेछ । कौशिकको खुट्टाले माण्डव्य ऋषिलाई छुदा थप पीडा भयो । ऋषिले तत्काल श्राप दिए ।

सूर्योदयेऽवशःप्राणैर्वियोक्ष्यति नसंशयः ।

भास्करालोकमादेव स विनाशमवाप्स्यति ॥ मा.पु. १६।३०

जसले शूलिमा चढाइएको मलाई हुत्याउँदै हिड्यो, उसले भोलिको सूर्योदय नदेखोस् । ऋषिका श्रापले मर्माहत शैव्याले पनि यदि मेरा लागि मेरा श्रीमान् नै देवतुल्य छन् भने आज उप्रान्त सूर्योदय नै नहोस् भनी अमोघ वाणी बोलिन् ।

तस्य भार्या ततः श्रुत्वा तं शापमतिदारुणम् ।

प्रोवाच व्यथिता सूर्यो नैवोदयमुपैष्यति ॥ मा.पु. १६।३१

शैव्याका पतिव्रता धर्मका प्रभावले सूर्यले उदाउन छोडे । सूर्योदय नभएपछि समस्त कर्महरू ठप्प भए । ब्रहमाको सृष्टि नै रोकियो । आर्तनाद गर्दै मनुष्य, पशुपक्षी, देवता भगवान्‌का शरणमा गए । त्रिदेवले सल्लाह गरी अत्रि ऋषिकी पत्नी अनसूयालाई शैव्याका घरमा पठाए । पतिव्रता अनसूयाले पतिव्रता शैव्याको प्रशंसा गर्दै सूर्यको शक्ति फुकाई दिन अनुरोध गरिन् । सूर्योदय हुँदा यदि मेरो श्रीमान्‌को मृत्यु हुँदैन भने सूर्य उदाउने छन्, अन्यथा सूर्य उदाउँदैनन् । उनका पतिव्रता धर्मको अगाडि ब्रह्मादि देवताले झुक्नै पर्‍यो । ब्रह्मा-

विष्णु-महेशले अश्विनीकुमार समान सुन्दर भई तिम्रा श्रीमान चिरायु पनि हुनेछन् भनी वरदान दिए । पूर्ववत् सूर्य उदाए । यस्तो अद्भुत शक्ति पतिव्रता धर्ममा पाइन्छ । प्रायः सबै पुराणहरूमा पतिव्रता धर्मको महिमा गाइएको पाइन्छ । नारीका निम्ति श्रीमान् भन्दा ठूलो केही हुँदैन ।

नास्ति स्त्रीणां पृथग्यज्ञो न श्राद्धं नाप्युपोषणम् ।

भर्तृशुश्रूषयैवैतान् लोकानिष्टान् व्रजन्ति हि ॥ *मा.पु.१६/६२*

यस्तै अत्रिपत्नी पतिव्रता अनसूयाले ब्रह्मा-विष्णु-महेशलाई नै शिशु बनाएकी थिइन् । अनसूयाको पतिव्रता धर्मबाट सन्तुष्ट त्रिदेव नै पुत्ररूपमा आउनु भएको थियो । विष्णु अंशले दत्त, ब्रह्मांशले सोम अर्थात् चन्द्रमा र शिवांशले दुर्वासाको प्रादुर्भाव भयो । त्रिदेवको एउटै स्वरूप दत्तात्रय भगवान्को अवतार मानिन्छ । अत्रि र अनसूयाको विस्तृत कथा श्रीमद्भागवतमहापुराणको चतुर्थ स्कन्ध पहिलो अध्यायका साथै मार्कण्डेयपुराणमा र अन्य विभिन्न पुराणहरूमा पनि वर्णित छ ।

चन्द्रमाका षोडशकला

अमृता मानदा पूषा तुष्टिः पुष्टीरतिर्धृतिः ।

शशिनी चन्द्रिका कान्तिर्ज्योत्स्ना श्रीः प्रीतिरङ्गना ॥

पूर्णा पूर्णामृता कामदायिन्यः शशिनः कलाः ॥*शा.तिलक २/१२-१३*

अर्थात् अमृता, मानदा, पूषा, तुष्टि, पुष्टि, रति, धृति, शशिनी, चन्द्रिका, कान्ति, ज्योत्स्ना, श्री, प्रीति, अङ्गदा, पूर्णा, पूर्णामृता यी समस्त कामना पूर्ण गर्ने चन्द्रमाका सोह्र कला हुन् ।

विष्णु शालग्राम र तुलसीले वृक्ष हुनुको कारण

तुलसी धर्मध्वजकी छोरी थिईन् । नारायण स्वामी पाउन कठोर व्रत गरे पनि यो जन्ममा श्रीकृष्णका साथी सुदामा, जो राधाका श्रापले शङ्खचूड दैत्यका रूपमा आएका थिए, ब्रह्माका आज्ञाले उनैसँग विवाह भयो । विप्रचिति दानवका छोरा दम्भ, दम्भका छोरा शङ्खचूड हुन् । अत्यन्त शक्तिशाली श्रीमान् पाएकामा तुलसी खुसी थिईन् । उनी पतिपरायणा, पतिव्रता थिईन् । तुलसीको श्रीमान् शङ्खचूडले इन्द्रादि समस्त देवतालाई युद्धमा पराजित गरिसकेको थियो । देवता शंकरका शरणमा गए । तुलसीको पतिव्रता धर्मका अगाडि कसैको केही चलेन । अन्ततो गत्वा भगवान् विष्णु नै तुलसीको पतिव्रता धर्म नष्ट गर्न पुगे । शङ्खचूडका रूपमा गई पातिव्रत्य धर्म नष्ट गरिदिए । पतिव्रता धर्म नष्ट भएपछि भगवान् शिवले शङ्खचूडलाई मार्नु भयो

शङ्खचूडस्य रूपेण जगाम तुलसीं प्रति ।

गत्वा तस्यां मायया च वीर्याधानञ्चकार ह ॥ *ब्र.वै.पु.प्र. २०।१२*

शङ्खचूडरूपी विष्णुद्वारा आफ्नो सतीत्व नष्ट भएपछि क्रोधित तुलसीले विष्णुलाई श्राप दिईन् ।

हे विष्णो ते दया नास्ति पाषणसदृशस्य च ।

छलेन धर्मभङ्गेन ममस्वामी त्वया हतः ॥

पाषाण सदृशस्त्वञ्च दयाहीनो यतः प्रभो ।

तस्मात् पाषाणरूपस्त्वं भुवि देव भवाधुना ॥ *ब्र.वै.पु.प्र. २१।२२-२३*

अर्थात् दयाहीन तिम्रो मन ढुंगा समान रहेछ । छलपूर्वक मेरो सतीत्व नष्ट गर्नाले मेरो श्रीमान्ले मर्नु पऱ्यो । तसर्थ तिमीले ढुंगा

हुनु परोस् । तुलसीका वचनले मर्माहत भएका विष्णुले सम्झाउँदै भने ।

इदं शरीरं त्यक्त्वा च दिव्यं देह विधाय च ।
रासे मे रमया सार्धं त्वं रमा सदृशी भव ॥
इयं तनुर्नदीरूपा गण्डकीति च विश्रुता ।
पूता सुपुण्यदा नृणां पुण्या भवतु भारते ॥
तव केश समूहाश्च पुण्यवृक्षा भवन्त्विति ।
तुलसीकेश सम्भूता तुलसीति च विश्रुता ॥
अहञ्च शैलरूपी च गण्डकीतीर सन्निधौ ।
अधिष्ठानं करिष्यामि भारते तव शापतः॥ *ब्र.वै.पु.प्र. २१।३०-३२,५७*

अर्थात् तिमी यो शरीर त्यागेर दिव्यदेह धारण गर । रमा समान मसँग आनन्द भोग । शङ्खचूडसँग विवाह हुनु अघि तिम्रो यही इच्छा थियो । तिम्रो श्रीमान्ले समस्त देवतालाई कष्ट दिएका कारण मार्नु परेको हो । तिम्रो यो शरीर पवित्र गण्डकी नदीका रूपमा प्रवाहित हुनेछ । तिम्रा यी केशका समूह तुलसी नामक वृक्ष भई जगत् कल्याण गर्ने छन् । म पवित्र शीला अर्थात् शालग्राम भई गण्डकी तीरमा सदा रहने छु । यसरी विष्णुले सम्झाए पछि सन्तुष्ट बनेकी तुलसी स्वामीसँगै सती गईन् । त्यो शरीर त्यागेर दिव्यदेह धारणगरी वैकुण्ठ गइन् । शरीर तत्काल गण्डकी नदीका रूपमा प्रवाहित भयो । हरि पनि वचन अनुसार गण्डकीका तीरमा शीला भई रहनु भयो, जसलाई शालग्राम भनिन्छ । धार्मिक दृष्टिमा तुलसी र शालग्रामको महिमा वर्णन गरेर सकिदैन ।

सद्यः स्तद्देहजाता च बभूव गण्डकी नदी ।

हरेरंशेन शैलश्च तत्तीरे पुण्यदो नृणाम् ॥ ब्र.वै.पु.प्र. २१/१०२

शङ्खचूड पनि मुक्त भई गोलोकमा गयो । सत्यत्रेतादि युगमा घरको एउटा सदस्यले गरेको अपराधको भागी अन्य सदस्यले पनि हुनु पर्थ्यो । श्रीमान् शंखचूडले देवतादिलाई दिएको दु:खका कारण दैत्यको अपराधबाट जगत्को रक्षार्थ उसकी निर्दोष पत्नी तुलसीको पतिव्रता धर्म नष्ट गर्नु बाध्यता थियो । यो कथा विस्तृत रूपमा शिवमहापुराण र देवीभागवतमा वर्णित छ । ब्रह्मवैवर्तमहापुराण लगायत अन्य धेरै पुराणहरूमा यो कथा पाइन्छ । तुलसीको महिमा प्राय: सबै पुराणमा उल्लेखित छ । विज्ञानले पनि तुलसीले धेरै रोगको उपचार हुने कुरा पुष्टि गरिसकेको छ ।

स्वाहा, स्वधा र दक्षिणाको संक्षिप्त परिचय

स्वाहा देवी

ब्राह्मण, क्षत्रियादिहरूले यज्ञयज्ञादि गरेता पनि देवताहरूलाई प्राप्त हुँदैनथ्यो । एकदिन निरास देवता ब्रह्माका समीप पुगी यज्ञ यज्ञादि प्रशस्त भएता पनि आफूहरूले त्यसको भाग नपाएको गुनासो गरे । देवतालाई साथमा लिएर ब्रह्मा गोलोकवासी श्रीकृष्ण समीप पुग्नुभयो । यथार्थ जानकारी हुनासाथ प्रकृति नै भगवान् श्रीकृष्णका आज्ञाले स्वाहा नामले प्रकट भईन् । अग्निदेवको दाहिका शक्तिका रूपमा यिनी स्थापित भईन् । यिनको विवाह अग्निदेवसँग भयो ।

प्रकृति: कलया चैव सर्वशक्तिस्वरूपिणी ।

बभूव दाहिका शक्तिरग्नेः स्वाहा स्वरूपिणी ॥ ब्र.वै.पु.प्र. ४०/१५

स्वाहालाई वरदान दिदै ब्रह्माले भन्नु भयो । मन्त्रका अन्त्यमा तिम्रो नामोच्चारण गरी जो सुकैले हवि प्रदान गरे पनि देवतालाई प्राप्त होस् ।

त्वन्नामोच्चार्य मन्त्रान्ते यद्दास्यति हविर्नरः ।

सुरेभ्यस्तत् प्राप्नुवन्ति सुराः सानन्दपूर्वकम् ॥ *ब्र.वै.पु.प्र. ४०।२०*

ब्रह्माले अग्निदेवसँग विवाह गराए पनि उनी श्रीकृष्णलाई चाहन्थिन् । उनले श्रीकृष्णको कठोर तप गरिन् । श्रीकृष्णले प्रकट भएर यो जन्ममा तिम्रो इच्छा पूर्ण हुँदैन तर द्वापरयुगमा म वसुदेवको पुत्र भएर आएको समयमा तिम्रो इच्छा पूर्ण गरौंला । अहिले अग्निदेवकी पत्नी भएर समस्त देवताको कल्याण गर भनी आश्वासन दिनुभयो । यिनै स्वाहा देवी नाग्नजितीका रूपमा श्रीकृष्णकी प्रिय पत्नी भईन् ।

वराहेच त्वमंशेन मम पत्नी भविष्यसि ।

नाम्ना नाग्नजिती कन्या कान्ते नग्नजितस्य च ॥

अधुनाग्नेर्दाहिका त्वं भवपत्नी च भाविनी ।

मन्त्राङ्गरूपा पूता च मत्प्रसादात् भविष्यति ॥ *ब्र.वै.पु.प्र. ४०।३१-३२*

यसरी अग्निदेवकी पत्नी भएकी स्वाहा देवीले अग्निको दिव्य तेज धारण गरी दक्षिणाग्नि, गार्हपत्याग्नि र आहवनीयाग्नि नामक तीन पुत्रलाई जन्म दिईन् ।

फलशाखाविहीनश्च यथावृक्षा हि निन्दितः ।

स्वाहाहीनस्तथा मन्त्रो न द्रुतं फलदायक ॥ *ब्र.वै.पु.प्र. ४०।४२*

हवनमा स्वाहा विनाको मन्त्रले तत्काल फल दिदैन । भगवती स्वाहाले मन्त्रोच्चारणका अन्त्यमा स्वाहा शब्द सुने पछि मात्र त्यो

चरुको तत्त्व देवताका मुखमा पुर्‍याउँछिन् । स्वाहा देवी मार्फत् खान पाएका समस्त देवताले स्वाहा देवीको वन्दना गरे । आजसम्म पनि यज्ञयज्ञादिमा स्वाहा भनेर मात्र हवन गरिन्छ । धार्मिक कृत्यमा स्वाहादेवीको स्थान उच्च रहेको छ । यिनको महिमा ब्रह्मवैवर्तपुराण र देवीभागवतमा विशेष गाईएको छ ।

<u>स्वधा देवी</u>

ब्रह्माजीले सारा जगत्को सृष्टि गर्ने क्रममा पितृहरूको पनि सृष्टि गर्नु भयो । पितृहरूको भोजनार्थ श्राद्ध, तर्पणको व्यवस्था गर्नु भयो । तर्पण-श्राद्ध आदि पितृका निम्ति व्यवस्था गरे पनि पितृले पाएका थिएनन् । भोका प्यासा पितृगण एक दिन ब्रह्माका समीप गएर दुःख निवेदन गरे ।

ब्रह्मा श्राद्धादिकं सृष्ट्वा जगाम पितृहेतवे ।
न प्राप्नुवन्ति पितरो ददति ब्राह्मणादयः ॥
सर्वे च जग्मुः क्षुधिताः खिन्नास्तु ब्रह्मणः सभाम् ।
सर्वं निवेदनं चक्रुःस्तमेव जगतां विधिः ॥ *देवीभागवत ९।४४।७-८*

ब्रह्माले रूपयौवनले युक्त एउटी मानसी कन्या सृष्टि गरी स्वधा नाम राखिदिनु भयो । समस्त गरिएका पितृकर्मको रस पितृहरूलाई पुर्‍याइ दिने कार्यभार जिम्मा दिनुभयो । साथै पितृहरूका साथमा स्वधाको विवाह गरिदिनु भयो ।

ब्रह्मा च मानसीं कन्यां ससृजे तां मनोहराम् ।
रूपयौवनसम्पन्नां शरच्चन्द्रसमप्रभाम् ॥
पितृभ्यस्तां ददौ कन्यां तुष्टेभ्यस्तुष्टिरूपिणीम् ।
ब्राह्मणांश्चोपदेशञ्चचकारगोपनीयकम् ॥ *ब्र.वै.पु.प्र. ४१।१।१३*

त्यस दिन पछि गरिने समस्त तर्पण-श्राद्धादि पितृकर्महरूको सारतत्त्व स्वधा देवीले पितृ समक्ष पुऱ्याउन थालिन् । पितृलाई अन्न जल प्रदान गर्दा अनिवार्य स्वधा शब्द उच्चारण गर्नुपर्दछ, अन्यथा पितृले पाउँदैनन् । कर्म निष्फल हुन्छ । देवतालाई प्रदान गर्दा अग्निका मुखमा स्वाहा शब्द उच्चारण गर्दै, पितृलाई प्रदान गर्दा स्वधा शब्द उच्चारग गर्दै अन्न जल प्रदान गर्नुपर्दछ । यज्ञ गर्दा उपयुक्त दक्षिणा विनाको यज्ञ निष्फल हुन्छ ।

स्वाहा शस्ता देवदाने पितृदाने स्वधा वरा ।

सर्वत्रदक्षिणाशस्ता हतयज्ञस्त्वदक्षिण: ॥ *ब्र.वै पु.प्र. ४१।१५*

त्यो दिनदेखि देवी-देवता-दानव-मानव सबैले भगवती स्वधा देवीको आराधना गर्न थाले । उनी पितृकी प्राणतुल्य, श्राद्धकी अधिष्ठातृ देवी हुन् । गरिएका श्राद्धको फल स्वधा देवीले नै प्रदान गर्दछिन् ।

पितृणां प्राणतुल्या त्वं द्विजजीवनरूपिणी ।

श्राद्धाधिष्ठातृदेवी च श्राद्धादीनां फलप्रदा: ॥*देवीभागवत ९।४४।३१*

दक्षिणादेवी

गोलोकमा स्वधा, स्वाहा र सुशीला नाम गरेका राधाका सखीहरू थिए । भगवान् श्रीकृष्णले समस्त भक्तजनहरूले गरिएका देवविशेष र पितृविशेष कर्महरूको पूर्णफल प्राप्तिका लागि राधा मार्फत् एउटा लीला रच्नुभएको हो ।

बभूवस्तिस्रो गोप्यश्च स्वधा स्वहा च दक्षिणा ।

कर्मिणां कर्मपूर्णार्थं पुराचैवेश्वरेच्छया ॥ ब्र.वै.पु.प्र.४१।४५

राधा श्रीकृष्णकी प्राणप्यारी थिईन्, तसर्थ उनीमा अभिमान पनि थियो । राधाका श्रापले स्वाहा अग्निपत्नी, स्वधा पितृपत्नी र सुशीला यज्ञपत्नी भईन् । दक्षिणा देवीको विशेष चर्चा पनि यसैसँग जोडिएको छ । एक दिन सुशीला श्रीकृष्णका दाहिने काखमा बसेकी रहिछिन् । संयोगले राधा टुप्लुक्क पुगीन् । भयभीत श्रीकृष्ण तत्काल अन्तर्ध्यान हुनु भयो । श्रीकृष्णलाई नभेटेकी राधाले सुशीलालाई गोलोकबाट तल झर्ने श्राप दिईन् । अर्थात् गोलोकमा बसे भस्म हुनेछेस् भनी कठोर श्राप दिइन् ।

उवास दक्षिणे क्रोडे राधायाः पुरतः पुराः ।

संबभूवानम्रमुखो भयेन मधुसूदनः ॥

अद्य प्रभृति गोलोकं साचेदायाति गोपिका ।

सद्यो गमनमात्रेण भस्मसाच्चभविष्यति ॥ *ब्र.वै.पु.प्र. ४२।७।१६*

राधाका श्रापले दुःखी सुशीलाले पितामह ब्रह्माको कठोर तप गरिन् । ब्रह्माका वरदानले सुशीला भगवती लक्ष्मीको देहमा विलाइन् । गरिएका यज्ञयज्ञादिबाट फल प्राप्त नभएर समस्त देवीदेवता-मानव-दानव सहित सारा जगत् नै दुःखी थियो । ब्रह्मादि देवताको प्रार्थना सुनी भगवान् विष्णुले लक्ष्मीको शरीरबाट एक शक्ति खिची पूर्व समयमा दाहिने काखमा बसेर श्रापित भएकी हुनाले दक्षिणा नाम राखी यज्ञ गर्ने ब्राह्मणहरूलाई प्रदान गर्नुभयो । ब्रह्माले दक्षिणादेवीको विवाह यज्ञदेवका साथ गराइदिन भयो । त्यो दिनदेखि यज्ञपत्नी दक्षिणा भईन् । तसर्थ सम्पादित यज्ञमा गुरुहरूलाई दक्षिणा नदिदा सम्म यज्ञपूर्ण हुँदैन ।

ब्रह्मा ददौ तां यज्ञाय पूर्णार्थं कर्मणां सताम् ।

यज्ञः सम्पूज्य विधिवत्तां तुष्टाव रमां मुदा ॥ *ब्र.वैंपु.प्र. ४२।३९*

यज्ञ र दक्षिणाबाट फल नामक पुत्रको उत्पत्ति भयो । यसको तात्पर्य दक्षिणा सहितको यज्ञ मात्र फलदायक हुन्छ ।

यज्ञो दक्षिणया सार्धं पुत्रेण च फलेन च

कर्मिणां फलदाता चेत्येवं वेदविदो विदुः ॥ *देवीभा. ९।४५।५१*

गरिएका यज्ञहरू दक्षिणा दिनासाथ फलिभूत भएको देखी समस्त प्राणी खुसी भए ।

यज्ञपूर्णार्थ तत्काल दक्षिणा दिनु पर्दछ । दक्षिणा बाँकी राख्दा प्रायश्चित लाग्दछ । जति समय दक्षिणा बाँकी राखिन्छ, प्रायश्चित पनि त्यति बढ्दै जान्छ र त्यसले अनिष्ट नै निम्त्याउँछ भन्ने सार पुराणमा पाइन्छ ।

मुहूर्ते समतीते तु द्विगुणा सा भवेद् ध्रुवम् ।

एकरात्रे व्यतीते तु भवेच्छतगुणा च सा ॥

त्रिरात्रे तच्छतगुणा सप्ताहे द्विगुणा ततः ।

मासे लक्षगुणा प्रोक्ता ब्राह्मणानां च वर्धते ॥

संवत्सरे व्यतीते तु सा त्रिकोटिगुणा भवेत् ।

कर्म तद्यजमानानां सर्वं वै निष्फलं भवेत् ॥

स च ब्रह्मस्वहारी च न कर्मार्होऽशुचिर्नरः।

दरिद्र व्याधियुक्तश्च तेन पापेन पातकी ॥ *देवीभा. ९।४५।५५-५८*

यज्ञकी पत्नी दक्षिणाका बारेमा ब्रह्मवैवर्तपुराणको प्रकृति खण्ड र श्रीकृष्णजन्मखण्डमा विस्तृत व्याख्या गरिएको छ । त्यसको सारांश यहाँ प्रस्तुत गर्दछु ।

दक्षिणां विप्रमुद्दिश्य तत्कालञ्चेन्नदीयते ।
मुहूर्ते तु व्यतीते सा दक्षिणा द्विगुणा भवेत् ॥
वासरे च बहिर्भूते भवेत्सापि चतुर्गुणा ।
त्रिरात्रे समतीते तु षड्गुणा दक्षाणा भवेत् ॥
पक्षान्ते तु शतगुणा मासान्ते तु चतुर्गुणा ।
षण्मासेऽप्यधिके न्यूने साहस्रञ्चगुणी तथा ॥
वर्षान्ते सा लक्षगुणा ब्रह्मणोक्तञ्च यादव ।
उभौ च नरकं यातः कर्मकर्तृपुरोहितौ ॥ *ब्र.वै.पु.कृ.१२३।३८-४१*

विधि विधान पूर्वक नगरिएका यज्ञ यज्ञादिको फल कसले पाउँछ त ?

विधि-विधान पूर्वक पूर्ण नगरिएका यज्ञ-यज्ञादि, श्राद्धादि पितृकर्महरू, पूजा-पाठहरूको फल बलि महाराजलाई जान्छ । यज्ञसम्पादन गर्ने ब्राह्मणहरू सन्तुष्ट नभएमा पनि फल बलि माहाराजले प्राप्त गर्दछन् । यसको एउटा रोचक प्रसङ्ग छ । वामन भगवान्ले बलिको सर्वस्व हरणपछि बलिलाई सुतललोकको राजा बनाइदिनु भयो । बलिले प्रश्न राखे, "प्रभो ! म त्यहाँ के खाएर बाँचूला ?" वामनले संसारमा ज-जसले दक्षिणा रहित यज्ञ-यज्ञादि, श्राद्धादि पितृकर्म गर्ने छन्, ती समस्त कर्मको फल तिमीलाई प्राप्त हुनेछ, त्यसैले बाँचौला भनी वरदान दिनुभएको थियो ।

सदक्षिणे कर्मीणि च फलमेव प्रवर्तते ।
अदक्षिणं च यत्कर्म तद्भुङ्क्ते च बलिर्मुने ॥
बलये तत्प्रदत्तं च वामनेन पुरा मुने ।
अश्रोत्रियः श्राद्धद्रव्यमश्रद्धादानमेव च ॥ *देवीभा. ९।४५।६६,६७*

यसैगरी हरिवंशपुराण भन्दछ -

अश्रोत्रियं श्राद्धमधीतमव्रतमदक्षिणं यज्ञमनर्त्विजा हुतम् । अश्रद्धया दत्तमसस्कृतं हविरेते प्रदत्तास्तव दैत्यभागाः ॥

हरि.पु.भ. ७२।४९

यसैगरी वामनपुराणमा पनि भनिएको छ -

उदकेन विना पूजा विना दर्भेण या क्रिया ।

आज्येन च विना होमं फलं दाष्यन्ति ते बले ॥ *वामनपु. ३१।८०*

अर्थात् विना जलको पूजा, विना कुश पितृकर्म, र विना घृतको हवन गरिन्छ भने त्यसको फल पनि बलि महाराजलाई प्राप्त हुनेछ ।

यसबारे विस्तृत चर्चा देवीभागवत, वामनपुराण, हरिवंशपुराण, र ब्रह्मवैवर्तपुराणहरूमा गरिएको छ ।

राधा र कृष्णको विछोड किन ?

एकदिन दिव्य गोलोक धाममा भगवान् श्रीकृष्ण विरजा नामक गोपीसँग आनन्द विहारमा हुनु हुन्थ्यो । त्यो दिन विशेष कामवश राधा अन्यत्र गएकी रहिछिन् । द्वारमा श्रीदामा नामक श्रीकृष्णका सखा थिए । कसैलाई पनि अन्तःपुरमा आउन नदिनु भन्ने आदेश थियो । केही समय पश्चात् अचानक राधा आइपुगिन् । श्रीकृष्णलाई खोज्दा खोज्दै हैरान भएर पक्कै अन्तःपुरमा होलान् भनी आएको कुरा सुनाइन् । उनी जसै भित्र प्रवेश गर्न चाहिन्, श्रीदामाले अहिले मिल्दैन भनेर रोके । सधै मौका छोप्ने कृष्णको बानी उनलाई थाहा थियो । आफ्नो साम्राज्यमा आफूलाई रोकेको देखी उनको क्रोधले सीमा नाघ्यो । तत्काल श्रीदामालाई श्राप दिइन् । असुर योनिमा गएस् । हेरौ, अब तेरो रक्षा कसले गर्ला ?

गोपव्रजासुरीं योनिं गोलोकाच्चबहिर्भव ।

मयाद्य शप्तो मूढस्त्वं कस्त्वां रक्षितुमीश्वरः ॥ ब्र.वै.पु.कृ.३।९९

मातेश्वरी राधाका श्रापले विक्षिप्त भएका श्रीदामाले मनमा विचार गरे । स्वामीको आज्ञा मात्र पालन गरेको हुँ, मेरो के अपराध ? निर्दोष आफूले पाएको दण्डले उनलाई पनि क्रोध आयो र तत्काल हातमा जल लिई राधालाई पनि श्राप दिए ।

श्रुत्वा च वचनं तस्याः कोपेन स्फुरिताधरः ।

शशाप ताञ्च श्रीदामा व्रज योनिञ्च मानुषीम् ॥

मनुष्य इव कोपस्ते तस्मात् त्वं मानुषी भव ।

भविष्यसि न सन्देहो मया शप्ता त्वमम्बिके ॥

गोलोके प्राप्य तं कृष्णं विहृत्य वस कानने ।

भविता ते वर्षशतं विच्छेदो हरिणा सह ॥

ब्र.वै.पु.कृ.३।१०१-२,१०५

तपाईमा सामान्य मानव झैं क्रोध रहेछ, मनुष्य योनिनै प्राप्त होस् । पृथिवीको गोलोकका वनमा विछोड भएर सय वर्षसम्म श्रीकृष्णको वियोग सहनु परोस् ।

बाहिरी हल्लखल्लले पक्कै राधा आईन् भन्ने सम्झी त्रसित विरजा नदीरूपमा बगीन्, भने कृष्ण अलप भए । विरजासँग आनन्दको यो समयमा सातभाइ छोरा जन्मिए । पछि यिनै सात समुद्र भए ।

लवणेक्षुसुरासर्पिर्दधिदुग्धजलार्णवाः ।

एतेषाञ्च जलं पृथ्व्यां शस्यार्थञ्च भविष्यति ॥ ब्र.वै.पु.कृ.३।३०

बाहिर राधा र श्रीदामा भने श्रापा-श्रापगरी दुवै दुईतिर फर्केर रोईरहेका थिए । केही क्षण पश्चात् श्रीकृष्ण परमात्मा आई दुवैलाई सान्त्वना दिदै भन्नुभयो, "हे श्रीदामा ! भवितव्य सम्झी पिर नगर । तिमी शङ्खचूड नामक असुरराज हुने छौ । राधांश तुलसीसँग विवाह हुनेछ । तुलसीको पतिव्रता धर्म नष्ट भएपछि भगवान् भोलेनाथका हातबाट तिम्रो मुक्ति हुनेछ । केही समयका लागि धरातल जाऊ ।

"त्यसैगरी, हे राधे ! कर्मफल सबैले भोग्नुपर्छ, तसर्थ पिर नमान । पृथिवीमा पनि केही समय मेरो सान्निध्यता प्राप्त हुनेछ । ब्रजको पावन भूमिमा वृषभानु र कलावतीबाट तिम्रो उत्पत्ति हुनेछ ।"

यसरी झगडाको अन्त्य भयो । राधा धरातलमा गोकुलका वृषभानु र कलावतीकी छोरी भई जन्मिइन् । श्रीकृष्ण पनि भूःभार हरणार्थ वसुदेव र देवकीबाट आठौं पुत्ररूपमा प्रकट भई गोकुलमा यशोदा र नन्दबाबाको संरक्षकत्वमा हुर्कन थाल्नु भयो । यसै बीच राधा र कृष्णको भेट हुन थाल्यो । एकदिन नन्दबाबाका साथमा बालकृष्ण वृन्दावनमा पुग्नु भएको थियो । अचानक हावाहुरी सुरु भयो । त्रसित नन्दबाबाका अगाडि राधा उभिइन् । बाबा अचम्ममा परे । उनले त्यो बालक सुरक्षार्थ राधाका हातमा दिए । आफू ओढा बनाउन थाले । यही बीचमा ब्रह्माजी समस्त देवीदेवताका साथमा आई राधा र श्रीकृष्णको विवाह सम्पन्न गराउनु भयो ।

कृष्णेन सह राधायाः पुण्ये वृन्दावने वने ।

विवाहं कारयामास विधिना जगतां विधिः ॥ ब्र.वै.पु.प्र.४९।४२

श्रीकृष्ण र राधाको विवाह भएको प्रसंग गर्गसंहितामा मिठासपूर्ण भावमा प्रस्तुत गरिएको छ ।

यदा युवां प्रीतियुतौ च दम्पती, परात्परौतावनुरूपरूपितौ ।

तथापि लोकव्यवहारसंग्रहाद्विधिं विवाहस्यतुकारयाम्यहम् ॥

नारद उवाचः

तदास उत्थायविधिर्हुताशनं, प्रज्वाल्यकुण्डेस्थितयोस्तयोःपुरः ।

श्रुतेःकरग्राहविधिं विधानतो, विधाय धाता समवस्थितोऽभवत् ॥

सवाहयामास हरिं च राधिकां प्रदक्षिणं सप्तहिरण्यरेतसः ।

ततश्चतौतंप्रणमय्यवेदवित्, तौपाठयामासचसप्तमन्त्रकम् ॥

ततोहरेर्वक्षसि राधिकायाः, करं च संस्थाप्यहरेः करं पुनः ।

श्रीराधिकायाःकिलपृष्ठदेशके, संस्थाप्यमंन्त्रांश्चविधिःप्रपाठयन् ॥

गर्गसं.गो.१६।२९-३२

यो घटनाको जानकारी नन्दबाबालाई पनि भएन । विवाह सकिएको थियो । ठाउँ सुनसान भइसकेको थियो ।नन्दबाबा घुम लिएर आइपुग्नु भयो र जस्ताको तस्तै राधाका हातमा रहेका बालमुकन्दलाई लिई प्रकृति स्वरूपा राधालाई धन्यवाद दिदै घरतर्फ लाग्नुभयो । यसरी राधाकृष्णको विवाह भएको प्रसंग ब्रह्मवैवर्तपुराणमा विस्तृत रूपमा पाइन्छ भने गर्गसंहितामा पनि राधाकृष्णको विवाह भएको उल्लेख छ । जब श्रीकृष्ण मथुरातर्फ जानुभयो, त्यसपछि दुबैको बिछोड सय वर्षसम्म भयो । ग्रहणमा स्नानार्थ समन्तपञ्चक क्षेत्र गएको अवसरमा राधाकृष्णको पुनर्मिलन भयो ।

शताब्दे समतीते तु तीर्थयात्राप्रसंगतः ।

ददर्श कृष्णं सा राधा स च ताञ्च परस्परम् ॥ *ब्र.वै.पु.प्र.४९।४८*

कृष्ण मथुरा गएपछि कंसका डरले वृषभानु र कलावतीले छोरीको इच्छा विपरित रायण नामक ग्वालाका साथमा राधाको विवाह टुंगो गरे । राधाको उमेर चौध वर्ष थियो । योगरुपिणी राधाले आफ्नो छायाँ प्रकट गरिन् । छायाँरूपिणी राधाको विवाह रायणसँग भयो । मूल प्रकृति राधा अन्तःर्ध्यान भइन् । रायण नामक ग्वाला यशोदाका भाइ थिए । यसरी रायण सम्बन्धमा कृष्णका मामा थिए । उनी नित्यधाम गोलोकवासी थिए । कृष्णांशले उत्पन्न भई धरातलको गोलोकमा बस्तथे । उनी मन मनै राधालाई चाहना गर्दा रहेछन् । उनको भाव बुझी श्रीकृष्णको आदेशानुसार छायाँरूप राधाले पति स्वीकारेकी हुन् ।

सार्द्धं रायण वैश्येन तत् सम्बन्धं चकार सः ।
छायां संस्थाप्य तद्‌गेहे सान्तर्द्धानं चकार ह ॥
बभूव तस्य वैश्यस्य विवाहश्छायया सह ।
गते चतुर्दशाब्दे तु कंसभीतश्छलेन च ॥
कृष्णमाता यशोदायाःरायणस्तत् सहोदरः ।
गोलोके गोपकृष्णांशः सम्बन्धात् कृष्णमातुलः ॥

ब्र.वै.पु.प्र. ४९।३९-४१

श्रीदामाले दिएको श्रापका कारण भूतलमा सय वर्षसम्म राधा र श्रीकृष्णको वियोग भएको हो । मूल रूपमा प्रकृति र पुरुषको कहिल्यै वियोग हुँदैन । त्यस्तै राधा र श्रीकृष्ण पनि कहिल्यै अलग हुँदैनन् ।

मूल प्रकति स्वरूपा राधाको अद्‌भुत महिमा पाइन्छ । राधा र श्रीकृष्णमा पहिले राधा नाम उच्चारण गरेर मात्र कृष्णको नाम लिनु पर्ने हुन्छ । व्यतिक्रम गरे ब्रह्महत्याको दोष लाग्दछ ।

आदौ राधां समुच्चार्य पश्चात् कृष्णं वदेत्बुधः ।

व्यतिक्रमे ब्रह्महत्यां लभते नात्र संशयः ॥ ब्र.वै.पु.प्र. ४९।६०

यसको तात्पर्य मातृशक्तिको सम्मान गर्नु हो । माता-पितामा, पिताको भन्दा सयगुणा महत्त्व माताको हुन्छ । माता मूल प्रकृति मानिन्छिन् । पुरुषका रूपमा पिताको सम्मान गरिन्छ ।

जगन्माता च प्रकृतिः पुरुषश्च जगत्पिता ।

गरीयसी त्रिजगतां माता शतगुणैः पितुः ॥ ब्र.वै.पु.कृ.५२।३४

तसर्थ, केही गरी मातापिता एकै स्थानमा हुनुहुन्छ भने पहिला मातालाई ढोगी अनि मात्र पितालाई ढोग्नु पर्दछ । अन्यथा वेद विरुद्ध मानिन्छ । मातृघात गरेको ठहर्दछ । ज्ञान नहुन्जेल केही हुँदैन । ज्ञान भएपछि सुध्रनु पर्दछ । हाम्रा पुराणहरूले नारीलाई उच्च स्थान दिएको पाइन्छ ।

आदौ पुरुषमुच्चार्य पश्चात्प्रकृतिमुच्चरेत् ।

स भवेन्मातृघाती च वेदातिक्रमणे मुने ॥ ब्र.वै.पु.कृ.५२।३९

जसरी सबै पुरुष राम-कृष्ण-बुद्ध हुँदैनन्, त्यसैगरी सबै नारी सीता-अनसूया-अरुन्धती हुँदैनन् । सोही कारण अपवादका रूपमा नारीको आलोचना भएको हो । नारी विना जगत्को परिकल्पना हुन सक्दैन ।

पार्वतीको श्रीकृष्णोपासना, गणेशको प्रादुर्भाव र शनिको ग्रहपद

पार्वती र शिवको विवाह पश्चात् लामो समयसम्म सन्तान नहुनाले चिन्तित थिए । एक दिन पार्वतीले सन्तान नहुँदाको पीडा आफ्ना श्रीमान्सँग राखिन् । भोगविलासमा बाधा हुनु, वीर्यपात सही

स्थानमा नहुनु पनि नारीका लागि दुःखको कुरा हो । त्यो भन्दा दुःख सन्तान नहुनु हो ।

रतिभङ्गो दुःखमेकं द्वितीयं वीर्यपातनम् ।

दुःखातिरेकदुःखञ्च तृतीयमनपत्यता ॥ *ब्र.वै.पु. ग. ३।२३*

तसर्थ हे स्वामी ! व्रत, तीर्थ, पूजा, पाठ केही गर्दा सन्तानं प्रान्ति हुन्छ कि ? केही उपाय गरौं न । पार्वतीका वचनले भावुक भएका शिवले भन्नु भयो, "हरिको आराधनाबाट सन्तान हुनेछ, पुण्यक नामक व्रत गर ।" एक वर्षसम्म विधि विधानले यो कठोर व्रत गर्नाले र यथेष्ट दानादि गर्नाले अवश्य पुत्र प्राप्ति हुनेछ ।

हरेराराधनं कृत्वा व्रतं कुरु वरानने ।

व्रतञ्च पुण्यकं नाम वर्षमेकं करिष्यसि ॥

महाकठोरबीजञ्च वाञ्छाकल्पतरुं परम् ।

सुखदं पुण्यदं सारं पुत्रदं सर्वसम्पदाम् ॥ *ब्र.वै.पु.ग. ३।३,४*

यो व्रत माघशुक्ल त्रयोदशीका दिनदेखि प्रारम्भ गर्नुपर्दछ । एक वर्षमा समापन गरिने यो व्रत गर्नाले धेरै महानुभावले पुत्र प्राप्त गरेको पाइन्छ । शतरुपाले यो व्रत गर्नाले प्रियव्रत र उत्तानपादलाई पुत्ररूपमा प्राप्त गरिन् । यस व्रतका प्रभावले देवहूतिले कपिललाई, अरुन्धतीले शक्तिलाई, शक्तिपत्नीले पराशरलाई, अदितिले वामनलाई, शचीले जयन्तलाई, सुनीतिले ध्रुवलाई, कुवेराणीले नलकुबरलाई, संज्ञाले वैवस्वतमनुलाई, अनसूयाले चन्द्रमालाई, अङ्गिराऋषिकी पत्नीले बृहस्पतिलाई, भृगुपत्नी पुलोमाले शुक्राचार्यलाई पुत्ररूपमा प्राप्त गरेका थिए । तसर्थ ढुक्क भएर व्रत गर्न शिवाज्ञा भयो ।

माघशुक्लत्रयोदश्यां व्रतमेतत् सुपुण्यकम् ।
कर्तव्यं शुद्धकाले च कृष्णमाराध्य सर्वदम् ॥
सम्बत्सरञ्च कर्तव्यं सर्वविघ्नविनाशनम् ।
वेदोक्तानि च द्रव्याणि व्रते देयानि सुव्रते ॥
व्रतञ्च काण्वशाखोक्तं सर्ववाञ्छितसिद्धिदम् ।
कृत्वा पुत्रं लभशुभे विष्णुतुल्यपराक्रमम् ॥
ब्रह्मणश्च वचः श्रुत्वा साकृत्वा व्रतमुत्तमम् ।
प्रियव्रतोत्तानपादौ लेभे पुत्रौ मनोहरौ ॥
व्रतं कृत्वा देवहूती लेभे सिद्धश्वरं सुतम् ।
नारायणांशं कपिलं पुण्यकं पुण्यदं शुभम् ॥
अरुन्धतीदं कृत्वा तु लेभे शक्तिसुतं शुभा ।
शक्तिकान्ता व्रतं कृत्वा सुतं लेभे पराशरम् ॥
अदितिश्च व्रतं कृत्वा लेभे वामनकं सुतम् ।
शची जयन्तं पुत्रञ्च लेभे कृत्वेदमीश्वरी ॥
उत्तानपादपत्नीदं कृत्वा लेभे ध्रुवं सुतम् ।
कुबेरजाया कृत्वेदं लेभे च नलकूबरम् ॥
सूर्यपत्नी मनुं लेभे कृत्वेदं व्रतमुत्तमम् ।
अत्रिपत्नी सुतं चन्द्रं लेभे कृत्वेदमुत्तमम् ॥
लेभे चाङ्गिरसः पत्नी कृत्वेदं व्रतमुत्तमम् ।
बृहस्पतिं सुरगुरुं पुत्रमस्य प्रभावतः॥
भृगोर्भार्या व्रतं कृत्वा लेभे दैत्यगुरुं सुतम् ।

शुकं नारायणांशञ्च सर्वतेजस्विनां परम् ॥

इत्येवं कथितं देवि व्रतानां व्रतमुत्तमम् ।

त्वमेव कुरु कल्याणि हिमालयसुते शुभे ॥ ब्र.वै.पु.ग.५।१४-२५

शिवाज्ञाले पार्वती कठोर व्रतमा जुटिन् । अहर्निश व्रतमा जुटेकी पार्वतीले व्रतका सम्पूर्ण नियम पालना गरेर एक वर्षको समय पुरा गरिन् । सनत्कुमार यज्ञका आचार्य थिए । समापनका अवसरमा गुरुलाई के दक्षिणा टक्रयाऊँ भनी पार्वतीले सोधिन् । परीक्षार्थ सनत्कुमारले दक्षिणामा शिव नै मागनुभयो ।

समाप्ति दिवसे विप्रस्तामुवाच पुरोहितः ।

सुव्रते सुव्रते मह्यं देहीति पतिदक्षिणाम् ॥ ब्र.वै.पु.ग. ७।१५

यसरी दक्षिणाका रूपमा आफ्ना स्वामीलाई मागेपछि उनी मूर्छा परिन् । अत्यन्त भयभीत बनेकी उनले स्वामी दिन नसक्ने बरु लाखौं गाई, सून, चाँदी जे मागे पनि दिने कुरा राखिन्, तर सनत्कुमारले मानेनन् । हाहाकार भयो । समस्त देवीदेवताले पार्वतीलाई सान्त्वना दिए । सनत्कुमारलाई सम्झाए । केही चलेन । अन्त्यमा श्रीकृष्णको प्रादुर्भाव भई सनत्कुमारलाई सम्झाउनु भयो । आफू समान तेजस्वी पुत्र प्राप्त हुने वरदान दिनुभयो । सबैले स्तुति गरे । सनत्कुमारले श्रीकृष्णका आज्ञाले सुवर्ण, गाई, द्रव्यादि, दक्षिणा लिई यज्ञ पुरा गरे । पार्वतीले उपस्थित ब्राह्मणलाई प्रशस्त दान दक्षिणा गरी यथेष्ट भोजन गराएर यज्ञ पूर्ण गरिन् । केही समय पश्चात् शिवपार्वती भोगविलासमा हुनुहन्थ्यो । त्यही समय एकजना वृद्ध ब्राह्मण भोक-प्यास र जाडोले सताइएका छँदा बाहिर गेटमा आए । रात्रिको समय थियो । अकस्मात् महादेव ! महादेव ! माते ! मातें ! भन्ने शब्दले शिवपार्वतीको ध्यान खिच्यो । शिवजी जुरुक्क उठ्दा वहाँको वीर्य

ओछ्यानमा नै झयो । खिन्न पार्वती पनि स्वामीका साथ पछि-पछि बाहिर सम्म गइन् ।

इति काकुस्वरं श्रुत्वा शिवस्योत्तिष्ठतो मुने ।

पपात वीर्यं शय्यायां न योनौ प्रकृतेस्तदा ॥ ब्र. वै. पु. ग. ८।२७

बाहिर पुगेर हेर्दा ब्राह्मण थिएनन् । रात्रिका अवसरमा आएका अतिथिको सम्मान गर्न नपाएकामा शिवपार्वतीलाई सारै पछुतो भयो । अतीव खिन्न शिवपार्वतीले सुन्ने गरी आकाशवाणी भयो । पीर नमान । तिम्रो पुत्र हुन आएको थिएँ । भित्र गएर हेर म नै पुत्ररूपमा आइसकेको छु । खुसी हुँदै भित्र गएर हेर्दा वीर्यपात भएकै स्थानमा अत्यन्त सुन्दर बालक खेलिरहेको थियो । हर्षको सीमा रहेन । समय व्यतीत हुँदै गयो । एघारौं दिनका दिन समस्त देवीदेवता शिवालयमा जम्मा भई गणेश नामकरण गरी अनेकौं वरदान दिँदै अग्रपूजा हुने समेत आशीष दिए । उत्सवको दिन हुनाले सबै आ-आफ्नो कार्यमा व्यस्त थिए । सबै आफ्नो पुत्रको दर्शनार्थ आए तर शनिश्चर आएनन् भन्ने पार्वतीलाई परिरहेको थियो । उनले पुत्र दर्शनार्थ अनुरोध गरिन् । न चाहँदा नचाँहदै पनि शनिश्चर गणेशको दर्शनार्थ गए । पार्वतीले आफ्नो छोरो लगेर शनिश्चरका काखमा राखिदिइन् । जसै शनिश्चरको दृष्टि गणेशमा पर्‍यो, गणेशको शिर शरीरबाट अलग भयो ।

शनेश्च दृष्टिमात्रेण चिच्छेद मस्तकं मुने ।

चक्षुर्निवारयामास तस्थौ नम्राननः शनिः ॥ ब्र. वै. पु. ग. १२।६

रुवावासी भयो । त्यो शिर सिधै गोलोकवासी श्रीकृष्णमा गएर मिल्यो । रक्तमूछेल गणेशको शरीर पार्वतीका काखमा छटपटाई रहेको थियो । पार्वती मूर्च्छित थिइन् । हाहाकार थियो । समस्त

देवीदेवता एकत्रित भैसकेका थिए । भगवान् विष्णु स्वयं गरुडमा चढी त्यहाँबाट उत्तरदिशा तर्फ निस्किनु भयो । पुष्पभद्रानदीका तीरमा हातीको एउटा परिवार भेटियो । आपद्-विपद्मा बाहेक कहिल्यै उत्तर शिरानी गरी सुत्नु हुँदैन । अर्को एउटा प्रसंग पनि पाइन्छ । नाबालक शिशुलाई माता पिताले पीठ फर्काएर सुत्नु हुँदैन । यो हातीले आफ्नो शिशुलाई पीठ फर्काई आफू रमाइलो गरिरहेको हुनाले त्यस अपराधका कारण मारियो । उत्तर शिरानी गरी सुतेको हातीलाई देखि विष्णुले तत्काल सुदर्शन चक्रद्वारा हातीको शिर काटी गरुडमाथि राख्नुभयो । त्यही अवसरमा हातीको परिवारले अलाप विलाप गर्दै नारायणको स्तुति गरे । प्रसन्न हरिले ब्रह्मज्ञानद्वारा हातीलाई जीवित गराई, रगत चुहँदै गरेको हातीको शिर लिएर कैलाश पुगी गणेशको शरीरमा जोडिदिनु भयो । आफ्नो शक्ति प्रयोग गरी पार्वतीपुत्र गणेशलाई जीवित गरिदिनु भयो ।

तान् सर्वान् मूर्च्छितान् दृष्ट्वैवारुह्य गरडं हरिः ।
जगाम पुष्पभद्रां स उत्तरस्यां दिशि स्थिताम् ॥
पुष्पभद्रानदीतीरे ददर्श कानने स्थितः ।
गजेन्द्रं निद्रितं तत्र शयानं हस्तिनीयुतम् ॥
शीघ्रं सुदर्शनेनैव चिच्छेद तच्छिरोमुदा ।
स्थापयामास गरुडे रुधिराक्तं मनोहरम् ॥
तुष्टाव कमलाकान्तं शान्तं सस्मितमीश्वरम् ।
शङ्खचक्रगदापद्मधरं पीताम्बरं परम् ॥
जीवयामास तं तत्र ब्रह्मज्ञानेन ब्रह्मवित् ।
सर्वाङ्गे योजयामास गजस्य चरणाम्बुजम् ॥

आगत्य पार्वतीस्थानं बालं कृत्वा स्ववक्षसि ।
रुचिरं तच्छिरः कृत्वा योजयामास बालके ॥
ब्रह्मस्वरूपो भगवान् ब्रह्मज्ञानेन लीलया ।
जीवनं कारयामास हुङ्कारोच्चारणेन च ॥

ब्र.वै.पु.ग.१२।१०,११,१३,१५,१८,२०,२१

गणेशलाई प्रत्यक्ष गोलोकबासी श्रीकृष्णको स्वरूप मानिन्छ ।

गणेशरूपः श्रीकृष्णः कल्पे कल्पे तवात्मजः।
त्वत्क्रोडमागतः क्षिप्रमित्युक्त्वान्तरधीयत ॥ ब्र.वै.पु.ग.८।८२

परिपूर्णतमः श्रीमान् परमात्मा परात्परः ।
गोलोकनाथः स्वांशेन पार्वतीतनयः स्वयम् ॥ ब्र.वै.पु.ग.१८।३

त्यस उप्रान्त हर्षित देवीदेवताले गजानन नामकरण गरे । शनिश्चर लज्जित थिए । यसबीच पार्वतीलाई शनिश्चरदेखि रिस उठिराखेको थियो, अङ्गहीन भएस् भनी श्राप दिइन् ।

शनिं सलज्जितं दृष्ट्वा पार्वती कोपशालिनी ।
शशाप च सभामध्येऽप्यङ्गहीनो भवेति च ॥ ब्र.वै.पु.ग.१२।४२

आफैले बोलाएर काखमा राखिदिने अनि केही विघ्न भए श्राप दिने यो ठिक भएन भनी सूर्य, कश्यप, र यमराजले असन्तुष्टि जनाए । शनि देव पनि शरण परे । सन्तुष्ट भएकी पार्वतीले ग्रहराज भई पूजित हुने वरदान दिदै श्राप दिई सकेकी हुनाले केही लङ्गडो मात्र हुने छौं, हरिभक्ति तिमीमा रहोस्, हरिभक्तलाई दुःख नदिनु भनी सम्झाइन् ।

ग्रहराजो भव शने मद्वरेण हरिप्रियः ।

चिरजीवी च योगीन्द्रो हरिभक्तस्य का विपत् ॥ *ब्र.वै.पु.ग.१२।५६*

यसरी गणेशको जन्म प्रसंगमा पार्वतीको हरि आराधना, शनिको वक्रदृष्टिको महत्त्व र शनिलाई ग्रहराजको पदप्राप्तिको 'प्रसंग जोडिएको पाइन्छ । सन्तानका लागि शिवले कृष्णको, कृष्णले शिवको आराधना गरेको देखिन्छ । यी प्रसंगले के बुझिन्छ भने एकले अर्काको अस्तित्व स्वीकार गर्नु पर्दछ । समय अनुसार एकले अर्काको सम्मान गर्न जान्नु पर्दछ । कहीं कृष्णले शिवको, देवीको, ब्रह्माको, इन्द्रादि देवताको आराधना गरेको देखिन्छ, भने कहीं विष्णुले, कही शिवले, कही देवीले, कही इन्द्रले, कही सूर्यले, सबैले सबैको स्तुति गान गरेका प्रसंगहरू पाइन्छन् । यसबाट जसरी हरेक देवीदेवताले एक-अर्काको महत्व र अस्तित्वलाई सहर्ष स्वीकार गर्नु भएको छ, त्यसैगरी हरेक प्राणीले प्रत्येकको गहन अस्तित्वलाई सम्मान गर्नु पर्छ भन्ने बुझ्नु पर्दछ ।

गणेशको शिर किन काटियो ?

मालि सुमालि दैत्यहरू भगवान् शिवका उपासक थिए । संयोगले उनीहरूको वध सूर्यका हातबाट भयो । आफ्ना भक्तलाई मरेको देखि शिवलाई सारै रिस उठ्यो । लखेट्दै त्रिशूल सूर्यलाई प्रहार गर्नु भयो । हाहाकार भयो । जगत् अन्धकारमा डुब्यो । आफ्नो पुत्रको त्यो अवस्था देखेका कश्यपले शिवलाई श्राप दिए । मेरो पुत्रको यो गति गरिदिनु भयो, प्रभो ! हजुरको पनि निरापराध छोराको शिर अलग हुनेछ र मलाई जस्तै पीडाको बोध हुनेछ ।

निष्प्रभं तनयं दृष्ट्वा शशाप कश्यपः शिवम् ।

तपस्वी ब्रह्मणः पौत्रःप्रज्वलन् ब्रह्मतेजसा ॥

मत्पुत्रस्य यथा वक्षश्छिन्नं शूलेन तेऽद्य च ।

त्वत्पुत्रस्य शिरश्छिन्नमेवम्भूतम्भविष्यसि ॥ *ब्र. वै. पु. ग. १८।१०-११*

समस्त देवीदेवताको अनुरोध पछि शिवकृपाले सूर्य जीवत भए । सूर्यले मालि-सुमालीलाई पनि जीवित गरे । यही कश्यपको श्रापका कारण गणेशको शिर छेदनको घटना घटेको हो ।

गणेश एकदन्त किन ?

एकदिन पर्शुराम शिवदर्शनार्थ कैलाशपुरी जाँदै हुनुहुन्थ्यो । अन्तःपुरमा शिवपार्वती हुनुहन्थ्यो । द्वारमा गणपति खडा थिए । पर्शुरामले भित्र जान अनुमति मागे । अहिले हुँदैन भनी गणेशले रोके । निकै बेर भयो । पर्शुरामले फेरि अनुरोध गरे । यही क्रममा भनाभन भयो र झगडाले युद्धको रूप लियो । कोही भन्दा कोही कम थिएनन् । दुवै हरि अंश थिए । घमासान युद्ध भयो । आखिर केही नचले पछि पर्शुरामले शिवद्वारा प्रदत्त बञ्चरो प्रहार गरे । शिवले नै दिएको शक्तिको मान राख्न गणपतिले वायाँ दाँतले प्रहार रोक्ने प्रयास गर्दा समूल दाँत उखेलियो ।

पितुरव्यर्थमस्त्रञ्च दृष्ट्वा गणपतिःस्वयम् ।

जग्राह वामदन्तेन नास्त्रं व्यर्थञ्चकार ह ॥

निपत्य पर्शुवेगेन छित्वा दन्तं समूलकम् ।

जगाम रामहस्तञ्च महादेवबलेन च ॥ *ब्र. वै. पु. ग. ४३।३३-३४*

जसै दाँत भूमिमा झऱ्यो, पृथिवी कम्पित भइन् । हाहाकार मच्चियो । तत्काल शिवगण उपस्थित भए । पार्वती रुदै शिवसँग

अलाप- विलाप गर्न थालिन्। पार्वतीको क्रोधले सीमा नाघ्यो। उनी पर्शुरामलाई मार्न उद्यत भईन्। तत्काल विप्रवटुका रूपमा हरिको प्रादुर्भाव भयो। अतिथिको महत्त्व दर्शाउँदै, हजुरहरूको दर्शनार्थ आएका पर्शुरामको हत्या गर्नु ठिक होइन। उनी सेवक र अतिथि दुवै हुन्। तपाईका छोराको यश-कीर्ति-नाम बढ्ने छ। क्षमा गरिदिनुस्। आज उप्रान्त गणेश एकदन्त नामले प्रसिद्ध हुनेछन् भनी सम्झाउनु भयो।

पुत्राभिधानं वेदेषु पश्य वत्से वरानने।

एकदन्त इति ख्यातं सर्वदेवनमस्कृतम्॥ *ब्र.वै.पु.ग. ४४।८३*

जसको नामोच्चारण मात्रले पनि समस्त विघ्नबाधा हट्नेछन्, त्यस्तो अद्भुत स्वरुप माथि अकाट्य शिवास्त्र प्रहार निन्दनीय छ। तसर्थ हे पर्शुराम! माता पार्वती र गणेशका शरणमा पर। विप्ररूपी जनार्दनको यथार्थ वाणीको सम्मान गर्दै पर्शुरामले शिवपार्वतीसँग क्षमा मागेर गणपतिको स्तुति गान गरे। विप्ररूपी जनार्दनको वास्तविक दर्शन पाएर सबै कृतार्थ भए। त्यस दिनदेखि गणपतिलाई एकदन्त नामले पुकार्न थालियो।

गणपतिलाई तुलसी किन चढ्दैन ?

कुनै समय धर्मध्वजकी पुत्री तुलसी प्रत्येक तीर्थमा नारायण भगवानलाई स्वामी पाऊँ भन्दै, केही ठाउँमा तप गर्दै हिड्दथिन्। त्यही क्रममा उनले गङ्गातीरमा अखण्ड ब्रह्मचारी रहने चाहनाले तपस्यार्थ बसेका अत्यन्त अद्भुत स्वरूप गणपतिलाई देखिन्। गणेशको अचम्मको गजानन स्वरूपमा उनी लठ्ठ भईन्। काम मोहित उनले लाजशर्म त्यागेर भनिन् -

धर्मात्मजस्य कन्याऽहमप्रौढा च तपस्विनी ।

तपस्या मे स्वामिनोऽर्थे त्वं स्वामी भव मे प्रभो ॥ ब्र.वै.पु.ग. ४६।२१

अर्थात् तपस्या र यौवनले पूर्ण म धर्मध्वजकी छोरी हुँ । मेरो तप स्वामी प्राप्तिका लागि हो, तपाई मेरो स्वामी बन्नुहोस् ।

कामोन्मत्त तुलसीको वचन सुनेर गणेशले भने, "हे माते ! म विवाह गर्न चाहन्न । सांसारिक बन्धन सधै दुखको कारण हुन्छ ।"

हे मातर्नास्ति मे वाञ्छा घोरेदारपरिग्रहे ।

दारग्रहोहि दुःखाय न सुखाय कदाचन ॥ ब्र.वै.पु.ग. ४६।२३

गणपतिका वचनले दुःखित तुलसीलाई झनक्क रिस उठ्यो र उनले गणेशलाई तिम्रो विवाह अवश्य होस् र एउटी होइन दुई ओटीसँग होस् भनी श्राप दिइन् ।

इत्येवं वचनं श्रुत्वा कोपात्तु सा शशाप ह ।

दारग्रहस्ते भविता सा साध्वीतिगणेश्वरम् ॥ ब्र.वै.पु.ग. ४६।२८

तुलसीका श्रापले आफ्नो ब्रह्मचारी बस्ने चाहना अधुरो भएको देखि गणेशले पनि तुलसीलाई श्राप दिदै भने, "तिम्रो विवाह असुरसँग होस् ।"

इत्याकर्ण्य सुरश्रेष्ठ स्तांशशापशिवात्मजः ।

देवित्वमसुरग्रस्ता भविष्यति न संशय ॥ ब्र.वै.पु.ग. ४६।२९

गणेशबाट श्राप पाएकी तुलसीले अति दुःख मनाउ गरेको सुनी, त्यो देह त्यागेपछि नारायणकी प्रिय हुने वरदान पनि दिनु भयो । गणेशको विवाह ऋद्धि सिद्धिका साथमा भयो भने तुलसीको विवाह शंखचूड दैत्यसँग भयो । यसरी श्रापा-श्राप भएको घटनाले गणेशलाई

सदाका लागि तुलसी अप्रिय भइन् । तसर्थ गणेशपूजामा बिर्सिएर पनि तुलसी चडाउँनु हुँदैन ।

श्रीकृष्णका पत्नीहरू क-कसका अंश हुन् ?

गङ्गाको अंशले कालिन्दी, तुलसीको अंशले लक्ष्मणा, वेदमाता सावित्रीको अंशले नाग्नजिती (सत्या), वसुन्धरा अर्थात् पृथिवीको अंशले सत्यभामा, सरस्वतीका अंशले शैव्या (भद्रा), रोहिणीका अंशले मित्रविन्दा, स्वाहादेवीका अंशले सुशीला र रुक्मिणी आदि नौ ओटी स्त्री भए । सूर्यपत्नी रत्नमालाका अंशले अर्थात् संज्ञा र छायाबाट मित्रविन्दा र रोहिणी भए । रुक्मिणीलाई लक्ष्मीको अंश पनि मानिन्छ । भगवती दुर्गाका अंशले जाम्बवती भइन् । अन्य सबै कृष्णपत्नीहरू लक्ष्मीका कलांशले उत्पन्न हुन् । महाभारत, गर्गसंहिता र अन्य पुराणहरूमा कृष्णपत्नीहरूको पूर्वजन्म प्रसंगमा केही भिन्नता भने अवश्य पाइन्छ ।

कालिन्दी सूर्यतनया गङ्गांशेन महीतले ।
अर्द्धांशेनैव तुलसी लक्ष्मणा राजकन्यका ॥
सावित्री वेदमाता च नाम्ना नाग्नजिती सती ।
वसुन्धरा सत्यभामा शैव्या देवी सरस्वती ॥
रोहिणी मित्रविन्दा च भविताराजकन्यका ।
सूर्यपत्नी रत्नमाला कलया च जगद्गुरोः ॥
स्वाहांशेन सुशीला च रुक्मिण्याद्याः स्त्रियो नव ।
दुर्गार्द्धांशा जाम्बवती महिषीणां दश स्मृताः ॥

ब्र.वै.पु.कृ. ६।१३९-१४२

कमलाकलया सर्वा भवन्तु नृपकन्यकाः ।

मन्महिष्यो भविष्यन्ति सहस्राणाञ्च षोडश ॥ *ब्र.वै.पु.कृ.६।७५*

पार्वतीले किन जाम्बवती अर्थात् भालुकी छोरी हुनु पर्‍यो ?

कैलाशमा गणेश जन्मोत्सवको ठूलो उत्सव चलिरहेको थियो । यही क्रममा शिवको निमन्त्रणा स्वीकारी लक्ष्मीपति नारायण कैलाश पुग्नुभयो ।

पुरा गणेशं द्रष्टुं च प्रजग्मुः सर्वदेवताः ।

श्वेतद्वीपात् स्वयं विष्णुर्जगाम शङ्करस्तवात् ॥ *ब्र.वै.पु.कृ.६।४६*

एकत्रित भएका समस्त देवीदेवता यथायोग्य आसनमा बसिसकेका थिए । शिवपार्वतीको आतिथ्यबाट गद्‌गद नारायण सबैका बीचमा सुशोभित हुनुहुन्थ्यो । विष्णुको मनमोहक रूपले पार्वतीको ध्यान आकृष्ट गर्‍यो । उनी लज्जित हुँदै वस्त्रले मुख ढाकेर नजानिदो गरी बारम्बार विष्णुलाई हेरिरहेकी थिइन् ।

तं दृष्ट्वा पार्वती विष्णुं प्रसन्नवदनेक्षणा ।

मुखमाच्छादयामास वाससा व्रीडया सती ॥

अतीव सुन्दरं रूपं दर्शं दर्शं पुनः पुनः ।

ददर्श मुखमाच्छाद्य निमेषरहिता सती ॥ *ब्र.वै.पु.कृ.६।१५१-१५२*

उनका नेत्र कहिले विष्णु र कहिले आफ्ना श्रीमान् भोलेनाथलाई हेरी सुन्दरताको तुलना गरिरहेको थिए । सबै आ-आफ्नो धुनमा मस्त थिए । त्यही समय भोलेनाथको दृष्टि पार्वतीमा परेछ । सबै अतिथि विदा भएपछि पार्वतीलाई आफ्नो समीप बोलाई शिवले रिसाउँछिन् कि भन्ने डर मान्दै भन्नुभयो । तिमीलाई विष्णुको रूप

रङ्ग निकै मन परे जस्तो छ नि ? भगवान् श्रीहरिकी पत्नी भई हरिलाई श्रृङ्गार समर्पण गर न त ।

निवेदनं मदीयञ्च निबोध शैलकन्यके ।

श्रृङ्गारं देहि भद्रं ते हरये परमात्मने ॥ *ब्र.वै.पु.कृ. ६/१६१*

स्वामीका वचनले मर्माहत बनेकी पार्वतीले नारीजन्य दोषका कारण त्यस्तो भएको प्रति क्षमा मागिन् । यही दोषले द्वापरमा जाम्बवान् नामक भालुकी छोरी जाम्बवतीका रूपमा पार्वतीको जन्म भयो । यसै कारण हरिरूपी श्रीकृष्णसँग पार्वतीकी अंश जाम्बवतीको विवाह भएको हो । यसको अर्थ श्रीमान् श्रीमतीमा समर्पणभाव हुनुपर्छ भन्ने हो । बाहिरी सुन्दरतामा मात्र भुल्नु हुँदैन भन्ने शिक्षा यसबाट पाइन्छ ।

श्रीकृष्णका सट्टामा गोकुलबाट ल्याइएकी बालिका कहाँ गईन् त ?

श्रीमद्भागवतमहापुराण अनुसार गोकुलबाट ल्याइएकी बालिका योगमाया थिइन् । यशोदाकी छोरी भई आइन् र उनैलाई वसुदेवले श्रीकृष्णको सट्टामा लिएर आएका थिए । आठौं गर्भको उत्पत्तिबारे जानकारी पाएको कंसले कारागारमा गई वसुदेव र देवकीले गरिएको अनुनय-विनय लत्याई बालिका खोसेर दुवै चरणमा समाई ढुंगामा बजार्न खोज्दा अष्टादशभुजी भई व्यर्थमा निर्दोष बालकहरूको हत्या नगर, तेरो कालको जन्म भइसकेको छ, भनी अन्तःर्ध्यान भई विन्ध्याचलवासिनी भगवतीका रूपमा स्थापित भएको देखिन्छ ।

ब्रह्मवैवर्तपुराणमा भने केही अलग प्रसंग उद्धृत छ । कारागारमा बहिनी ज्वाईको अलाप-विलाप र आठौं गर्भ पुत्र हुँदा मात्र आफ्नो

मृत्यु हुने यथार्थ सम्झी कंसले ती बालिका वसुदेव र देवकीलाई नै दियो । भागवतमा पनि योगमायाका वचनले पछुतो मानेर बहिनी ज्वाईलाई कारागार मुक्त गरेको प्रसंग पाइन्छ । दाजु कंसबाट जीवनदान पाएकी आफ्नी छोरी लिएर वसुदेव-देवकी घर गए । हर्षित दम्पतीले नामकरणमा प्रशस्त दानादि गरे । एकनंशाा नाम राखियो । समय व्यतीत हुँदै गयो । अनेकौं उतार-चढावका बीच श्रीकृष्णले कंसको अन्त्य गर्नु भयो । यज्ञोपवीत संस्कार, वेदाध्ययन, द्वारकागमन, कालयवनको संहार, बलरामको विवाहादि कार्य हुँदै गए । रुक्मिणीको हरण गरी द्वारकामा विवाहार्थ उत्सव हुँदा शङ्करांश दुर्वासा ऋषिका साथमा पार्वतीकी अंशले उत्पन्न एकनंशाको विवाह गरियो । तत्पश्चात् रुक्मिणी र श्रीकृष्णको शुभ विवाह सुसम्पन्न भएको थियो ।

वसुदेवो देवकी च तामादाय मुदान्वितः ।
जग्मतुः स्वगृहं तौ च कन्यां कृत्वा स्ववक्षसि ॥
मृतामिव पुनःप्राप्य ब्राह्मणेभ्यो ददौ धनम् ।
सा परा भगिनी विप्र कृष्णस्य परमात्मनः ॥
एकानंशेन विख्याता पार्वत्यंशसमुद्भवा ।
वसुस्तां द्वारकायान्तु रुक्मिण्युद्वाहकर्मणि ॥
ददौ दुर्वाससे भक्त्या शङ्करांशाय भक्तितः ॥ब्र.वै.पु.कृ. ७।१२५-१२९

दुर्वासाको पहिलो विवाह भने और्व ऋषिकी कन्दली नामक पुत्रीसँग भएको थियो । कन्दली अत्यन्त अभिमानी थिइन् । दुर्मुखा पनि थिइन् । आफ्नी पत्नीको व्यवहारले दुर्वासा दिक्क थिए । पत्नीले गरेका सय ओटासम्म अपराध क्षमा गरिसकेका थिए । एक दिन

दुर्वासाले क्रोधलाई नियन्त्रण गर्न सकेनन् । उनका क्रोधाग्निमा परी कन्दली भस्म भईन् । छोरी मारिएकी खबरले और्व मुनि दुःखित हुँदै दुर्वासा समीप गए । शङ्करांश भए पनि तिमीले पत्नी हत्या गर्यौ । हो, मेरी छोरी अलि जिद्दी स्वभावकी थिई, तर मार्नु हुँदैनथ्यो । म तिमीलाई श्राप दिन्छु ।

मदपत्यं स्वल्पदोषे यतो भस्मी कृतं त्वया ।

पराभवस्तव महान् भविष्यति न संशयः ॥ *ब्र.वै.पु.कृ. २५।१६*

यस अपराधका कारण र और्वका श्रापले शङ्करांश दुर्वासाले अम्बरीष राजासँग पराजय भोग्नु परेको थियो । द्वापरमा भोलेनाथको सम्मानार्थ अत्यन्त चिन्तित दुर्वासालाई सम्झाई श्रीकृष्णले आफ्नी बहिनी एकनंशाको विवाह गरिदिनु भएको पाइन्छ ।

वसुदेव देवकी र रोहिणी क-कसका रूप हुन् ?

अदितिर्देवकी चैव सर्पमाता च रोहिणी ।

कश्यपो वसुदेवश्च श्रीकृष्ण जनको महान् ॥ *ब्र.वै.पु.कृ. ९।४०*

देवमाता अदिति नै देवकी हुन् । सर्पमाता कद्रू नै रोहिणी हुन् । कश्यप प्रजापति नै वसुदेव हुन् । परब्रह्म परमात्मा प्रभु नारायण नै श्रीकृष्ण हुन् । कुनै समय अदिति स्वामी कश्यपलाई खोजिरहेकी थिइन् । अचानक आफ्नी सौता कद्रूका घरमा कश्यपलाई देखी मनुष्य भएर जन्मने श्राप दिइनँ । कद्रूले पनि आफ्ना स्वामीसँग बस्दा श्राप पाएकोमा दुःखित हुँदै अदितिलाई पनि मनुष्य भएर जन्मने श्राप दिइन् । यसरी श्रापा-श्राप गरेकाले अदिति देवकी र कद्रू रोहिणी भई भारतवर्षमा जन्मिएका हुन् । उनीहरूका श्रीमान् कश्यप

नै वसुदेव भए । थिनीहरू विभिन्न कारणले श्रीकृष्णको सेवार्थ उपस्थित भएका थिए ।

राधाका माता पिता को थिए ?

पितृणां मानसी कन्या कमलांशा कलावती ।

सुन्दरी बृषभानोश्च पतिव्रतपरायणाः ॥

यस्याश्च तनया राधा कृष्णप्राणाधिका प्रिया ॥ ब्र.वै.पु.कृ.१७।२१

पितृका तीन ओटी मानस कन्या थिए । कलावती, रत्नमाला र मेनका ।

रत्नमालाको विवाह जनक राजासँग भयो । मेनकाको विवाह पर्वतराज हिमालयसँग भयो । कलावतीको विवाह सुचन्द्रसँग भयो । सुचन्द्र र कलावतीले मुक्तिप्राप्तिका लागि लामो समयसम्म तप गरे । प्रसन्न ब्रह्माले जब स्वयं भगवती राधालाई पुत्री रूपमा प्राप्त गर्नेछौ, त्यही जन्ममा तिमीहरूको मुक्ति हुनेछ, भनी वरदान दिनुभयो ।

यदा भविष्यसि सती कन्या ते राधिका स्वयम् ।

जीवन्मुक्तौ तथा सार्द्धं गोलोकञ्च गमिष्यथ ॥

ब्र.वै.पु.कृ.१७।१०१,१०२

हर्षित दम्पतीले त्यो जीवन जब त्यागे, सुचन्द्र, सूरभानु र पद्मावतीका पुत्रका रूपमा बृषभानु नामले उत्पन्न भए । कलावती कान्यकुब्ज कुलमा भनन्दन र मालावतीकी पुत्री भई जन्मिइन् । त्यो जन्ममा पनि उनको नाम कलावती नै थियो । पूर्वजन्मको संस्कारका कारण दुवैको विवाह भयो । यी दुवैलाई मुक्ति दिन जगज्जननी

राधा पुत्री रूपमा आउनु भएको थियो । समस्त राधाकृष्णको लीला पश्चात् छोरी राधाका साथमा कलावती र वृषभानु पनि मुक्त भए ।

इन्द्रलाई गौतम ऋषिको श्राप

एकदिन देवराज इन्द्रले गौतमपत्नी अहिल्यालाई देखेछन् । उनको सौन्दर्यमा आकृष्ट भएका इन्द्रले धर्माधर्म विचार नगरी विवेक गुमाएर ऋृषिको अनुपस्थितिमा गौतमको रूप धारण गरी अहिल्याको सतीत्व नष्ट गरे । जसै आफ्नो स्वार्थ पुरा गरी इन्द्र ढोकाबाट बाहिर निस्किए, गौतमसँग जम्काभेट भयो । पछि-पछि अहिल्या आइपुगीन् । दुबैको अनुहार हेर्दा ऋषिलाई कुकर्म भएको ज्ञान प्रष्ट भयो । तत्काल हातमा जल लिएर इन्द्रलाई सम्बोधन गर्दै श्राप दिए ।

वेदं विज्ञाय ज्ञानी त्वं योनिलुब्धोऽसि कर्मणा ।

योनिनाञ्च सहस्रञ्च तवगात्रे भवत्विह ॥

पूर्णवर्षञ्च सततं योनिगन्धं त्वमाप्नुहि ।

ततः सूर्यं समाराध्य योनिश्चक्षुर्भविष्यति ॥ *ब्र.वै.पु.कृ४७ ।३०-३१*

अर्थात् वेदज्ञ भएर पनि योनिमा लुब्ध भयौ, तसर्थ तिम्रा शरीरमा हजार योनि हुन् । सय वर्षसम्म तिम्रा शरीरबाट योनिको दुर्गन्ध आओस् । जब इन्द्रले क्षमा मागे, ऋषिले, सय वर्षपछि सूर्यको आराधना गर, सूर्यकृपाले योनिहरू आँखाका रूपमा परिवर्तन हुनेछन् भनी सान्त्वना दिए । यो कथाको तात्पर्य ठूला व्यक्तिले पनि कुकर्म गरे दण्डको भागी हुनुपर्छ भन्ने हो ।

इन्द्र त्यहाँबाट गएपछि ऋषिले अहिल्यालाई पनि श्राप दिए । पतिव्रता धर्म पालन गर्ने नारी अत्यन्त चतुर र विवेकी हुनुपर्दछ ।

तिमीले यथार्थ नबुझी आफ्नो देह सुम्पियौ । तिम्रो यो शरीर ढुंगाको होस् । आफू निर्दोष रहेकी, स्वामीको रूपमा रहेकाले दुष्ट इन्द्रलाई चिन्न सकिन र इन्कार नगरेकी हुँ भनी ज्यादै दुःखित भईन् । दयावश ऋषिले श्रीरामको चरणस्पर्शले तिम्रो मुक्ति होस् भनी कृपा दर्शाए । ऋषिले भने अनुसार उनी ढुंगाकी भएर श्रीरामको प्रतिक्षामा थिइन् । आखिर श्रीरामको चरणस्पर्शले उनी दिव्यदेहकी भई श्रीरामको गुणगान गाउँदै स्वामी गौतमका आश्रममा गइन् । गौतमले श्रीरामलाई धेरै धेरै धन्यवाद दिई आफ्नो गल्ती भएकोमा क्षमा मागी ससम्मान पुनः पत्नीको दर्जा दिए ।

पादानतामहल्यां तामुवाच मुनिपुङ्गवः ।

वनं गत्वा चिरं तिष्ठ विधाय मूर्तिरश्मनः ॥

श्रीरामचरणस्पर्शात् सद्यः शुद्धाः बभूव ह ।

त्रैलोक्यमोहनं रूपं विधाय मुनिकामिनी ॥ *ब्र.वै.पु.कृ. ४७।३६, ४३*

गच्छ गच्छ महारण्यं भव पाषाणरूपिणी ।

रामपादाङ्गुलि स्पर्शात् सद्यः पूता भविष्यसि ॥ *ब्र.वै.पु.कृ. ६१।५५*

सा राममाशिषं कृत्वा प्रययौ भर्तुमन्दिरम् ।

शुभाशिषं ददौ तस्मै भार्यां सम्प्राप्य गौतमः ॥ *ब्र.वै.पु.कृ. ६२।१*

गौतम ऋषि र अहिल्याको यो कथा महाभारत, रामायण, ब्रह्मवैवर्तपुराण साथै अन्य धेरै पुराण-उपपुराणहरूमा विस्तृत रूपमा वर्णन गरिएको पाइन्छ । ढुंगो हुनु भनेको ढुंगो जस्तै निर्जीव विवेक हीन भएर रहनु हो । जब रामरूपी ईश्वरको कृपा होला, सजीव हुनु अर्थात् शीला जस्तो भावबाट मुक्त हुनु भन्ने आशय हो ।

कृष्ण शब्दको अर्थ

ब्रह्मणो वयसा यस्य निमेष उपचर्यते ।
स चात्मा परमं ब्रह्म कृष्ण इत्यभिधीयते ॥
कृषिस्तद्भक्तिवचनो नश्च तद्दास्यवाचकः ।
भक्तिदास्यप्रदाता यः सकृष्णः परिकीर्तितः ॥
कृषिश्च सर्ववचनो नकारो बीजवाचकः ।
सर्वं बीजं परं ब्रह्म कृष्ण इत्यभिधीयते ॥ ब्र.वै.पु.प्र. २।२४-२६
ब्रह्मणो वाचकःकोऽयमृकारोऽनन्तवाचकः ।
शिवस्यवाचकःषश्च णकारो धर्मवाचकः ॥
अकारो विष्णोर्वचनः श्वेतद्विपनिवासिनः।
नरनारायणार्थस्य विसर्गो वाचकः स्मृतः ॥
सर्वेषां तेजसां राशिः सर्वमूर्तिस्वरूपकः ।
सर्वाधारः सर्वबीजस्तेन कृष्ण इति स्मृतः ॥
कृषिर्निर्वाण वचन णकारो मोक्ष एव च ।
अकारो दातृवचनस्तेन कृष्ण इति स्मृतः ॥
कृषिर्निश्चेष्टवचनो णकारो भक्तिवाचकः ।
अकारो दातृवचनस्तेन कृष्ण इति स्मृतः॥
कर्मनिर्मूलवचनः कृषिर्णो दास्यवाचकः ।
अकारो प्राप्ति वचनस्तेन कृष्ण इति स्मृतः ॥ब्र.वै.पुं.कृ.१३।५७-६२

चतुर्मुखी ब्रह्मालाई भएको अभिमानका प्रसंगमा हजार मुख भएका ब्रह्माको दर्शन

एक दिन म सृष्टिकर्ता हुँ। म नभए कसले सृष्टि गर्छ। यो ब्रह्माण्डको म एक्लो ब्रह्मा हुँ भन्ने अभिमान बोकेर उनी वैकुण्ठ पुगे। ब्रह्माले नारायणसँग भेट्ने इच्छा व्यक्त गर्दा द्वारपालले सोधे, "हजुर कुन लोकको ब्रह्मा ?" ब्रह्माको होस उड्यो। उनलाई विश्व ब्रह्माण्डको एक्लो ब्रह्मा आफू हुँ भन्ने थियो। के भनेको ? ब्रह्मा पनि दुईटा छौं र ? भनी आश्चर्य व्यक्त गरे। द्वारपालले भित्र जानुहोस् भन्यो। ब्रह्माले जसै भित्र प्रवेश गर्नु भयो, आफू अगाडि दशमुखी ब्रह्मा, दशमुखी अगाडि सयमुखी, सयमुखी अगाडि हजारमुखी ब्रह्मा, नारायणको दर्शनार्थ भक्तिपूर्वक जम्लाहात गरी प्रतिक्षारत देखिन्थे। नारायणले सबै ब्रह्मालाई क्रमशः गतिविधि सोधिराख्नु भएको थियो। यो घटनाले ब्रह्माको अभिमान चूर्ण-चूर्ण भयो। उनी आफ्नो पालोमा केवल प्रभुको दर्शन गरी विदा भए। यसको तात्पर्य कसैमा पनि अभिमान राम्रो हुँदैन्न। अभिमानले कोही ठूलो हुँदैन। ब्रह्मामा भएको अभिमान चूर्णगर्न यो लीला गरिएको थियो।

अन्य ब्रह्माण्डाधिपतिर्ब्रह्मा दशमुखः स्वयम्।
द्वारे तिष्ठन्महाभक्तस्त्वां द्रष्टुं स्वयमागतः॥
एतस्मिन्नन्तरे तत्र वृनदावनविनोदिनी।
आजगामातिप्रणतो ब्रह्मा शतमुखः स्वयम्॥
आजगामाति ब्रह्माण्डाधिपो ब्रह्मा हरेः पुरः।
सहस्रवदनः श्रीमान् भक्त्या नम्रात्मकन्धरः॥

चतुमुर्खस्य तान् दृष्ट्वा दर्पभङ्गो बभूव ह ।

आत्मानं विष्णुसदृशं मन्यमानस्य दर्पतः ॥

ब्र.वै.पु.कृ. ३३।६१,६५,६७,७०

माता कुन्तीलाई मन्त्रोपदेश र कर्णको जन्म

शूरसेनकी छोरी पृथा सुशील र गुणवती थिइन् । एकदिन शूरसेनकी फुपूको भाइ कुन्तिभोज आएर आफ्नी छोरी नभएको गुनासो गरे । दयावान् शूरसेनले कुन्तिभोजलाई छोरीका रूपमा पृथा नामक पुत्री दिए । कुन्तिभोजले आदरपूर्वक छोरीको पालन-पोषण गरे । कुन्तिभोजकी छोरीका रूपमा उनी प्रतिष्ठित र कुन्ति नामले विख्यात भइन् । पिता कुन्तिभोजकी अत्यन्त प्यारी छोरी कुन्ति घरको समस्त काम धन्दा फूर्तिसाथ गर्दथिन् । एक दिन दुर्वासा ऋषिको आगमन भएछ । कुन्तिको आदर सत्कारबाट प्रभावित दुर्वासाले के चाहिन्छ, वरदान माग भने । बालचापल्यवशात् ज-जसलाई म बोलाउँछु, तीं-ती तत्काल उपस्थित हुन् भनी मागीन् । तिमीले सम्झना साथ आउछन् र उनीहरूका कृपाले पुत्र हुनेछन्, भन्ने वरदान दिएर दुर्वासा गए ।

यं यं देवं त्वमेतेन मन्त्रेणावाहयिष्यसि ।

तस्य तस्य प्रसादेन पुत्रस्तव भविष्यति ॥ *महाभा.आ.प. ११०।७*

कुनै दिन घरमा कोही नभएका समयमा उनका आँखा श्रीसूर्यनारायणमा परेछन् । के बोलाउँदा श्रीसूर्यनारायण पनि आउछन् त ? भन्ने भयो र दुर्वासाले दिएको मन्त्र आँखा चिम्लिएर प्रयोग गरिन् । आँखा उघार्दा अगाडि श्रीसूर्यनारायणलाई देखिन् । उनको होस उड्यो । फकाई फुल्याई बालिका कुन्तिसँग सहवास गरी सूर्य

गए । लुकी छिपी जसोतसो गर्भस्थ बालकलाई जन्म दिइन् । कवच कुण्डल सहित अत्यन्त तेजस्वी बालकले जन्म लियो ।

सहजं कवचं बिभ्रत् कुण्डलोद्द्योतितानन: ।

अजायत सुत: कर्ण: सर्वलोकेषु विश्रुत: ॥ *महाभा. आ. प. ११०।१९*

लोकलज्जाका कारण त्यो बालकलाई कुन्तिले जलमा बगाइदिईन् । यो कुरा लुकाउन सक्नु उनको महानता थियो ।

गूहमानापचारं सा बन्धुपक्षभयात् तदा ।

उत्सर्ज कुमारं तं जले कुन्ती महाबलम् ॥ *हाभा. आ. प. ११०।२२*

आँखाभरि अश्रुधारा लिएर जलमा छोडेर उनी फर्किइन् । पानीमा बग्दै गएको वालक अधिरथ नामक सूत र राधा नामकी उनकी पत्नीले भेटे । हर्षित दम्पतीले त्यो बालकको पालन-पोषण गरे । वैकर्तन, कर्ण, वसुषेण, राधेय आदि नामले त्यो बालकले ख्याति पायो । उनी युधिष्ठिर भन्दा जेठो र अत्यन्त शक्तिशाली थिए । शूरवीर र दानीका रूपमा कर्ण आज पनि अजर अमर छन् । विभिन्न कारणले र समयले साथ नदिएका कारण अर्जुनका हातबाट उनले मृत्युवरण गरे । अर्जुन र कर्णमा एक भाइ मात्र जीवित रहने प्रस्ताव आएपछि कर्णले माता कुन्तीलाई तपाईका दुई भाइमध्ये एक भाइ मर्ने र एक जीवित रहने, जसरी पनि पाँच भाइ हुनेछन् भनी सम्झाएका थिए ।

नारीका मनमा किन गोप्य कुरा रहँदैन ?

महाभारतको युद्ध पश्चात् गङ्गामा तर्पण दिने समयमा कुन्तीबाट आफू केटाकेटी हुँदा अज्ञानवश सूर्यनारायणबाट कर्णको जन्म भएको र समाजका डरले यो कुरा आफूले गोप्य राखेको कुरा सार्वजनिक गरिन् । पाँच पाण्डवले सारै पीर माने । पीडा सहन

नसकेका युधिष्ठिरले समस्त नारी जातिलाई नै लक्षित गरी मनमा गोप्य कुरा नअडियोस् भनी श्राप दिए।

शशाप च महातेजाः सर्वलोकेषु योषितः।

न गुह्यं धारयिष्यन्तीत्येवं दुःखसमन्वितः ॥ महाभा.शा.७।११

त्यस समयदेखि नभन्नु भनेका कुरा नारीले नभनी छोड्दैनन्, भन्ने किंवदन्ती छ । कुन्तीले क्षमा मागिन् । गङ्गाका किनारमा तर्पणार्थ उपस्थित सबैले दुःख मनाउ गर्दै कर्णलाई पनि तर्पण दिए।

पाण्डुलाई भोगविलास गरे मर्छौ भनी श्रापदिने को थिए ?

एकदिन राजा पाण्डु शिकार खेल्न वनमा गएका थिए । उनी शिकार नभेटेर चिन्तित थिए। त्यसै समयमा अचानक उनका आँखा एक जोडी मृगमा पर्‍यो । पाण्डुले तत्काल धनुष प्रहार गरे । मृग-मृगिणी भोग-विलासमा थिए । बाण गएर मृगीलाई लाग्यो । मृगी ढलिन्, तर अचम्म उनी एक तपस्विनी मुनिपत्नी रहिछिन्। उनको प्राण गयो। मृगका रूपमा रहेका मुनि वास्तविक रूपमा प्रकट भए। उनको नाम किंदम रहेछ । पत्नी वियोगमा अलाप-विलाप गर्दै आफ्नो भूल प्रति क्षमा मागिरहेका राजा पाण्डुलाई श्राप दिदै भने -

द्वयोर्नृशंसकर्तारमवशं काममोहितम्।

जीवितान्तकरोभाव एवमेवागमिष्यति ॥

अहं हि किंदमो नाम तपसा भावितो मुनिः।

व्यपत्रपन्मनुष्याणां मृग्यां मैथुनमाचरम् ॥

मृगो भूत्वा मृगैः सार्धं चरामि गहने वने।

न तु ते ब्रह्महत्येवं भविष्यत्यविजानतः ॥हाभा.आ.प.११७।२७-२९

अर्थात् हामी पतिपत्नी लामो समय सम्म तपस्या गरी सांसारिक आनन्दका लागि यस वनमा मृग-मृगिणी स्वरूपले भोग-विलासमा मस्त थियौ । यो अवसरमा तिमीले एउटाको हत्या गरेका कारण, तिमी पनि भोग-विलासमा लाग्यौ भने, तिम्रो मृत्यु होस् । नजानीकन यो घटना भयो तसर्थ ब्रह्महत्याको पाप भने लाग्ने छैन । थिनै किंदम मुनिका श्रापका कारण पाण्डुले आफ्नो राज्य दाजु धृतराष्ट्रलाई नासोको रूपमा जिम्मा दिएका थिए । भवितव्यवश आफ्ना सन्तान भएमा राज्य फिर्ता गर्नु पर्ने शर्त थियो । दैवेच्छाले पाण्डुका पुत्र भए तर धृतराष्ट्रले पाँच गाउँ मात्र पनि दिन चाहेनन् । आखिर महाभारतको युद्ध घट्यो, जसमा लाखौं राजामहाराजा र अनगिन्ती प्रजाको ज्यान गयो ।

अक्षौहिणी सेना भन्नाले कति संख्या बुझिन्छ ?

एक रथ, एक हाती, पाँच पैदल, तीन घोडाको संख्यालाई पत्ति भनिन्छ । तीन पत्तिलाई सेनामुख, तीन सेनामुखलाई एक गुल्म, तीन गुल्मलाई एक गण, तीन गणलाई एक वाहिनी, तीन वाहिनीलाई एक पृतना, तीन पृतनालाई एक चमू तीन चमूलाई एक अनीकिनी, र दस अनीकिनीलाई एक अक्षौहिणी सेना भनिन्छ ।

एको रथो गजश्चैको नराः पञ्च पदातयः ।
त्रयश्च तुरगास्तज्ज्ञैः पत्तिरित्यभिधीयते ॥
पत्तिं तु त्रिगुणामेतामाहुः सेनामुखं बुधाः ।
त्रीणि सेनामुखान्येको गुल्मः इत्यभिधीयते ॥
त्रयो गुल्मा गणो नाम वाहिनी तु गणास्त्रयः ।
स्मृतास्तिस्रस्तु वाहिन्यः पृतनेति विचक्षणैः ॥

चमूस्तु पृतनास्तिस्रस्तिस्रश्चम्वस्त्वनीकिनी ।

अनीकिनीं दशगुणां प्राहुरक्षौहिणीं बुधाः ॥ *महाभा. आ. प. २।१९-२२*

रथ - २१८७०, हाती - २१८७०, पैदली - १०९३५०, घोडसवार - ६५६१०, यो संख्या एक अक्षौहिणी सेनाको हो । यस्तै अठारह अक्षौहिणी सेना महाभारतका युद्धमा मारिएका थिए ।

महाभारतमा कौरवपक्षबाट क-कसले कति-कति दिन युद्धको नेतृत्व गरे ?

अहानि युयुधे भीष्मो दशैव परमास्त्रवित्

अहानि पञ्च द्रोणस्तु ररक्ष कुरुवाहिनीम् ॥

अहनी युयुधे द्वे तु कर्णः परबलार्दनः ।

शल्योऽर्धदिवसं चैव गदायुद्धमतः परम् ॥ *महाभा. आ. प. २।३०-३१*

अर्थात् मर्मज्ञ भीष्मपितामह दश (१०) दिन, द्रोणाचार्य पाँच (५) दिन, कर्ण दुई (२) दिन, शल्य आधा दिन र अन्त्यमा दुर्योधन-भीमको युद्ध आधा दिनसम्म चलेको थियो ।

सुतिरहेका पाण्डवसेना र पाण्डवपुत्रलाई युद्ध चलेको कति दिनका दिन कसले मारेका थिए ?

तस्यैव दिवसस्यान्ते द्रौणिहार्दिक्यगौतमाः ।

प्रसुप्तं निशि विश्वस्तं जघ्नुर्यौधिष्ठिरं बलम् ॥ *महाभा. आ. प. २।३२*

अर्थात् अठारौं दिनको युद्ध पश्चात् रात्रिका समयमा अश्वत्थामा, कृतवर्मा र कृपाचार्यले सेना सहित पाण्डुपुत्रहरूको हत्या गरे; जुन जघन्य अपराध मानिन्छ ।

समन्तपञ्चक क्षेत्रको उत्पत्ति कसरी ?

त्रेता र द्वापर युगको सन्धिमा जमदग्नि ऋषि र रेणुकाबाट विष्णुका आवेशावतार परशुरामको जन्म भयो । त्यो समय सहस्रार्जुनको एकछत्र राज्य थियो । सबै राजा उसका नियन्त्रणमा थिए । तपस्वी जमदग्निका प्रभावले पीडित सहस्रार्जुनले जमदग्निको हत्या गरिदियो । निर्दोष आफ्ना स्वामीको लाश काखमा राखी २१ पटकसम्म रेणुकाले छाती पिटी आर्तनाद गरेको सुनेका परशुरामले एक्काइसौं (२१) पटक धर्ती घुमेर नै भूमण्डलमा रहेका समस्त क्षत्री राजाहरूको सर्वनाश गरे । जतातत्तै बगिरहेको रगतलाई एकत्रित गरी पाँच ओटा कुण्ड निर्माण गरी सोही रक्तरूपी जलले सरोवरमा रक्ताञ्जलिद्वारा पितृहरूको तृप्तिका लागि तर्पण गरे । प्रसन्न भएका पितृहरूले वरदानका रूपमा ती पाँच कुण्डलाई प्रसिद्ध तीर्थस्थल हुने वरदान दिए । परशुरामलाई उनीहरुले ब्राह्मणले ज्यादै क्रोध गर्नुहुन्न भनी सम्झाएका थिए । यो घटना पश्चात् परशुराम तपस्यामा लीन भएका थिए, जो श्रीरामले धनुष तोडेको आवाजले ध्यानभङ्ग भई जनकपुर आएका थिए । परशुरामले समस्त भूमण्डल घुमी-घुमी क्षत्रियहरूका नाश गर्दा नारीहरूबाट रक्षित भई एकजना मात्र राजा जीवित थिए ; जसलाई नारीकवच, मूलक आदि नामले चिनिन्छ । उनीबाटै समस्त क्षत्रियवंश फैलिएको मानिन्छ । तिनै पाँच सरोवर आजसम्म पनि समन्तपञ्चक क्षेत्रका रूपमा चिनिन्छन् ।

त्रेताद्वापरयोः सन्धौ रामः शस्त्रभृतां वरः ।

असकृत् पार्थिवं क्षत्रं जघानामर्षचोदितः ॥

स सर्वं क्षत्रमुत्साद्य स्ववीर्येणानलद्युतिः ।

समन्तपञ्चके पञ्च चकार रौधिरान् ह्रदान् ॥ *माहाभा. आ. प. २।३-४*

कपालमोचन तीर्थको उत्पत्ति कसरी भयो ?

भोलेनाथ र सतीदेवीको विवाहको समय थियो । स्वयं ब्रह्मा यज्ञाचार्य हुनुहुन्थ्यो । सतीदेवीको रूपमा ब्रह्माको ध्यान बिग्रियो । उनले एकै चोटि धेरै काँचा दाउरा यज्ञकुण्डमा हाली धुँवायुक्त मण्डप वनाए । शिवले ध्यानपूर्वक यो कुकर्म बुझी तत्काल दाहिने हातको साहिलो औलाका नखभागले ब्रह्माका पञ्चम शिर काटिदिनु भयो । त्यो दिनसम्म ब्रह्माका पाँच शिर थिए । शिवलाई ब्रह्महत्या लाग्यो । अचम्म भयो, काटिएको शिर शिवका दाहिने हत्केलामा आई टाँसियो । दिक्दार भएका शिवजी लामो समयसम्म तीर्थ घुमिरहनु भयो । प्रयागमा पुगेपछि ब्रह्महत्याको दोष नाशियो तर काटिएको शिर झरेन । जब काशीको एउटा सरोवरमा पुगी स्नान गर्नुभयो, त्यो ब्रह्मशिर त्यही झऱ्यो । त्यस दिनदेखि त्यो सरोवर कपालमोचन तीर्थका रूपमा प्रसिद्ध भयो, भने शिवको कपाली नामले ख्याति भयो ।

ततः कपाली लोके च ख्यात रुद्र भविष्यति
कपालमोचनेत्येवं तीर्थं चेदं भविष्यति ॥ *वामनपु. ३/४९*

सूतजीलाई वलरामले कहिले मार्नु भयो ?

सूत पौराणिक हुन् । उनी शौनकादि अठासी हजार ऋषिहरूलाई श्रीमद्भागवतमहापुराणको कथा श्रवण गराई राख्नुभएको थियो । तीर्थयात्रा प्रसंगले अचानक वलराम पुग्नु भएछ । वलरामलाई देखी कथा श्रवणार्थ बसेका सबै उठे, तर सूत बसिराखे । वलरामले यो अभिमानी रहेछ, भन्दै कुशको प्रयोग गरी सूतको शिर काटिदिनु भयो । हाहाकार भयो । त्यो दिन आषाढशुक्ल द्वादशीको दिन थियो ।

चुक्षुभे भगवन्नाम: पर्वणीव महोदधि: ।

आषाढशुक्लद्वादश्यां पारणाहनि पार्वति ॥

पूर्वार्द्धयामवेलायां भावित्वात्कृष्णमायया ।

मुग्धोदर्भकरो राम: प्राहरल्लोमहर्षणम् ॥

पद्मपु. पञ्चमभाग ११८ ।८०-८१

व्यासगद्दीमा बसेको व्यक्ति कसैको सम्मानमा पनि उठिरहनु पर्दैन भन्ने शास्त्रको निर्णय छ । शौनकादिले यथार्थ ज्ञान गराए पछि क्षमा मागी सूतका पुत्र सौतिलाई व्यासासनमा राखी अनेकौं दानवहरूको नाशगरी वलराम तीर्थयात्राको क्रमलाई निरन्तरता दिनतर्फ लाग्नुभयो ।

समुद्रमन्थनबाट लक्ष्मीको उत्पत्ति कहिले भयो ?

द्वादशीको दिन प्रात: कालमा लक्ष्मी समुद्रबाट प्रकट भइन् ।

ततः प्रभात समये द्वादश्यामुदिते रवौ ।

उत्पन्ना श्री महालक्ष्मी: सर्वलोकेश्वरी शुभा ॥ *पद्मपु. ५।२३२।३१*

भगवान् भोलेनाथको शिशुरूप कहिले ?

शिवपार्वतीको विवाहार्थ ठूलो चहल-पहल थियो । इन्द्रादि देवताका साथमा साक्षात् नारायण, र ब्रह्माको उपस्थिति थियो । स्वयंवरको हल्ल-खल्ल चल्न थाल्यो । पार्वतीले हातमा माला लिएकी थिइन्, सोहि अवसरमा अचानक भोले बाबालाई रमाइलो गर्न मन लागेछ । एउटा अत्यन्त मनमोहक पाँचशिखा भएको शिशुरूप लिई पार्वतीका काखमा सहसा सुत्नु भयो ।

द्वाय जिज्ञासया शम्भुर्भूत्वा पञ्चशिखः शिशुः ।

उत्सङ्गतलसंसुप्तो बभूव सहसा विभुः ॥ *ब्रह्मपु.३६/२८*

पार्वतीको प्रेम विशुद्ध र अलौकिक थियो । उनले बालरूपी महादेव हुन् भन्ने जानी अंकमाल गर्दै स्वयंवर नै नगरी फर्किएर बालकलाई काखमा आनन्दले सुताउन थालिन् । देवीदेवताका बीचमा यो के भयो ? भन्दै कोलाहल मच्चियो ।

ततो दृष्ट्वा शिशुं देवा देव्या उत्सङ्गवर्तिनम् ।

कोऽयमत्रेति संमन्त्र्य चुक्रुशुर्भृशमोहिताः ॥ *ब्रह्मपु. ३६/३१*

वास्तविकताबाट अनभिज्ञ भएका देवता मध्ये इन्द्रले तत्काल बालकमाथि वज्र प्रहार गर्न जसै हात उठाए । उनको हात स्तम्भित भयो, अर्थात् चलेन ।

स्तम्भितः शिशुरूपेण देवदेवेन शम्भुना ।

वज्रं क्षेप्तुं न शशाक वृत्रहा चलितुं न च ॥ *ब्रह्मपु.३६/३३*

भग नामक देवताले शस्त्र चलाउन खोज्दा उनको पनि गति जडवत् भयो । ब्रह्माले ध्यानदृष्टिले हेर्दा बालरूपी भोलेनाथलाई देखे । सबैका तर्फबाट क्षमा मागी ध्यान गरे । ब्रह्माको स्तुतिले प्रसन्न भोलेनाथ वास्तविक रूपमा प्रकट हुनुभयो । फेरि एकपटक हाँसो चल्यो र धुमधामले स्वयंवरादि कार्य हुन थाल्यो । शिवको बालरूप यही समयको हो । कहीं कहीं शिवको सुतिरहेको बाल तस्वीर पाइन्छ, जो अत्यन्त मनमोहक देखिन्छ । ब्रह्मपुराण र लिङ्गपुराणमा यो प्रसङ्ग वर्णित छ ।

यस विषयसँग सम्बन्धित लिङ्गपुराणमा केही श्लोकहरू छन् ।

मालां प्रगृह्य देव्यां तु स्थितायां देवसंसदि ।

शिशुर्भूत्वा महादेवः क्रीडार्थं वृषभध्वजः ॥

उत्सङ्गतलसंसुप्तो बभूव भगवान् भवः ।

अथ दृष्ट्वा शिशुं देवस्तस्या उत्सङ्गवर्तिनम् ॥

कोऽयमत्रेति सम्मन्त्र्य चुक्षुभुश्च समागताः ।

वज्रमाहारयत्तस्य बाहुमुद्यम्य वृत्रहा ॥ *लिङ्गपु.१०३।२८-३०*

भगवान् कपिलका क्रोधबाट साठी हजार मध्ये कति वटा सगरपुत्र बाँचे ?

तस्य चक्षुः समुत्थेन तेजसा प्रतिबुध्यतः ।

दग्धाः सर्वे मुनिश्रेष्ठाश्चत्वारस्त्ववशेषिताः ॥

बर्हिकेतुः सुकेतुश्च तथा धर्मरथो नृप ।

शूर पञ्चनदश्चैव तस्यवंशकरा नृपाः ॥ *ब्रह्मपु.८।५६-५७*

अर्थात् पिता सगरद्वारा आयोजित यज्ञस्थलबाट चोरिएको अश्व खोज्ने क्रममा सगरका साठी हजारपुत्र पृथ्वीको गर्भमा पुगे । उनीहरूले कपिलको आश्रम समीप बाँधिएको घोडा देखी यही चोर रहेछ भनी अभद्र व्यवहार गरे । जुन अभद्र व्यवहारमा चार भाइको असहमति थियो । ती चार भाइ बाहेक सबै कपिलका क्रोधज्वालामा परी भस्म भए । बाँचेका चार भाइको नाम यस प्रकार छ - बर्हिकेतु, सुकेतु, धर्मरथ, र पञ्चनद । यिनीहरूले यी सामान्य मानव होइनन् । यो अभद्र व्यवहार नगरौं भनी सम्झाएका थिए तर अन्य उद्दण्डहरूले गरेको कुकर्मको फल भोगे । यिनै पितृको उद्धारार्थ यस वंशका धेरैले मृत्यु वरण गरे । अथक प्रयास पछि भगीरथलाई त्यो सौभाग्य प्राप्त भयो । माता गङ्गालाई ल्याई खरानी बगाउन लगाएर समस्त पितृलाई स्वर्ग पठाउने अलौकिक कर्म भगीरथले गरे ।

राक्षसराज रावणले किन माता सीताको हरण गऱ्यो ?

रावण संसारदेखि मुक्त भई भगवद् धाममा जान चाहन्थ्यो। संयोगले उसको भेट सनकादिसँग भएछ। रावण शरणपरी प्रश्न गर्दछ, "हे ऋषेश्वर ! भगवान् विष्णुका हातबाट मरेका व्यक्ति कहाँ जान्छन् ?"

दैत्यदानवरक्षांसि विष्णुना निहतानि च।

कां वा गतिं प्रपद्यन्ते प्रेत्य ते मुनिपुङ्गव॥ *अध्यात्मरा. उ. ३।३७*

सनत्कुमारले भन्नुभयो, "जति पनि विष्णुका हातबाट मर्छन्, कोही पनि नरक पर्दैनन्। सबै विष्णुलोकमा जान्छन्। यो यथार्थ हो।"

तामुवाच मुनि श्रेष्ठो रावणं राक्षसाधिपम्।

विष्णुना ये हतास्ते तु प्राप्नुवन्ति हरेर्गतिम्॥ *अध्यात्मरा. उ. ३।३८*

सनत्कुमारका वचन सुनी चाँडै विष्णुका हातबाट मर्ने उपाय सोची माता जानकीको हरण गरेको हो। श्रीरामकी पत्नी, सीताको हरण गरें भने अवश्य रामका हातबाट मुक्त हुनेछु भन्ने सम्झिएर माता सीताको अपहरण गरेको थियो।

एतदर्थं महाराज रावणोऽतीव बुद्धिमान्।

हृतवान् जानकीं देवीं त्वयात्मवधकाङ्क्षया॥ *अध्यात्मरा. उ. ३।५९*

रावणलाई सकेसम्म चाँडै तीनयुगको राक्षस हुने श्राप पूर्ण गर्नु थियो। सनकादिले विष्णुलोकमा जय र विजयलाई तीन जन्मसम्म राक्षस हुने श्राप दिएका थिए। पहलो जन्ममा हिरण्यकशिपु र हिरण्याक्ष, दोस्रो जन्म रावण र कुम्भकर्ण अनि तेस्रो जन्ममा शिशुपाल र दन्तवक्त्रको भए। यी तीन जन्म पुरा गरेपछि फेरि

विष्णुलोकमा विष्णु पार्षदका रूपमा जाने टुङ्गो थियो । यो अध्यात्मरामायणको कथा हो ।

श्रीरामले आफ्नो बारेमा जनता के भन्छन् भनी बुझ्न कसलाई पठाउनु भएको थियो ?

अयोध्याबासी के भन्छन् भनी बुझ्न विजय नामक गुप्तचरलाई खटाउनु भएको थियो ।

कथा प्रसङ्गात्प्रपच्छ रामो विजयनामकम् ।

पौरा जानपदा मे किं वदन्तीह शुभाशुभम् ॥ *अध्यात्मरा.उ.४।४७*

वामन अवतार भगवान्‌को विवाह भएको छ कि छैन ?

वामनको विवाह भएको प्रसंग धेरै गुरु पुरोहित कथावाचकलाई नै थाहा नहुन सक्छ तर उनको विवाहको प्रमाण श्रीमद्भागवतमहापुराणमा नै पाइन्छ ।

उरुक्रमस्य देवस्य मायावामनरूपिणः ।

कीर्तौ पत्न्यां बृहच्छ्लोकस्तस्यासन् सौभगादयः॥

श्रीमद्भा.महापु.६।१८।८

अर्थात् मायाले वामनरूपमा अवतीर्ण हुने भगवान् उरुक्रमकी पत्नी कीर्तिबाट बृहच्छ्लोक नामका छोरा उत्पन्न भए । यिनका सौभग आदि गरिएका छोरा भए ।

गौरी नामकरणको रहस्य

मन्दराचल पर्वतले मानवीय रूपमा अहर्निश कठोर तपगरी भगवान् आशुतोषको चरणस्पर्श प्राप्त होस् भनी वरदान मागे। हजारौं मुखले करोडौं वर्षमा पनि जसको सौन्दर्यको चर्चा गर्ने साहसगर्न सकिन्न, त्यस्ता पर्वतोत्तम मन्दराचलमा भोलेनाथको अत्यन्त रमणीय अन्तःपुर थियो। शिवकृपा पाएका मन्दराचल आफूलाई धन्य र गौरवान्वित सम्झन्थे।

यस पर्वतको मेखला बनेको निर्मल ढुंगा तथा वृक्षहरूले युक्त भूमि शिवपार्वतीको नित्य सामीप्यले गर्दा सम्पूर्ण संसारलाई तिरस्कार गर्दथ्यो। मन्दरपर्वतको चुचुरा भन्दा माथि रहेका चन्द्रमाले गर्दा रात्रिमा यो पर्वत, पर्वतहरूको साम्राज्यको छाताले झै सुशोभित देखिन्थ्यो। आश्रमलाई स्निग्ध छाया प्रदान गर्ने वृक्षहरूले सूर्यको किरणलाई तिरस्कार गरे जस्तो देखिन्थ्यो। सबै कुराबाट श्रेष्ठ सम्झी पार्वतीनाथ सपत्नीक रैभ्याश्रमबाट अन्तर्धान भई त्यस पर्वतमा विराजित हुनुहुन्थ्यो। समय व्यतीत हुँदै गयो, प्रजाको वृद्धिका क्रममा शुम्भ निशुम्भ नाम गरेका दुई भाइ दैत्य उत्पन्न भए। उनीहरूले गरेको कठोर तपस्याबाट प्रभावित ब्रह्माले संसारका कुनै पनि पुरुषबाट मृत्यु नहुने र अयोनिजा अम्बिकांश नारीमा आशक्त भई युद्ध गरे मृत्य हुने अन्यथा अवध्य रहने वरदान प्रदान गर्नुभयो।

ताभ्यां तपोबलादत्तं ब्रह्मणा॰परमेष्ठिना।

अवध्यत्वं जगत्यस्मिन्पुरुषैरखिलैरपि॥ *शि.पु.वा.पू. २४।२५*

प्राप्त वरदानले गर्वित शुम्भ निशुम्भले इन्द्रादि देवतालाई युद्धमा पराजितगरी स्वर्गीय आनन्द भोग्न थाले। जगत्‌लाई स्वाध्याय,

वषट्कार, पूजा अर्चना विहीन बनाएका दानवहरूको उद्दण्डता र अत्याचारले सीमा नाघ्यो । त्राहि,त्राहिको नारा लगाउँदै देवता ब्रह्माका शरणमा गए । आफ्नो वरदानले उन्मत्त दानवको यथार्थ बुझेका ब्रह्माले विष्णु सहित गुहार्दै देवतालाई शिव समीप लगे । छलफलको निचोडमा भगवती पार्वती बाहेक अरुबाट दानवहरूको नाश नहुने हुँदा शान्ति र क्षमाकी प्रतिमूर्ति पार्वतीलाई कोध जगाई दानवको अत्याचारबाट मुक्ति दिलाउन अनुरोध गर्ने सहमति पार्वतीको अनुपस्थितिमा भयो । जसरी भए पनि पार्वतीमा रिस भर्ने काम पति शिवले गर्नु पर्ने भयो ।

तयोर्वधाय देवेशं ब्रह्माभ्यर्थितवान्पुनः ।

विनिन्द्यापि रहस्यं वा कोधयित्वा यथा तथा ॥

सदा सर्वदा हँसीखुसी दाम्पत्य जीवनको आनन्दमा रहने शिवपार्वतीका बीच अचानक हँसी मजाकको कममा अकल्पनीय घटनाले विकराल रूप लियो । शिवले पार्वतीलाई होच्याउँदै कुन राम्री छ्यौ र कही नभएकी काली छ्यौ, के फूर्ति गरेकी ? प्राणभन्दा प्याराका मुखबाट यस्तो कठोर वचन सुनेकी पार्वतीको रिसले आकाश छोयो । नारी स्वभाव पनि होला । उनले तत्काल प्रतिकार गरिन् । म मन परेकी थिइन भने किन अहिले सम्म संगै बसेको त ? प्रेम नै थिएन भने आजसम्म के नाटक गरेको त ? काली थिएँ भने किन विवाह गरेको त ? विश्व सुन्दरी भए पनि श्रीमानकी प्यारी हुन नसके त्यो नारीले बाँचको के सार ? यस्तै यस्तै अनगिन्ती प्रश्नहरूले शिवधाममा सन्नाटा छायो । ठूलो स्वर कहिल्यै नसुनेका शिवगण, शिवपरिवार आज के अनर्थ हुने भो भन्दै मुखामुख गर्न थाले । अब म बाँच्न चाहन्न ? किन बाँच्नु श्रीमान नै आफ्नो न

भए पछि ? केही गरी राम्री हुन सके आउँली, अन्यथा उतै प्राण त्याग गरौंली भन्दै पार्वती निस्कन थालिन् ।

इदृशे मम वर्णेऽस्मिन्नरतिर्भवतोऽस्ति चेत् ।
एतावन्तञ्चिरं कालं कथमेषा नियम्यते ॥
या च नाभिमता भर्तुरपि सर्वाङ्गसुन्दरी ।
सा वृथैव हि जायेत सर्वैरपि गुणान्तरैः ॥
तस्माद्वर्णमिमं त्यक्त्वा त्वयि रहसि निन्दितम् ।
वर्णान्तरं भजिष्ये वा न भजिष्यामि वा स्वयम् ॥

शि.पु.वा.पू. २४।३३,३६,३८

यो ठट्टाले यसरी विकराल रूप लेला भन्ने शिवले कल्पना पनि गर्नु भएको थिएन । एउटी नारीलाई के के गर्दा, के के भन्दा फकाउन सकिन्छ, ती सबै शिवले अपनाउँदा पनि पार्वतीलाई फकाउन सक्नुभएन । तपाईंको मनमा भएको अघि नै उकेली सक्नु भयो, अब लोलो पोतो नगर्नु भन्दै शिवको अनुनय विनय ठुक्र्याउँदै पार्वती हिडिन् ।

विवाह अघि शिव प्राप्तिका लागि जुन पवित्र स्थानमा तप गरेकी थिइन् सोही ठाउँमा मातापितालाई यथार्थ सुनाई तपस्यार्थ बसिन् । तपमा बस्नु अघि गर गहना फुकाली पूर्ण तपस्वी भेष धारणगरी पार्थिव शिवलिङ्ग अगाडि राखी पितामह ब्रह्माको ध्यान गर्न थालिन् ।

स एव ब्रह्मणो मूर्तिमास्थाय तपसः फलम् ।
प्रदास्यति ममेत्येवं नित्यं कृत्वाऽकरोत्तपः ॥ *शि.पु.वा.पू. २५।७*

भगवती पार्वतीको तपस्या लामो समयसम्म चल्यो । यसै बीच एउटा अत्यन्त डरलाग्दो बाघ दैवसंयोग आहारा खोज्दै पार्वतीको तपस्थल आइपुगेछ । दूषित भावनाबाट प्रेरित बाघलाई आफ्नो सामुन्नेमा देखे पनि उमामा कुनै विकार आएन, उनी विचलित भइनन्, वरु बाघ स्तम्भित भयो । उमाका अगाडि बसी केवल मासुको परिकल्पनामा डुबिरह्यो । उमाले पवित्र कल्पना गरिन् । उनलाई लाग्यो यो बाघ मेरो सुरक्षार्थ मेरा अगाडि बसेको छ । एक टक टकी लगाएर जसै जगज्जननी मातालाई हेरिरह्यो मानौ उसका समस्त दूषित भावना नष्ट भई दुष्टता पनि हृदयबाट हट्यो । मूल प्रकृति संसारकी आमा पो हुनुहुँदो रहेछ भनी चिन्यो । अब पवित्र मनले माताको सुरक्षार्थ खटियो ।

तस्यां एव कृपायोगाात् सद्यो नष्टमलत्रयः ।
बभूव सहसा व्याघ्रो देवीञ्च बुबुधे तदा ॥
न्यवर्तत बुभुक्षा च तस्याङ्गस्तम्भनं तथा ।
दौरात्म्यं जन्मसिद्धञ्च तृप्तिश्च समजायत ॥
तदा परमभावेन ज्ञात्वा कार्तार्थ्यमात्मनः ।
सद्योपासक एवैष सिषेवे परमेश्वरीम् ॥

शि.पु.वा.पू. २५।१४,१५,१६

स्वर्गमा भने शुम्भ,निशुम्भादि दैत्यहरूको उत्पात असह्य भैसकेको थियो । देवता ब्रह्मा समीप पुगे पछि ब्रह्मा अतालिदै पार्वतीको तपस्थल पुग्नुभयो । हे मातेश्वरी ! लामो समयदेखि मलाई किन सम्झनु भएको ? यो कठोर तप किन ?

पार्वती भन्नुहुन्छ हे पितामह ! कुनै कल्पमा मेरा पति रुद्र हजुरका आखिभौबाट उत्पन्न हुनुभएको थियो अरे, त्यो हिसाबले हजुर मेरा ससूरा हुनुभयो । ससूरा भनेको गुरु समान सम्मानित हुन्छन् । हजुरलाई दुःख निवेदन नगरे कसला गरौं ? म काली भएँ अरे; म राम्री छुइन अरे, श्रीमान्ले नै यसरी भनेपछि म के गरौं ? मलाई गोरी बनाइदिनु, अन्यथा म प्राण त्याग गर्नेछु । बाँचिरहनु के सार ?

यदा पुनः प्रजावृद्ध्यै ललाटाद् भवतो भवः ।

उत्पन्नोऽभूत्तदा त्वं मे गुरुः श्वसुरभावतः ॥

किमत्र बहुना देहे यश्चायं मम कालिमा ।

त्यक्त्वा सत्वविधानेन गौरी भवितुमुत्सहे ॥ *शि.पु.वा.पू. २५।३०,३३*

माता पार्वतीले ब्रह्मालाई श्रेय दिएर आफ्नो कालो छाला परित्याग गरी गोरी हुनुभयो ।

यसरी आफ्नो स्वरूप परिवर्तन गरी माता उमानै गौरीका रूपमा प्रख्यात हुनुभएको हो । पार्वतीबाट छोडिएको उक्त चर्मबाट कौशिकी नाम गरेकी कालो बादल जस्तै काली एउटी कन्याको उत्पत्ति भयो ।

सा त्वक्कोशात्मनोत्सृष्टा कौशिकी नाम नामतः ।

काली कालाम्बुदप्रख्या कन्यका समपद्यत ॥ *शि.पु.वा.पू २५।३९*

मायाशक्ति ती कन्या योगनिद्रा तथा वैष्णवीशक्ति भइन् । उनका शंख, चक्र, त्रिशूल आदि धारण गरेका ठूला ठूला आठ वटा हात थिए । त्रिनयना शिरमा चन्द्रमा धारण गरेकी ती भगवतीलाई ब्रह्माले वाहनकालागि सिंह प्रदान गर्नुभयो । भगवती काली माता

गौरी र ब्रह्मालाई नमन गर्दै शुम्भ निशुम्भादि दैत्यहरूको विनाशार्थ विन्ध्याचलतर्फ प्रस्थान गर्नुभयो । कालीको बासस्थान विन्ध्याचल मानिन्छ । यिनै कालीले दैत्यहरूको विनाशगरी भक्तहरूको रक्षा गर्नुभएको थियो । स्वयं कौशिकी नदी रूपमा प्रवाहित हुँदा सप्तकोशीको उत्पत्ति भएको मानिन्छ । उता गौरीले ब्रह्मासंग अनुरोधगरी बाघलाई पनि साथमा लिई मन्दराचलतर्फ प्रस्थान गर्नुभयो, जहाँ पार्वतीको प्रतिक्षामा शिव छट्पटाइरहनु भएको थियो ।

प्रययौ मन्दरं गौरी यत्र भर्ता महेश्वरः ।

सर्वेषां जगतां धाता कर्ता पाता विनाशकृत् ॥ शि.पु.वा.पू.२६।२९

लामो प्रतिक्षा गरेका शिवगण र स्वयं शिव पनि निरास हुनुहुन्थ्यो, जसै नन्दी भृङ्गीले माताको आगमन भएको थाहा पाए उफ्रदै अत्यन्त भावविभोर हुँदै पार्वतीलाई लिएर आए हर्षित शिवले दुवै हातले पार्वतीलाई उठाएर काखमा राखी धेरैनै गोरी भइछ्यौ भन्दै आलिङ्गन गर्नुभयो । त्यसदिन देखि माता गौरी ,महागौरी नामले विख्यात हुनुभएको हो । जसको अर्थ धेरै गोरी, राम्री भन्ने बुझिन्छ । जसले अन्तरात्मामा रहेको कालो कलुषित भावलाई हटाई उज्वल सफा बनाउँछ, या अज्ञानरूपी कालिमा हटाई ज्ञानरूपी दीपक जलाउँछ, उनैलाई गौरी भनिएको हो ।

नवदुर्गा भगवतीको आराधना गर्ने कममा महागौरीको विशेष पूजा गरिन्छ ।

महागौरीतिचाष्टमम् ॥ *दुर्गाकवच ।*

गौरीलाई सौभाग्यको प्रतिक मानिन्छ । गौरी पूर्ण ब्रह्मस्वरूपिणी मानिन्छिन् । ब्रह्मादि देवता, सनकादि मुनिगण, मनु प्रभृति यिनको वन्दना गर्दछन् । यश, मङ्गल, सुख, सुविधा आदि व्यवहारिक पदार्थ

तथा मोक्ष प्रदान गर्नु यिनको स्वभाविक गुण हो । यी शरणागतवत्सला एवं तेजकी अधिष्ठातृ देवी हुन् । यिनले सदा सर्वदा भोलेनाथलाई शक्तिसम्पन्न बनाउँछिन् । गौरी भनेकी महाशक्ति हुन्, शिवशक्ति हुन् । शक्तिविना शिव पनि शव (लाश) हुन्छन् । शिवमा रहेको इच्छाशक्ति नै इकार हो । शिवमा इकार नहुँदा शिव शव हुन्छ । जसको कुनै औचित्य रहदैन । देवीका एकसय आठ नाम मध्ये गौरी पनि प्रचलित नाम हो । माता गौरीको अद्भुत मूर्ति कान्यकुब्जको सिद्धपीठमा विराजित छ । आर्य संस्कृतिमा अहिले पनि सर्वप्रथम गौरी गणेशको पूजा आराधना गर्ने परम्परा छ । अद्भुतरामायण अनुसार माता सीताको अपमान हुँदा समस्त नारीजातिको आदर सम्मान को रक्षार्थ स्वयं माता सीताले सहस्रमुखी रावणको अन्त्यगरी राम सहित ब्रम्हा, विष्णु, महेश्वर, हनुमान आदि समस्त देवी देवताको रक्षा गर्नु भएको प्रसंग उल्लेखित छ । त्यसै कममा शक्तिविना कसैले केहीगर्न सक्तैन, भन्ने स्वीकारगरी सीता मातासंग सबैले क्षमा मागी हजार नामले सीताको स्तुति गर्दै आज उप्रान्त शक्तिको नाम अगाडि उल्लेख गरुन् भन्ने पाइन्छ । जस्तै विष्णुलक्ष्मी नभनेर लक्ष्मीनारायण भन्नु, कृष्ण राधा होइन राधाकृष्ण भन्नु, शिवपार्वती नभनेर गौरीशंकर या उमा महेश्वर भन्नु आदि आदि । मातापिता एकत्र बसेको ठाउँमा पुगियो भने पहिले मातालाई दण्डवतगरी पछिमात्र पितालाई दण्डवत गर्नु भन्ने उल्लेख प्रष्ट रूपमा ब्रह्मवैवर्तपुराणको कृष्णजन्मखण्डमा छ । यसरी सर्वत्र नारीशक्तिलाई सम्मान दिएको पाइन्छ । तर सबै नारी सीता, अनुसूया, हुँदैनन् भने सबै पुरुष राम,कृष्ण हुँदैनन् । गौरीको महिमा झल्काउने प्रसंग हेर्दा माता पार्वतीले गोरी हुन लिएको व्रतका कारण गौरीव्रत चलेको देखिन्छ । गौरीव्रत र गौरीको उपासनाले कुशध्वज राजाकी छोरी वेदवतीले

अर्को जन्ममा राजा जनककी छोरी जानकी भई नारायणांश श्रीराम पति रुपमा प्राप्त गरेकी थिइन् । द्वापरयुगमा गोपिनीहरूले गौरीव्रतकै प्रभावले श्रीकृष्णलाई प्राप्त गरी रासलीलाको आनन्द लिएका थिए ।

सा लब्ध यौवना प्राप रामं दाशरथिं सती ।
व्रतस्यास्य प्रभावेण कान्तं त्रिजगतां पतिम् ॥
प्रकाशितं वशिष्ठेन पृथिव्यां भक्तिभावतः ।
राधा कृत्वा व्रतमिदं श्रीकृष्णप्राणवल्लभम् ॥
गोपाङ्गनाश्च तं प्रापु र्व्रतस्यास्य प्रभावतः ।
इत्येवं कथिता विप्र कथा गौरीव्रतस्य च ॥

ब्र.वै.पु.कृ. २७/६६,६७,६८

गौरीका नामले प्रचलित यो व्रत मार्ग महिनाको संक्रान्तिबाट प्रारम्भगरी एक महिनासम्म लिने विधान छ । जुन व्रतका प्रभावले अटल सौभाग्य, धन धान्य पुत्र पौत्रादि प्राप्त गरी अन्त्यमा मोक्षपद प्राप्त हुन्छ ।

जगज्जननी माता गौरीका बारेमा जति व्याख्या गरे पनि हामी पार पाउँदैनौ ।

पुराणमा पशुपति

नारायणांश भगवान् वेदव्यास सत्यवती र पराशरका पुत्रका रूपमा प्रकट हुनुभएको थियो ।

पराशरात् सत्यवत्यामंशांश कलया विभुः ।

अवतीर्णो महाभागो वेदं चक्रे चतुर्विधम् ॥

श्रीमद्भा. महापु. १२।६।४९

वहाँले आफ्नो अद्भुत ज्ञानराशिलाई समस्त लोकको कल्याणार्थ खर्चिएर सदा सर्वदाका लागि अमर हुनुभयो । वेदको विस्तार, र पुराणहरूको रचनाले आफूलाई धन्य धन्य तुल्याउनु भएका कृष्णद्वैपायनको स्मरण गर्दा आज पनि हिन्दूमात्र होइन अपितु हरेक पूर्वीय अनुसन्धाता, संस्कृतवाङ्मयका अन्वेषकहरू उनीप्रति शिर झुकाउन बाध्य छन् ।

असाधारण प्रतिभाका धनी वेदव्यासले हरेक मानवले वेदको गूढार्थ जानुन्, आफ्नो र समाजको कल्याणमा स्वजीवन यापन गर्दै मानवलाई सन्मार्गमा हिड्न प्रेरणा दिन सकुन्, एवं भक्तिमार्गको अनुसरणले मुक्ति प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले पुराणहरूको रचना गर्नु भएको पाइन्छ । अष्टादशमहापुराण, अष्टादश उपपुराण, अष्टादश औपपुराणहरूको चर्चा र नाम पुराणहरूमा पाइन्छ । अष्टादशमहापुराणमा चारलाख श्लोकहरू छन् । पुराणहरूमा पहिलो उत्पत्ति ब्रह्मपुराणको मानिन्छ ।

आद्यं सर्वपुराणानां पुराणं ब्राह्ममुच्यते ॥ *विष्णुपु. ३।६।२०*

सबै पुराणमा त्रिदेवको चर्चा परिचर्चा गरिएको छ । ब्रह्मा, विष्णु, महेशलाई त्रिदेवको रूपमा पूजिन्छ । ब्रह्मालाई सृष्टिकर्ता,

विष्णुलाई पालनकर्ता र महेशलाई संहारकर्ता मानिन्छ । हरेक महापुराण, उपपुराण, औपपुराण, उपनिषद्, वेद, वेदाङ्ग, शास्त्र या धार्मिक ग्रन्थमा पशुपतिनाथ अर्थात् भोलेनाथको विस्तृत व्याख्या पाइन्छ । त्रिदेव मध्ये देवता, दानव र मानव सबैका आराध्य पशुपति अर्थात् शिव नै हुन् । तत्काल प्रसन्न हुने भएका कारण आशुतोष नामले प्रसिद्ध पशुपतिका बारेमा हामी अज्ञानी मानवले के पार पाउन सक्छौं ? तथापि-

पशूनां पतिः पशुपतिः ।

पशु भनेको अज्ञानी मानव पनि हो । ब्रह्मादेखि मानवसम्म पशुकोटिमा पर्दछन् । समस्तप्राणधारीका पति अर्थात् मालिक हुनाले भगवान् शिवलाई नै पशुपति भनिएको हो ।

ब्रह्माद्याः स्थावरान्ताश्च पशवः परिकीर्तिताः ।

पशूनामेव सर्वेषां प्रोक्तमेतन्निदर्शनम् ॥ *शिवमहापु. वा. सं. पू. ५।६१*

ऋषिहरूलाई पशुपति शब्दको अर्थ प्रष्ट्याउने क्रममा स्वयं सदाशिवले भन्नु भएको छ ।

आत्मनः पशवः प्रोक्ताः सर्वे संसारवर्तिनः ।

तेषां पतिरहं देवः स्मृतः पशुपतिर्बुधैः ॥

मायापाशेन बध्नामि पशुनेतान् स्वलीलया ।

मामेव मोचकं प्राहुः पशूनां वेदवादिनः ॥ *कूर्मपु. उ. ७।१८,१९*

निर्गुण निराकार परब्रह्म परमात्मा भगवान् पशुपति भक्तहरूको कल्याणार्थ सगुण साकारका रूपमा वर्णित हुनुहन्छ । आखिर किन महेश्वर पशुपतिका रूपमा प्रकट हुनुभयो ?

यस विषयमा दुई किसिमका कथाहरू प्रचलित छन् ।

१. पशुपतिनाथको उत्पत्तिका सम्बन्धमा पहिलो मत -

प्राचीनकालमा पृथिवी जलले ओत प्रोत थिइन् । ब्रह्मा र विष्णु वाहेक कोही देखिदैनथे । जलक्रीडाका समयमा अचानक दुवैका बीच म ठूलो भन्ने वादविवाद शुरु भयो यो विवादले उग्ररूप लियो ।

अवशिष्टौ घटोद्भूत नारायणपितामहौ ।
तन्माया मोहितौ देवौ तमोगुणप्रधानगौ ।
एकदा प्रवरौ देवौ प्रवादं चक्रतुर्मिथः ।
जलक्रीडास्थिते तत्र शुन्ये सप्वे जलाप्लुते ॥

स्क.पु.हि.ख.७४।६-७

लामो समय युद्ध नै भयो । दुबैको अहंकार नष्ट गर्न र वादविवाद साम्य पार्न आशुतोष शिवले अद्भुत तेजोमय ज्योतिस्तम्भका रूपमा आफूलाई प्रकट गर्नु भयो । त्यो ज्योतिरूप बढ्दै गयो । त्यसको तेज सहन नसकी दुबै भाग्न थाले । दुबैलाई सम्बोधन गर्दै यो ज्योतिर्लिङ्गको शिरोभाग र मूलभाग अर्थात् आदि र अन्त्य जसले पत्ता लगाउँछौ उही ठूलो हुनेछ भनी आकाशवाणी भयो ।

भवन्तौ यदि कर्तारौ जगतामपि सर्वशः ।
एतत् स्तम्भस्य मूलाग्रं व्रजेतां परमा शुभा ।
यो गमिष्यति चैतस्य पारमूर्ध्वमधोऽपि वा ।
कर्ता स एव लोकानां नात्र कार्य च वल्गणम् ।
व्रजन्त्वैवमेतस्य ऊर्ध्वमधोपिवा युवाम् ।
प्रत्यागत्यात्र चोच्येतां यथा दृष्टं नृतं तथा ॥

स्क.पु.हि.ख.७४।४०-४३

प्रस्ताव मानेर वराहरूपमा विष्णु पातालतर्फ जानु भयो । हंसवाहन ब्रह्मा आकाशतर्फ । अन्त्य पत्तो लगाउन नसकेका विष्णु निरास भई फर्किए र यथार्थ भने, ब्रह्माले आफू सानो हुने डरले कामधेनु गाई र केतकी पुष्पलाई साक्षी बकाई श्रेष्ठ हुने धृष्टता गरे । सर्वज्ञ शिवले प्रकट भई कामधेनुलाई मुख अशुद्ध हुने, केतकीलाई अयोग्य हुने र ब्रह्मालाई एकल पूजा सर्वत्र नहुने श्राप दिनु भयो । सत्यवादी विष्णुलाई सर्वत्र पूजित हुने वरदान दिनु भयो । ब्रह्माविष्णु दुवै शरण परेको देखि आज्ञा दिँदै शिवले भन्नुभयो-

"ब्रह्माले सृष्टि गर्नु, र विष्णुले पालन गर्नु । ब्रह्मा पितामह र विष्णु पालक नामले प्रसिद्ध हुनेछौ ।"

सृष्टिकर्ता यथा पूर्वं भव ब्रह्मन्नुग्रहात् ।
सर्वदा ते वदिष्यन्ति पितामह इति श्रुतः ॥
विष्णो त्वमपि लोकेऽस्मिन् प्राणिनः पालको भव ।
यावन्तो जीविनः सन्ति तावन्त पाल्यतां समम् ॥

स्क.पु.हि.ख ७६।६०-६१

म हजारौं वर्षसम्म देवताबाट पूजित भई लिङ्गरूपमा मुक्तिदायक नेपालपुरीमा रहने छु । कालान्तरमा पशुरूपमा विचरण गर्नेछु, सो अवसरमा मलाई देवी देवताले पशुपति नामले पुकार्ने छन् । फेरि केही काल पछि जब मेरो त्यो ज्योतिरूप लिङ्ग पृथिवीमा धस्ने छ, कामधेनु गाईले लिङ्गमाथि दूध चडाएका कारण म भएको जानकारी सबैलाई हुनेछ । त्यो तेजोमय लिङ्गलाई देख्नासाथ समस्त म्लेच्छ विलीन हुनेछन् । हजारौं वर्ष पश्चात् सोही मूर्ति पाँचमुख भएको शिवमूर्तिका रूपमा प्रकट हुनेछ ।

ननाद्रुमलताकीर्णे सर्वजन्तूपसेविते ।
सुखं स्थास्याम्यहं तत्र पशूनां क्रीडयन्मुदा ॥
ततः पशुपतिश्चेति वदिष्यन्ति च मे सदा ।
देवासुरा द्विजाः सिद्धास्ततो गूढो रसातले
कामधेनुस्ततस्सर्वान् दर्शयिष्यति भूतले
मयि म्लेच्छा विलेष्यन्ति मद्दर्शनाद्धितत्क्षणे ॥

स्क.पु.हि.ख.७६।१२-१४

ब्रह्माविष्णुमहेश अर्थात् त्रिदेवतात्मक र वेदी सहित हुनाले उमामहेश्वरात्मक त्यो ज्योतिर्लिङ्ग नै पशुपति नामले प्रसिद्ध भई समस्त भक्तहरूको कल्याण गर्नु हुन्छ ।

शिलामयं महालिङ्गं पञ्चव्यूहं तदात्मकम्
पशुपतिंमहालिङ्गं ब्रह्मविष्णुशिवात्मकम् ॥ स्क.पु.हि.ख.७७। ४२

ज्योतिस्वरूप पशुपति प्रकट भएको चर्चाले समस्त देवी देवता पनि पाशुपत क्षेत्र अर्थात् श्लेष्मान्तक वनमा आ-आफ्नो दिव्य बासस्थान त्यागी आए ।

स्थिते पशुपतौ तत्र सर्वे ये देवतागणाः ।
स्व-स्वक्षेत्रं परित्यज्य श्लेष्मान्तक वने स्थिताः ॥ ने मा.१।५१

यो क्षेत्रलाई श्लेष्मान्तकवन पनि भनिन्छ, यहाँ पूर्वकालमा श्लेष्मान्तक नाम गरेका नागराजले तपस्या गरी शिवबाट वरदान प्राप्त गरेका थिए ।

इदं वनञ्च सिद्धाद्रिं पुण्यकृद्भिर्निषेवितम् ।
भविष्यति जगत् ख्यातं तव नाम्ना भुजङ्गम ॥ स्क.पु.हि.ख ७९।२३

यो प्रसङ्ग वराहपुराणमा पनि छ।

भगवान् शिव नन्दीसंग भन्नुहुन्छ -

"हिमवत्खण्डमा श्लेष्मान्तक नाम गरेका नागराज तपस्याको बलले समस्त पापबाट मुक्त भई रहेका हुँदा उनकै नामले त्यो स्थल प्रसिद्ध हुनेछ। नागराजलाई कृपा गर्न त्यो दिव्य पवित्रस्थल म जादैछु।"

पारे हिमवतः पुण्ये तपोवन गणैर्युतः।

तत्र श्लेष्मान्तको नाम वसते पन्नगोत्तमः॥

सोऽनु ग्राह्यो मयावश्यं तपसा दग्धकिल्विषः।

तस्य नाम्ना च तत्स्थानं दिव्यं चिरतपो भृतम्॥

वराहपु.२१४।२३,२४,२५

समस्त देवता, ऋषि, मुनि, गन्धर्व, यक्ष, किन्नर आ-आफ्ना शक्तिका साथमा यही भूमिमा विहार गर्न थालेका हुनाले यस स्थानलाई देवपत्तन अर्थात् देवताको शहर पनि भनिन्छ। आजकल देवपाटन भन्ने चलन छ। भगवान् पशुपतिनाथ नेपालमा अनादि कालदेखि हुनुहुन्छ। साकार रूपमा विराजित पशुपतिलाई लिङ्गपुराण अनुसार त्रिपुर भस्म गर्न असमर्थ देवता महादेवका शरणमा गएपछि त्रिपुर दहन गरेका शिवलाई पति र अवशिष्ट सबैलाई पशु मानी महादेवलाई पशुपति संज्ञा प्रदान गरिएको थियो।

तस्माद्वै पशवः सर्वे देवासुरनराः प्रभो।

रुद्रः पशुपतिश्चैव पशुपाशविमोचकः॥ *लि.पु.पू.७२।४२,४३*

२. पशुपतिको उत्पत्तिका बारेमा दोस्रो मत-

नेपाल पुण्यभूमि हो । यहाँ पीठै पीठ छन् । तीर्थमा परम तीर्थ हो नेपाल । श्लेष्मान्तक नामले प्रसिद्ध यो स्थलको रमणीय पक्ष भनेको पवित्र पावन नदी वाग्मती, विष्णुमती, रुद्रमती जस्ता नदीहरूको सान्निध्यता पनि हो । एकदिन पार्वतीका साथमा विहार गर्न आउनु भएका शिव यहाँको सौन्दर्यमा आकृष्ट भई सदाकालागि काशी र कैलास त्यागी बस्न थाल्नु भएछ । जब ब्रम्हादि देवता, ऋषि, मुनि शिवपार्वतीको खोजि गर्दै नेपालको पुण्यभूमि प्रवेश गरे, यो कुरा थाह पाएका शिवपार्वती तत्काल मृग-मृगीका रूपमा विहार गर्न थाल्नुभयो । शिवपार्वतीलाई नदेख्नाले दुःखित ब्रम्हादि देवता शिवनाम पुकार्दै खोज्न थाले । जब थकित देवताले श्लेष्मान्तक वनमा प्रवेश गरे । एउटा कुनामा एक सींग, तीन आँखा, पुष्टांग सुन्दर रूप भएको मृगरूपधारी शंकर, मृगी रूपकी पार्वतीलाई मृगझुण्डमा देखे । विस्मित देवताले स्तुति गरे ।

एकशृङ्गं त्रिनेत्रं च पुष्टाङ्गमतिसुन्दरम् ।
मृगरूपधरं रुद्रं मृगीरूपधरां शिवाम् ॥
ददृशुर्विस्मिताः सर्वे मृगयूथसमन्वितम् ।
तुष्टुवुर्देवताः सर्वा नानास्तोत्रमुदान्विताः ॥

स्क.पु.हि.ख ने.मा. १।१७-१८

स्तुति गर्दा पनि मृगरूप न त्यागे पछि ब्रम्हा, विष्णु, इन्द्रले आफ्ना वशमा राख्ने विचार गरी मृगको सींग समातेर ताने । मृग उफ्रिएर भाग्न खोज्दा सींगका चार टुक्रा भए । ब्रम्हादि देवताले स्तुति गर्दै भने - "काशी या कैलास जाउ प्रभो ! हजुरहरू विना

चराचर जगत् शून्य प्रतीत भइरहेको छ।" यो सुनेर मृगरूप शिव भन्नुहुन्छ - "म यहीं पशुरूपमा रहन्छु, यो लोकमा पशुपति नामले विख्यात भई भक्तहरूको कल्याण गर्नेछु। मेरो पशुपतिरूपको जसले दर्शन-पूजन गर्ला ऊ पशुयोनिमा कहिल्यै पर्ने छैन।" यो घटना पश्चात् विष्णुले आफ्ना हातमा रहेको पाश विमोचक सींग वाग्मतीका तटको उत्तरदिशामा स्थापित गरिदिए। वाग्मती नदीका तटमा पशुपाश विमोचन लिङ्ग छ। अर्को सींग श्लेष्मान्तक वनमा स्थापित गरियो। सोही लिङ्ग पशुपति मानिन्छ। शिवको मूल मृग शरीरको तेज यसै लिङ्गमा आई प्रवेश गर्‍यो। जस कारण यो पशुपतिनाथको महिमा अपार मानिन्छ। ब्रह्माका हातको सींग दक्षिण सारणमा गोकर्णेश्वर नामले स्थापित भयो। इन्द्रका हातको सींग अमरावतीमा स्थापित भयो।

उत्तरे वाग्वतीतीरे सुतुङ्गे सुमनोहरे।
स्थापयामास तल्लिङ्गं सर्वपापैः प्रमुच्यते॥
ब्रह्माऽपि श्रृङ्गमादाय तदा दक्षिणसारणम्।
गत्वा संस्थापयामास गोकर्णेशवमुत्तमम्॥
इन्द्रोऽपि श्रृङ्गमादायामरावत्यां द्विजोत्तम।
स्थापयामास तल्लिङ्गं सर्वकामफलप्रदम्॥
वाग्मत्याः सरितस्तीरे पशुपाशविमोचकम्।
एवं श्लेष्मान्तकवने नाम्ना पशुपतिः स्मृतः॥

स्क.पु.हि.ख.ने.मा.१।४४,४७,४८

यसरी पशुपतिनाथको प्रादुर्भाव भएको पाइन्छ।

२. पशुपतिको उत्पत्तिका बारेमा दोस्रो मत-

नेपाल पुण्यभूमि हो । यहाँ पीठै पीठ छन् । तीर्थमा परम तीर्थ हो नेपाल । श्लेष्मान्तक नामले प्रसिद्ध यो स्थलको रमणीय पक्ष भनेको पवित्र पावन नदी वाग्मती, विष्णुमती, रुद्रमती जस्ता नदीहरूको सान्निध्यता पनि हो । एकदिन पार्वतीका साथमा विहार गर्न आउनु भएका शिव यहाँको सौन्दर्यमा आकृष्ट भई सदाकालागि काशी र कैलास त्यागी बस्न थाल्नु भएछ । जब ब्रह्मादि देवता, ऋषि, मुनि शिवपार्वतीको खोजि गर्दै नेपालको पुण्यभूमि प्रवेश गरे, यो कुरा थाह पाएका शिवपार्वती तत्काल मृग-मृगीका रूपमा विहार गर्न थाल्नुभयो । शिवपार्वतीलाई नदेख्नाले दुःखित ब्रह्मादि देवता शिवनाम पुकार्दै खोज्न थाले । जब थकित देवताले श्लेष्मान्तक वनमा प्रवेश गरे । एउटा कुनामा एक सींग, तीन आँखा, पुष्टांग सुन्दर रूप भएको मृगरूपधारी शंकर, मृगी रूपकी पार्वतीलाई मृगझुण्डमा देखे । विस्मित देवताले स्तुति गरे ।

एकशृङ्गं त्रिनेत्रं च पुष्टाङ्गमतिसुन्दरम् ।
मृगरूपधरं रुद्रं मृगीरूपधरां शिवाम् ॥
ददृशुर्विस्मिताः सर्वे मृगयूथसमन्वितम् ।
तुष्टुवुर्देवताः सर्वा नानास्तोत्रमुदान्विताः ॥

स्क.पु.हि.ख ने.मा. ११७-१८

स्तुति गर्दा पनि मृगरूप न त्यागे पछि ब्रह्मा, विष्णु, इन्द्रले आफ्ना वशमा राख्ने विचार गरी मृगको सींग समातेर ताने । मृग उफ्रिएर भाग्न खोज्दा सींगका चार टुक्रा भए । ब्रह्मादि देवताले स्तुति गर्दै भने - "काशी या कैलास जाउ प्रभो ! हजुरहरू विना

चराचर जगत् शून्य प्रतीत भइरहेको छ ।" यो सुनेर मृगरूप शिव भन्नुहुन्छ - "म यहीं पशुरूपमा रहन्छु, यो लोकमा पशुपति नामले विख्यात भई भक्तहरूको कल्याण गर्नेछु । मेरो पशुपतिरूपको जसले दर्शन-पूजन गर्ला ऊ पशुयोनिमा कहिल्यै पर्ने छैन ।" यो घटना पश्चात् विष्णुले आफ्ना हातमा रहेको पाश विमोचक सींग वाग्मतीका तटको उत्तरदिशामा स्थापित गरिदिए । वाग्मती नदीका तटमा पशुपाश विमोचन लिङ्ग छ । अर्को सींग श्लेष्मान्तक वनमा स्थापित गरियो । सोही लिङ्ग पशुपति मानिन्छ । शिवको मूल मृग शरीरको तेज यसै लिङ्गमा आई प्रवेश गर्‍यो । जस कारण यो पशुपतिनाथको महिमा अपार मानिन्छ । ब्रह्माका हातको सींग दक्षिण सारणमा गोकर्णेश्वर नामले स्थापित भयो । इन्द्रका हातको सींग अमरावतीमा स्थापित भयो ।

उत्तरे वाग्वतीतीरे सुतुङ्गे सुमनोहरे ।
स्थापयामास तल्लिङ्गं सर्वपापैः प्रमुच्यते ॥
ब्रह्माऽपि श्रृङ्गमादाय तदा दक्षिणसारणम् ।
गत्वा संस्थापयामास गोकर्णेश्वमुत्तमम् ॥
इन्द्रोऽपि श्रृङ्गमादायामरावत्यां द्विजोत्तम ।
स्थापयामास तल्लिङ्गं सर्वकामफलप्रदम् ॥
वाग्मत्याः सरितस्तीरे पशुपाशविमोचकम् ।
एवं श्लेष्मान्तकवने नाम्ना पशुपतिः स्मृतः ॥

स्क.पु.हि.ख.ने.मा.१।४४,४७,४८

यसरी पशुपतिनाथको प्रादुर्भाव भएको पाइन्छ ।

द्वादश ज्योतिर्लिङ्गको शिरोभागका रूपमा पशुपतिनाथलाई मानिन्छ । तसर्थ द्वादश ज्योतिर्लिङ्गको दर्शन गरेता पनि शिरोभाग पशुपतिनाथको दर्शन नगरुन्जेल पूर्ण फल प्राप्ति हुँदैन ।

नयपालाख्यपुर्यां तु प्रसिद्धायां महीतले ।

लिङ्गं पशुपतीशाख्यं सर्वकामफलप्रदम् ॥

शिरोभागस्वरूपेण शिवलिङ्गं तदस्ति हि ।

तत्कथां कथयिष्यामि केदारेश्वरवर्णने ॥ *शि.पु.को.रु.सं१२।१८,१९*

भारतमा स्थापित द्वादश ज्योतिर्लिङ्ग मध्ये कुनैको पनि मुखाकृति पाइदैन । भगवान् पशुपतिनाथ पूर्ण ज्योतिर्लिङ्ग भएका कारण मुखलिङ्गका रूपमा पञ्चवक्त्र धारणगरी विराजमान हुनुहुन्छ । पञ्चवक्त्र शिवको ध्यान वेदले पनि गर्दछन् ।

१.सद्योजात, २.वामदेव, ३.अघोर, ४.तत्पुरुष, ५. ईशान यी पशुपतिनाथका पाँच मुख हुन् ।

वाग्मती नदीका तटमा अवस्थित हुनाले पनि पशुपतिनाथको गरिमा अझ बढेको देखिन्छ ।

पवित्र नदी वाग्मतीको उत्पत्ति कसरी भयो त ?

कुनै समय भक्तराज प्रह्लाद नृसिंहको प्रसन्नताका लागि मृगेन्द्रशिखरमा तपस्या गर्नुहुन्थ्यो । लामो समय तप गर्दा पनि नृसिंहले दर्शन दिनुभएन, अपितु भोलेनाथ अट्टहास गर्दै प्रकट हुनुभयो । अट्टहास गर्दा वहाँका मुखारविन्दबाट निस्किएका थूकका छिटाले नै गिरिगह्वरको मार्ग लिई वाग्मती नदीका रूपमा प्रवाहित भए ।

ततस्तुष्टो महादेवो हास्यमुच्चै चकार हि ।

हरहास समुद्भूता निर्गता गिरिगह्वरात् ॥ ने.मा.७।५६

वाग्मती नदीको नामकरण र महिमा वर्णन गर्दै क्रममा स्वयं शिव प्रह्लादसंग भन्नुहुन्छ -

वचनान्मम दैत्येन्द्र बहिर्याता यतो नदी ।

अतोऽस्या वाग्वती नाम भविष्यति न संशयः ॥

मृगेन्द्र शिखराद्रम्यां मम हासाद्विनिर्गताम् ।

वाग्वती ये च द्रक्ष्यन्ति ते नराः पुण्यभागिनः ॥ ने.मा.१। २८

वाग्मतीको महिमा वर्णन गर्दै वाराहपुराण भन्दछ - गङ्गाजल भन्दा सयगुणा अधिक महफ्व वाग्मतीको रहेको छ ।

हिमाद्रेस्तुङ्गशिखरात् प्रोद्भूता वाग्मती नदी ।

भागीरथ्याः शतगुणं पवित्रं तज्जलं स्मृतम् ॥ वाराहपु. २१५।४१

यी पुण्य नदीका तटमा समस्त पशुवत् कुकर्म गरेका प्राणिहरूको मुक्तिका लागि नै श्रीपशुपतिनाथको प्रादुर्भाव भएको हो । गङ्गा भन्दा सयगुना महफ्व रहेकी यी नदी आज दुर्गन्धित अवस्थामा देख्दा समस्त हिन्दूधर्मावलम्बीको मन दुख्नु स्वभाविक छ ।

गुरुपत्नी गमन जस्तो जघन्य अपराध गरेका पशुवत् कुकर्मले क्षीण हुन थालेका ब्रह्मपुत्र चन्द्रमा कल्पभेदले अत्रिपुत्र चन्द्रमाले पशुपतिनाथको शरणपरी यज्ञयज्ञादि र सोमनाथ लिङ्गको स्थापना गर्दा यो कलंकबाट मुक्त भएका थिए ।

भार्यां हृत्वा गुरोश्चैव पशुकर्म कृतं ध्रुवम् ।

तस्मात् पशुपतिं देवं गत्वा श्लेष्मान्तकं वनम् ॥ ने.मा.१४।३१

यो भूमि सत्ययुगमा सत्यपुरी, त्रेतायुगमा तपोवनी, द्वापरयुगमा मुक्तिका, र कलियुगमा नेपालिकापुरी नामले प्रसिद्ध छ।

कृते सत्यवती ज्ञेया त्रेतायाञ्च तपोवनी।

द्वापरे मुक्तिसोपाना कलौ नैपालिकापुरी॥ *स्क.पु. हि.ख ७२।६४*

परम पवित्र पावन भूमि नेपाल मात्र विश्वको एउटा यस्तो देश हो, जहाँ शालग्राम शिलाका रूपमा साक्षात् नारायण विराजमान हुनुहुन्छ, जुन पवित्र स्थान गण्डकीतटमा भरत राजाले तप गर्नु भएको थियो। यहीं पुलह ऋषिको आश्रम छ। गण्डकी नदीलाई नै चक्रनदी भनिन्छ। श्रीमद्भागवतमहापुराण पञ्चमस्कन्ध सातौं अध्यायमा यसको चर्चा गरिएको छ। पाशुपत क्षेत्रमा अवस्थित गुह्येश्वरी माताको मन्दिर, जानकीको जन्मभूमि जनकपुरधाम, वराह भगवान्को प्रादुर्भाव स्थल वाराह क्षेत्र, नारायणांश बुद्धजन्मस्थल लुम्बिनी, भगवान् वेदव्यासको जन्मभूमि आदि कयौं तीर्थस्थलहरूले यो भूमिलाई पावन बनाएका छन्। यी सबै मध्ये पशुपतिनाथ समस्त हिन्दूधर्मावलम्बीहरूका आराध्य हुन्। पशुपतिनाथको दर्शनार्थ परापूर्वकाल देखि नै देवी देवताहरू आउने परम्परा पाइन्छ। अद्यापि भारतबाट वर्षेनि लाखौंभक्तजन पशुपतिनाथको दर्शनार्थ आउँछन्। जीवनमा एक पटक पशुपतिनाथको दर्शन अनिवार्य गर्नुपर्छ भन्ने मान्यता हरेक हिन्दूमा विद्यमान छ।

मर्यादा पुरुषोत्तम श्रीराम नेपाल भूमिको धार्मिकतालाई हृदयङ्गम गर्दै तीर्थाटनार्थ गण्डकी र पशुपतिसम्म आउनु भएको प्रसङ्ग आनन्दरामायणमा उल्लेखित छ।°

चकार वासं तीर्थेषु धर्मान् कुर्वन् यथा सुखम्।

गण्डकी संगमे स्नात्वा नेपाले जगदीश्वरम्॥

आनन्दरा. या.का. ६ सर्ग। ७१

पशुपतिनाथको महत्त्व बुझेका भक्तराज प्रह्लाद आफ्ना वंशले गरेका पाप प्रक्षालनार्थ तीर्थयात्रा गर्दै पशुपतिको दर्शनार्थ आउनुभएको थियो ।

तत्रदेवं पशुपतिं लोकनाथं महेश्वरम् ।

सम्पूजयित्वा विधिवत् कामरूपं जगाम ह ॥ *वामनपु. ८३।६४*

पाशुपत क्षेत्रको महत्त्व दर्शाउँदै स्कन्दपुराण भन्दछ -

पाशुपत क्षेत्र देवताहरूको घर हो । देवता यस नगरीमा बसेर समस्त भक्तको मनोकामना पूर्ण गर्दछन् ।

पुण्यं पाशुपतं क्षेत्रं देवानां निलयो भवेत् ।

सुराणां नगरी भूता काममोक्षफलप्रदा ॥ *स्क.पु.हि.ख. ७१।६५*

पाशुपतक्षेत्रको महिमा अन्य तीर्थस्थलभन्दा धेरै गुना अधिक छ । स्कन्दपुराण हिमवत् खण्डको अनुसार चौध भुवनमा पाशुपत क्षेत्र दुर्लभ र श्रेष्ठ मानिन्छ । जम्बूद्वीपमा काशीपुरी र पाशुपतीपुरी भगवान् शिवको आश्रय स्थान हो । धर्म, अर्थ, काम, मोक्ष यी चार पुरुषार्थ प्रदान गर्ने हुनाले काशीपुरी भन्दा पनि चार गुना अधिक पूजनीय पाशुपतक्षेत्र मानिन्छ । काशीपुरीमा मानवलाई मोक्षप्राप्त हुन्छ परन्तु माहेश्वरीक्षेत्रमा अर्थात् पाशुपतक्षेत्रमा चारै पुरुषार्थ प्राप्त हुन्छन् । भगवती जगदम्बा गुह्येश्वरीको शक्तिक्षेत्रमा प्रादुर्भूत तेजोमय पशुपतिको मूर्ति हिमालयको दक्षिणमा हुनाले यो क्षेत्रलाई उत्तरकाशी पनि भनिन्छ ।

धन्या पुण्यतरा ज्ञेया पुरी पाशुपती मुने ।

द्विसप्तभुवनेष्वेषा भवेच्छ्रेष्ठा सुदुर्लभा ॥

जम्बूद्वीपे पुरी द्वे च रुद्रेणाधिष्ठितेऽनिशं ।

काशी पाशुपती साक्षात् समासते सुरालये ॥
काश्याश्चतुर्गुणं मान्या पुरी पाशुपती यतः ।
धर्मार्थकाममोक्षाणि यस्यां प्रलभ्यते किल ॥
मोक्षमेकं तु काश्या वै लभ्यन्ते जन्तुभिः सदा ।
उमामहेश्वरीपुर्यां चतुर्वर्गं घटोद्भव ॥
तस्मात् काश्या गरिष्ठा स्यात् पाशुपती पुरी वरा ।
प्रलभ्ययन्ते यतो लोकैश्चतुर्वर्गा ध्रुवं किल ॥
देव्याः स्थानोद्भवं लिङ्गं तेजोमयं चतुर्मुखम् ।
तस्मादुत्तरकाशीति हिमवद्दक्षिणे यतः ॥ *स्क पु.हि.ख. ७२। २-८*

पुराणहरूका अनुसार भगवान् शिवकै आराधनाले विष्णुले सुदर्शनचक्र प्राप्त गर्नु भएको थियो ।

रुद्रावतार हनुमान्‌को सहयोगले र सेतुबन्धको समयमा शिवोपासनाले श्रीरामले रावणादि दुष्टहरूको नाश गर्नुभएको थियो । शिवोपासनाले श्रीकृष्णले पुत्र प्राप्त गर्नुभएको थियो । शिवोपासनाले रावणले अतुल पराक्रम प्राप्त गरेको थियो । शुक्राचार्यले शिवोपासनाद्वारा मृतसञ्जीवनी विद्या प्राप्त गरेका थिए । यसैगरी लक्ष्मी, नर-नारायण, सतीदेवी, सावित्री, बृहस्पति, देवराज इन्द्र, अग्निदेव, वसिष्ठ, मार्कण्डेय, दुर्वासा, लोमश, गर्गाचार्य, अत्रि, वाल्मीकि, वेदव्यास, उपमन्यु, पुष्पदन्त, भगीरथ, भीष्मपितामह आदि अनन्त भक्तहरूले शिवोपासनाद्वांरा आफ्नो जीवन सफल बनाएका छन् । शिव देवता, दानव र मानव सबैका प्रिय देवता हुन् । उनको पशुपति नाम हरेक क्षणमा सार्थक मानिन्छ । हामी जस्ता अज्ञानी मानव नै पशु मानिन्छौं । हामी जस्ताका मालिक अर्थात् पति हुनाले

शिवलाई पशुपति भनिएको हो । पशुपतिका शरणमा नगई कुनै पनि अज्ञानी जीवको कल्याण सम्भव छैन । ज्ञान वा अज्ञानले भए पनि नेपाल नाम उच्चारणगर्दा मानव मुक्त हुने वचन स्कन्दपुराणमा पाइन्छ ।

नेपाल इति यो ब्रूयाज्ज्ञानतोऽज्ञानतोऽपि वा ।

नित्यकृतैनसा मुक्तस्तत्रैव जायते पुनः ॥ स्क.पु हि.ख ७२।२७

विश्वको एकमात्र हिन्दूहरूको बाहुल्य भएको देश नेपाल ऋषि, मुनि, देवताहरूको तपस्थल हो । तीर्थस्थलका रूपमा प्रतिष्ठित हाम्रो देश नेपालको बारेमा स्कन्दमहापुराणको हिमवत् खण्डमा व्यापक चर्चा परिचर्चा गरिएको छ । पशुपतिको महिमा दर्शाउने हिमवत् खण्डबाट उद्धृत पशुपति पुराणनै उपलब्ध छ । हिमवत् खण्डमा नेपालका हरेक क्षेत्रको विस्तृत व्याख्या पाइन्छ । धन्य हो नेपालभूमि ।

यस्तो पुण्यभूमिका हामी बासिन्दा आफ्नो कर्तव्य बिर्सी पाशुपत क्षेत्र लगायत अन्य धार्मिक सांस्कृतिक क्षेत्र, मठ-मन्दिरलाई दुर्गन्धित, पवित्र नदीहरूलाई अस्पृश्य, अपेय बनाइरहेका छौं, यस्तै हो भने भविष्यमा हरेक मानवले, अपितु पशु पक्षिले पनि हामीलाई प्रश्न गर्नेछन् । त्यो पवित्र स्थलको किन दुर्गति ? यी पावन नदी किन अस्पृश्य ? किन अपेय ? ती हाम्रा धरोहर मठ-मन्दिर किन अपूज्य ? बेला छँदै होस पुऱ्याउने कि ?

भगवान् विष्णु र उनका मूल अवतारहरू

परमेश्वर भगवान् विष्णु निराकार साकार दुवै रूपमा हुनुहुन्छ। भक्तका निमित्त साकार हुने प्रभुको वास्तविक स्वरूप निराकार हो।

भक्तार्थं सगुणो जातो निराकारोऽपि चिन्मयः ॥ पद्मपु. भा. मा. ३।५८

सर्वेश्वर भगवान् विष्णु नै ईश्वर हुन् भन्ने वास्तविकतालाई ब्रह्मपुराणले यसरी प्रतिपादन गरेको छ -

स च विष्णुः परं ब्रह्म यत :सर्वमिदं जगत्।

जगच्च यो यत्र चेदं यस्मिन् विलयमेष्यति ॥

तद् ब्रह्म परमं धाम सदसत्परमं पदम्।

यस्य सर्वमभेदेन जगदेतच्चराचरम् ॥

स एव मूलप्रकृतिर्व्यक्तरूपी जगच्च सः।

तस्मिन्नेव लयं सर्वं याति तत्र च तिष्ठति ॥

कर्ता क्रियाणां स च इज्यते क्रतुः।

स एव तत्कर्मफलं च तस्य यत् ॥

युगादि यस्माच्च भवेदशेषतो।

हरेर्न किञ्चिद् व्यतिरिक्तमस्ति तत् ॥ ब्रह्मपु. २३। ४१-४४

अर्थात् भगवान् विष्णु नै परब्रह्म हुन्, उनीबाट नै समस्त जगत् उत्पन्न भएको हो, जगत्स्वरूप उनै हुन्। उनीमा नै जगत् लय हुन्छ। परब्रह्म परमधाम स्वरूप उनै छन्। सत् असत् पनि उनै हुन् भने, परमपद पनि उनै हुन्। सम्पूर्ण चराचर जगत् उंनीभन्दा भिन्न छैन। उनै अथाकृत मूलप्रकृति र व्याकृत जगत् स्वरूप छन्। उनीमा

नै यो जगत् लय हुन्छ र उनैको आधारमा स्थित रहन्छ। क्रियाका कर्ता उनै हुन्, उनकै यज्ञद्वारा भजन गरिन्छ, यज्ञ पनि उनै हुन् भने, फल पनि उनै हुन्। युग आदि सबै उनीबाट नै प्रवृत्त हुन्छन्। श्रीहरि भन्दा भिन्न केही छैन।

वेदमा अनेकौं प्रकारले भगवान् विष्णुकै अनन्त महिमाको गान गरिएको छ -

न ते विष्णो जायमानो न जातो देव महिम्नः परमन्तमाप ॥

ऋग्वेद.७ / ९९ / २

हे विष्णुदेव ! कुनै यस्तो प्राणी छैन र हुँदैन जसले तपाईंको महिमाको पार पाओस्।

वैदिक पुरूष-सूक्तमा जुन परमात्मा तत्वको निरूपण गरिएको छ, त्यो विष्णुतत्व नै हो। श्रीहरिको महिमा सबै शास्त्र, पुराण वेदवेदाङ्गहरूमा गाइएको छ -

वेदे रामायणे पुण्ये भारते भरतर्षभ।

आदौ चान्ते च मध्ये च हरिः सर्वत्र गीयते ॥

हरिवंश पु. ३ / १३२ / ४५

श्रीवामन पुराणमा पुलस्त्यजीले नारदजीलाई विष्णुमहिमा युक्त सर्वफलप्रद विष्णुपञ्जर स्तोत्रको उपदेश यसरी गर्नुभएको छ -

नमो नमस्ते गोविन्द चक्रं गृह्य सुदर्शनम्।

प्राच्यां रक्षस्व मां विष्णो त्वामहं शरणं गतः ॥*वामन पु. १७ / २६*

यसरी प्रारम्भ हुने यो विष्णुपञ्जर स्तोत्रमा ११ वटा अति महत्त्वपूर्ण श्लोक अङ्कित छन्। यो स्तोत्र अग्निपुराणको अध्याय १३

मा स्वल्पान्तर रूपमा छ। ब्रह्मवैवर्तपुराण, विष्णुधर्मोत्तर आदि पुराणहरूमा यो दिव्य स्तोत्र वर्णित छ।

अवतारका तीन हेतु छन् - पहिलो अनुग्रह अर्थात् साधुपरित्राण, दोस्रो निग्रह अथवा दुष्कृतकारिको विनाश र तेस्रो धर्मसंस्थापन।

जुनसुकै नामले पुकारे पनि उनै नारायण नै उच्चारित हुने हुन्। जबजब धर्मको ह्रास हुन्छ, अधर्म बढ्दछ, सन्त सज्जनले दुःख पाउँछन् तब नारायण कुनै न कुनै अवतारका रूपमा अवतरित भएर अन्यायी, अत्याचारीहरूको नाश गरी धर्मको स्थापना गर्नुहुन्छ। स्वयं नारायणकै शब्दमा -

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत

अभ्युत्थानमधर्मस्य तदाऽऽत्मानं सृजाम्यहम्।

ब्र.पु., ५६। ३५-३६

यही श्लोक गीतामा अर्जुनलाई सम्बोधन गर्दै श्रीकृष्णले भन्नुभएको छ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत

अभ्युत्थानमधर्मस्य तदाऽऽत्मानं सृजाम्यहम्।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्

धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे॥

श्रीमद्भगवद्गीता ४। ७-८

आफूलाई पृथ्वीको भार हरण गर्न र साधू सज्जनको रक्षा गर्न हरहमेशा प्रस्तुत गर्ने नारायणका अनन्त अवतारहरू छन् जसको गणना गर्न सकिँदैन तथापि, केही महत्त्वपूर्ण अवतारहरूको चर्चा यहाँ

गरिन्छ। श्रीमद्भागवतमहापुराण प्रथमस्कन्छ तृतीय अध्यायका अनुसार -

प्रथम अवतार - सनक, सनन्दन, सनातन, सनत्कुमार यी ४ कुमारका रूपमा भयो जसले अत्यन्त कठिन अखण्ड ब्रह्मचर्यको पालन गरी ब्रह्मचर्यको महत्त्व जगत्लाई बताए।

द्वितीय - संसारको कल्याणका लागि समस्त यज्ञका स्वामी वराहको रूप धारण गरी रसातलमा रहेकी पृथ्वीको उद्धार गरेर हिरण्याक्षको वध गर्नुभयो।

तृतीय - नारद अवतार हो। जसले सात्त्वत तन्त्र (नारद - पञ्चरात्र) को उपदेश गर्नुभयो। यसमा कर्मद्वारा कसरी कर्मबन्धनबाट मुक्ति मिल्दछ भन्ने वर्णन गरिएको छ।

चतुर्थ - धर्मपत्नी मूर्तिका गर्भबाट नर-नारायणका रूपमा चतुर्थ अवतार ग्रहण गर्नुभएको छ। यो अवतारमा ऋषिमुनि भई मन इन्द्रिय संयम गरी कठोर तपस्या गरेको प्रसङ्ग प्राप्त हुन्छ।

पञ्चम - कपिलका रूपमा अवतरित हुनुहुन्छ। जो सिद्धाचार्य सांख्ययोगका प्रवर्तक मानिनुहुन्छ। जसले माता देवहूतिलाई सांख्यज्ञान प्रदान गरी मुक्तिको बाटो देखाउनु भयो।

षष्ठ - छैठौं अवतारमा अनसूया र अत्रिका पुत्रका रूपमा दत्तात्रय नाम धारण गरी अवतरित हुनुहुन्छ। जसले ब्रह्मज्ञानको उपदेश अलर्क एवं प्रल्हाद आदिलाई गर्नुहुन्छ।

सप्तम - रूचि प्रजापतिकी आकूति नामक पत्नीबाट भगवान्को यज्ञ रूपमा सातौं अवतार हुन्छ। जसले देवताको र स्वायम्भुव मनुकी रक्षा गर्नुभयो।

अष्टम - भगवान्‌ले नाभिकी पत्नी मेरूदेवीबाट ऋषभदेव नाम धारण गरी आठौं अवतार लिनुभएको हो।

नवम - पृथुको अवतार नवम हो। जसले पृथ्वी दोहन गरी समस्त देव दानव मानवको रक्षा गर्नुभयो।

दशम - चाक्षुष मन्वन्तरको अन्त्यमा जब समस्त पृथ्वी समद्रमा डुबिरहेको थियो। भगवान्‌ले मत्स्यावतार ग्रहण गरी वैवस्वत मनुसहित समस्त औषधीहरूको रक्षा गर्नु भयो।

एकादश - एघारौं अवतारमा देवता - दैत्य समुद्र मन्थन गरिरहेका अवस्थामा पर्न गएको विघ्नबाट रक्षा गर्न कच्छप अवतार भयो।

द्वादश - धन्वन्तरी रूपमा भगवान्‌को बाह्रौं अवतार भयो जसले समुद्रबाट अमृत र औषधीहरू ल्याई देवतालाई प्रदान गर्नुभयो।

त्रयोदश - मोहिनी अवतार भगवान्‌को तेह्रौं अवतार थियो मोहिनी रूपले दैत्यलाई मोहित गरी देवतालाई अमृत पान गराउनुभयो।

चतुर्दश - चौधौं अवतारमा नृसिंह भगवान्‌को प्रादुर्भाव भयो। जसले भक्तराज प्रल्हादको रक्षार्थ एवं भक्तहरूको कल्याणार्थ दैत्यराज हिरण्यकश्यपुको अन्त्य गर्नुभएको थियो। भक्तराज प्रह्लादले यस प्रसङ्गमा नवधा भक्ति प्रचार गर्नुभएको हो -

श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम्।
अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम्॥

श्रीमद्भागवत ७।५।२३

पञ्चदश - वामनावतारका रूपमा भगवान्को पन्ध्रौं अवतार भएको हो । जसले दैत्यराज बलिको यज्ञमा गई तीन पाउ भूमि मागी त्रिलोक नै नापी बलिलाई सुतललोक र देवतालाई स्वर्गलोक प्रदान गर्नुभयो । यसको विस्तृत चर्चा वामनपुराण, श्रीमद्भागवतमहापुराण, विष्णुपुराण आदि प्राय जसो सबै पुराणमा प्राप्त हुन्छ ।

षोडश - सोह्रौं अवतार परशुरामको हो । जसले समस्त ब्राह्मण द्रोही क्षत्रियहरूको २१ चोटीसम्म समस्त भूमण्डल घुमी घुमी नाश गऱ्यो ।

सप्तदश - पराशर र सत्यवतीका पुत्र रूपमा वेदव्यास (कृष्ण द्वैपायन) नाम धारण गरी भगवान्को सत्रौं अवतार भयो । जसले पुराण र वेदको रचना गरी संसारमा धर्मको प्रचार गर्नुभयो ।

अष्टादश - अठारौं अवतारका रूपमा भगवान् श्रीराम भूमण्डलमा अवतरित हुनुभयो । भगवान् श्रीरामका चरित्र अनन्त छन् । श्रीराम दशरथ र कौसल्याका पुत्रका रूपमा जन्मनुभएको थियो । मुख्य रूपमा भूभार हरणका लागि देवताहरूको प्रार्थना स्वीकार गरी स्वयं नारायण नै राम, भरत, लक्ष्मण र शत्रुघ्नको रूपमा पाल्नुभएको हो । ताडका, सुबाहु, मारीच, खर, दूषण, त्रिशिर, विराध, कुम्भकर्ण, इन्द्रजीत, रावण आदि सहस्रौं दुष्ट दानवहरूको अन्त्य गरी चौधवर्षको बनवास जीवन व्यतीत गरे, आफ्नी अर्धाङ्गिनी जानकीका साथमा एघार हजार वर्षसम्म अयोध्याका राजा भई समस्त प्रजाहरूको पुत्रवत् पालन गर्नुभएको अद्भुत प्रसङ्ग आनन्दरामायण, वाल्मीकिरामायण, अध्यात्म रामायण, पद्मपुराण, श्रीमद्भागवत महापुराण आदि प्राय जसो सबै पुराणहरूमा मर्यादा पुरूषोत्तम श्रीरामको दिव्य चरित्र वर्णित छ । जसबाट हामीले पाइला

पाइलामा जीवनोपयोगी ज्ञान प्राप्त गर्दछौं । श्रीरामका सहयोगी स्वयं रूद्रका एकादश अवतार हनुमानजी हुनुहुन्थ्यो । कूर्मपुराणको पूर्वभाग बीस अध्यायमा भगवान् श्रीरामको चरित्र चित्रण साह्रै सुमधुर तरिकाले गरिएको छ ।

ततः स रामो बलवान् सार्धं हनुमता स्वयम् ।

लक्ष्मणेन च युद्धाय बुद्धिं चक्रे हि रक्षसाम् ॥

कृत्वाथ वानरशतैर्लङ्कामार्गं महोदधेः ।

सेतुं परमधर्मात्मा रावणं हतवान् प्रभुः ॥

सपत्नीकं च ससुतं सभ्रातृकमरिंदमः ।

आनयामास तां सीतां वायुपुत्र सहायवान् ॥

कूर्मपु.- पूर्वभाग २० । ४४-४६

अर्थात् बलवान् भगवान् श्रीरामले हनुमान तथा लक्ष्मणका साथमा राक्षससँग युद्ध गर्ने निश्चय गरी महासमुद्रमा पुल निर्माण गरेर शत्रुहन्ता प्रभु श्रीरामले वायुपुत्र हनुमान र वानरी सेनाको सहयोग लिई पुत्र बन्धुबान्धव सहित रावण मारी माता जानकीलाई सकुशल लिएर आउनुभयो ।

उन्नाइस र बीसौं - अवतार श्रीकृष्ण र बलरामका रूपमा भयो । श्रीकृष्ण र बलरामले समस्त अन्यायी अत्याचारी राजा र राक्षसहरूको अन्त्य गरी धर्मको स्थापना गरेको प्रसङ्ग विष्णुपुराण, श्रीमद्भागवतमहापुराण, ब्रह्मवैवर्तपुराण, गर्गसंहिता आदि अनेकौं ग्रन्थ र पुराणहरूमा पाइन्छ । श्रीकृष्णलाई साक्षात् परब्रह्मका रूपमा व्यासजीले वर्णन गर्नुभएको छ -

एते चांशकला: पुंस: कृष्णस्तु भगवान् स्वयम् ।

इन्द्रारिव्याकुलं लोकं मृडयन्ति युगे युगे ॥

श्रीमद्भागवत, प्र.स्क. ३ . २८ ।

कारागारमा रहेकी देवकीका गर्भमा जब नारायण पाल्नुभयो समस्त ब्रह्मादि देवता गर्भस्थ प्रभुको स्तुति गर्न त्यहाँ उपस्थित भएका थिए-

ब्रह्मा भवश्च तत्रैत्य मुनिभिर्नारदादिभिः ।

देवैः सानुधरैः साकं गीर्भिर्वृषणमैडयन् ॥ *श्रीमद्भा. १०। २। २५*

वसुदेव र देवकीका पुत्र रूपमा मथुराको कारागारभित्र जन्मनुभएका भगवान् श्रीकृष्णको बाल्य जीवनको आनन्द नन्दबाबा र यशोदा मातालाई प्राप्त भयो । पूतना, शकटासुर, तृणावर्त, वत्सासुर, यमलार्जुनको उद्धार, बकासुरको उद्धार, अघासुरको उद्धार भगवान् श्रीकृष्णको हातबाट हुन्छ । मोहग्रस्त ब्रह्माको जब मोहनाश हुन्छ तब लज्जित र नतमस्तक भएका ब्रह्माले यसरी स्तुति गर्नुहुन्छ -

नारायणस्त्वं न हि सर्वदेहिना -

मात्मास्यधीशाखिललोकसाक्षी ।

नारायणोऽङ्गं नरभूजलायना

तच्चापि सत्यं न तवैव माया ॥ *श्रीमद्भा.म.पु. १०। १४।१४*

अर्थात् हे प्रभु ! तपाईं नै समस्त जीवको आत्मा हो । त्यसैले हजुर नारायण मानिनुहुन्छ (नार-जीव र अयन-आश्रय) तपाईं समस्त जगत् र जीवको आश्रय हो । साक्षी तपाईं नै हो दृश्यमान जगत् अंश रूप हो र पनि सत्य होइन । ब्रह्म सत्यं जगन्मिथ्या यो उक्ति

चरितार्थ हजुरले नै गर्नुभएको छ। भगवान् नारायण नै श्रीकृष्ण हुन् भने, श्रीकृष्ण नै परब्रह्म र सर्वव्यापक हुन् भन्ने यथार्थलाई भागवतको यो श्लोकले पुष्टि गर्दछ -

यावद् वत्सपवत्सकल्पकवपुर्यावत् कराङ्घ्र्यादिकं
यावद् यष्टिविषाणवेणुदलशिग् यावद् विभूषाम्बरम्।
यावच्छील गुणाभिधाकृतिवयो यावद् विहारादिकं
सर्वं विष्णुमयं गिरोऽवदजः सर्वस्वरूपो बभौ।

श्रीमद्भा.पु. १०, १३।१९

अर्थात् जुन समय ब्रह्माले कृष्ण भन्ने साधारण बालक हो या परब्रह्म हो विचार गर्नुपर्‍यो भनी जङ्गलमा गएका अवस्यामा गाई बाच्छा र बालकहरूलाई लुकाए। ब्रह्माको कुचाल भन्ने बुझी श्रीकृष्णले जति बालक, बाच्छा, उनीहरूको रङ्ग रूप आनी बानी, हात गोडा, लट्ठी, सिंग, वासुरी, वस्त्र, गर-गहना, शीलस्वभाव, गुणनाम रूप, अवस्था जस्तो जस्तो जे जे थियो खानेपिउने, हिँड्ने डुल्ने जस्तो बानी थियो स्वयं सबै त्यस्तै भई आफू सर्वव्यापक भएको उदाहरण प्रस्तुत गर्नुभयो।

भगवान् विष्णुले कृष्णावतारमा पूतना, शकटासुर, तृणावर्त, वत्सासुर, बकासुर, धेनुकासुर, अरिष्टासुर, केशी आदि दैत्यहरूको वध गरी कालीय दमन, चीरहरण, गोवर्धन धारण, महारास, कंसवध, विवाहादि लीला, महाभारतको संहारलीला आदि अद्‌भुत लीला गरी १२५ वर्षसम्म भूमण्डलमा रही भक्तहरूको हृदयमा आफ्नो दिव्यविग्रहको स्थापना गर्नुभएको प्रसङ्ग प्रायः अठारै पुराणमा पाइन्छ।

एक्काइसौं - बुद्धावतार हो। जसले देवताका द्वेषी दैत्यलाई मोहित गरी अहिंसा धर्मको प्रचार गरे।

बाईस - बाईसौं अवतार कल्कि रूपमा हुनेछ। विष्णुयश नामक ब्राह्मणका घरमा कलियुगको अन्त्यतिर कल्कि अवतार हुनेछ। जसले दुष्ट राजाहरूको अन्त्य गरी सत्ययुगको स्थापना गर्नेछन्।

अथासौ युगसंध्यायां दस्युप्रायेषु राजसु।

जनिता विष्णुयशसो नाम्ना कल्किर्जगत्पतिः॥

श्रीमद्भा.पु. १।३।२५

यसैगरी हंसावतार र हयग्रीवावतार गरी चौबीस अवतार मूलरूपमा चर्चित छन्।

यसरी भगवान् विष्णुले जब जब अन्यायी अत्याचारीहरूको बाहुल्य भई सज्जन सन्तले दुःख पाए तब तब नाना अवतार ग्रहण गरी भक्तहरूको रक्षा गर्नुभएको छ।

भगवान् विष्णुका असंख्य अवतारहरू छन् जसमा मुख्य मुख्यको संक्षेपमा यहाँ चर्चा गरियो।

हामी सबैको मन उनका चरणारविन्दमा सदा लागिरहोस्।

यसरी विभिन्न विषयमा केन्द्रित रहेर पुराणमा रहेको सारवस्तुलाई संक्षेपीकरण गरी सामान्य रुपमा सबैको जानकारीका लागि छोटो प्रयास गरिएको हो। यसबाट अवश्य पनि केही लाभ लिन सक्नु हुनेछ।

धन्यवाद!



सन्दर्भग्रन्थसूची

वाल्मीकि, आनन्दरामायण, रामतेज पाण्डेय, (सम्पा.) २०७२ चौखम्बा संस्कृत प्रतिष्ठान, जवाहर नगर, दिल्ली ।

व्यास, वेद, कूर्मपुराण, प.सं. २०६७, गीताप्रेस, गोरखपुर ।

व्यास, वेद, वाराहपुराण, ऋषिकेश शास्त्री सम्पा.), द्वि.सं. सन् १९८२, चौखम्बा अमरभारती प्रकाशन, वाराणसी ।

व्यास, वेद, विष्णुपुराण, मुनिलाल गुप्त सम्पा.), एका.सं. २०४४, प्रकाशक - गोविन्दभवन कार्यालय, गीताप्रेस, गोरखपुर ।

व्यास, वेद, लिङ्गपुराण, नागशरण सिंह (सम्पा.), २००९, नाग पब्लिशर्स, जवाहर नगर, दिल्ली ।

व्यास, वेद, शिवमहापुराण, रामतेज पाण्डेय, (सम्पा.) २००८ चौखम्बा विद्याभवन, वाराणसी ।

व्यास, वेद, श्रीमद्भागवत महापुराण, सप्तपञ्चासद् सं. २०६३, गीताप्रेस, गोरखपुर ।

व्यास, वेद, श्रीवामनपुराण, च.सं. २०६६, गीताप्रेस, गोरखपुर ।

व्यास, वेद, स्कन्दपुराण, द्वि.सं. २०६७, चौखम्बा संस्कृत सीरिज आफिस, वाराणसी ।

व्यास, वेद, स्कन्दपुराण हिमवत् खण्ड, अनुवादक प्रा.डा.वेणीमाधव ढकाल, २०७५, विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौ ।

आचार्य, गर्ग, गर्गसंहिता, गीताप्रेस, गोरखपुर ।

व्यास,वेद, अध्यात्म रामायण, उन्ना.सं. २०४५, गीताप्रेस, गोरखपुर ।

व्यास वेद, नरसिंहपुराण, न.सं. २०६७, गीताप्रेस, गोरखपुर ।

व्यास वेद, पद्मपुराण, नागशरण सिंह (सम्पा.), २००९, नाग पब्लिशर्स, जवाहर नगर, दिल्ली ।

व्यास वेद, ब्रह्मवैवर्तमहापुराणम्, २०१३, प्रकाशक-राधाकृष्ण मोर ५ क्लाइव रोड, कलकत्ता ।

व्यास वेद, ब्रह्मपुराण, नागशरण सिंह (सम्पा.), तृ.सं. २००७, नाग पब्लिशर्स, जवाहर नगर, दिल्ली ।

व्यास वेद, ब्रह्माण्डपुराणम्, चौखम्बा संस्कृत सीरिज, वाराणसी ।

व्यास वेद, भविष्यपुराण, राधाकृष्ण मोर (सम्पा.), २००९, ५ क्लाइव रोड, कलकत्ता ।

व्यास वेद, महाभारत, रामनारायण शास्त्री (सम्पा.), ष.सं., २०४५ गोविन्दभवन कार्यालय, गीताप्रेस, गोरखपुर ।

व्यास वेद, मार्कण्डेयपुराण, मनुसुखराय मोर (सम्पा.), २०१८, गोपाल प्रिण्टिङ्ग वर्क्स, कलकत्ता - ६ ।

व्यास वेद, वायुपुराणम्, चौखम्बा अमरभारती प्रकाशन वाराणसी ।

व्यास वेद, श्रीमद्देवीभागवत, २०७३ गीताप्रेस गोरखपुर ।

व्यास वेद, हरिवंशपुराण, रामनारायण दत्त (सम्पा.), ष.सं. २०४८, गोविन्दभवन कार्यालय, गीताप्रेस, गोरखपुर ।

ऋग्वेद, आचार्य वेदान्त (सम्पा.) २००८ मनोज पब्लिकेशन्स,मेनरोड, बुराडी, दिल्ली ।



नवराज घिमिरे

जन्म - आश्विन २०२९, महोत्तरी

माता - गुह्येश्वरी घिमिरे

पिता - स्व. श्रीशिवप्रसाद घिमिरे

शैक्षिक योग्यता - आचार्य (इतिहास पुराण) प्रथम श्रेणी

सम्बद्ध - सह-प्राध्यापक (ने. सं. वि.) वाल्मीकि विद्यापीठ

प्रकाशित कृति - पुष्पगुच्छा (छन्दोबद्ध कविता संग्रह)

मनोभाव (छन्दोबद्ध कविता संग्रह)

पञ्चदेवता (पौराणिक अनुसन्धानात्मक कृति)

पौराणिक दृष्टिमा (अनुसन्धानात्मक कृति)

मण्डप देवता (षोडशमातृका, सर्वतोभद्र, नवग्रह विशेष)

पुराण-चिन्तन भाग१ (अनुसन्धानात्मक कृति)

पुराण -चिन्तन भाग२ (अनुसन्धानात्मक कृति) हजुरहरुका हातमा ।

विभिन्न पत्रपत्रिकामा लेख रचना कविता आदि ।

प्रकाशोन्मुख कृति- स्मरण (शोक खण्डकाव्य)

सम्पर्क स्थान

वाल्मीकि विद्यापीठ

इतिहास पुराण विभाग

एवं

सूर्यविनायक-६ चुनदेवी भक्तपुर

फोन नं -०१५०९२३४२,९८६०३१९६७३

